शुभारम्भ

प्रा. डा. देवी नेपाल

कवि नीलहरि शर्मा सुवेदी नेपाली छन्दकविताको पछिल्लो चरणका तर लोकशैलीका कवितासिर्जनामा सक्रिय कविप्रतिभा हुनुहुन्छ । नेपाली छन्दकविताको वर्तमान पुनर्जागरण कालमा एकातिर छन्दकविताको स्तरीकरण र मानकीकरणका लागि अनेकौं प्रयासहरू भइरहेका छन् भने अर्कातिर शास्त्रीय छन्दका नियम, व्याकरणिक अनुशासन र भाषिक मानकस्वरूपको बन्धनमा नपर्ने लोकपद्य, कवित् वा सिलोक परम्पराका कविताहरू लेख्ने प्रचलन पनि यथावत रहेको देखिन्छ। यी दुई परम्परामा कवि सुवेदी दोस्रो शैलीका कवि हुनुहुन्छ। उहाँका कवितामा गाउँघरमा बिहे आदिमा खेलिने सिलोक, दोहोरी वा कुनै पनि मेलापातका सन्दर्भहरूलाई विषय बनाइएको पाइन्छ । कवि सुवेदीको यो 'भावमञ्जरी' कवितासङ्ग्रहका रचनाहरू शीर्षकजस्तै भावका मञ्जरीहरू हुन् । यिनमा शिल्पगत अनुशासन खोज्नथालियो भने पाइँदैन । अनुभूतिको उन्मुक्त आवेग र प्रस्तुतिको स्वच्छन्द प्रवाहशीलता सुवेदीका कविताका चिनारी हुन् । विषयवस्तुको छनोट तथा भावगत व्यापकताका दृष्टिले यी कविता सुन्दर छन् तापनि छन्दमा लेख्न खोजिएका कविताहरू छन्दमा नै मिलेका भए छन्दकविताप्रेमीहरू अझै हर्षित हुने थिए भन्ने अपेक्षा चाहिँ यो कवितासङ्ग्रह पढ्ने हरेक पाठकलाई हुनसक्छ । आफ्नो निर्बन्ध अनुभूतिका प्रवाहलाई एकत्रित गरी 'भावमञ्जरी' नामक प्रस्तुत कवितासङ्ग्रह प्रकाशित गर्नुहुने कवि सुवेदीलाई सहर्ष बधाई ज्ञापन गर्दै आगामी दिनमा साँच्चै छन्दको नियमको पालना गरिएका सुन्दर, सशक्त, युगीन र कालजयी सिर्जनशीलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

-प्रा.डा.देवी नेपाल (कवि नीलहरि सुवेदीको कवितासङ्ग्रह 'भावमञ्जरी'को भूमिकाबाट साभार)

❖ सम्पादकीय

उच्चपदस्थहरूको छिमेकको भ्रमण र सहयोग आदानप्रदानको अपेक्षा

हाम्रो मुलुक दुई विशाल छिमेकीका बिचमा रहेका कारण दुबै छिमेकीसँग समदूरीको सम्बन्ध कायम राख्नु हाम्रो बाध्यता रहेको छ । भूगोलका हिसाबले, तीनतिरबाट घेरिएको हिसाबले र जनजीविका, संस्कार, संस्कृति, भाषाका हिसाबले भारत अलि बढी नजिकजस्तो लाग्ने अनि भौगोलिकताका आधारमा, भाषाका आधारमा चीन अलि परकोजस्तो लाग्ने देखिए पनि राज्यले समदूरीको सम्बन्ध राख्नुको अर्को हाम्रो विकल्प रहेको छैन ! हुन त अलि बलियाले निर्धा, दुब्ला वा अशक्तलाई हेप्ने वा अँचेट्न खोज्ने वा आफ्नो इसारामा चलाउन खोज्ने कुरा एक प्रकारले प्राकृतिक नियम नै हो तर पनि कहिलेकसो हामी छिमेकीहरूबाट अलि बढी नै दपेटिएको महसुस गर्छौं, गरिरहेका छौं । त्यसमा पनि भारतले हामीलाई पटक पटक उसको स्वार्थअनुकूल काम नगरिदिएको बहानामा नाकाबन्दी नै लगाएर झन्डै झन्डै दादागिरीकै शैली प्रदर्शन गरेको छ ! दुःख दिएको छ ! यो हामी नेपाली जनताले अनुभूत गरेको सत्य हो । भूगोलले सानो भए पनि एउटा सार्वभौम मुलुकलाई आफ्नो स्वार्थअनुरूप नगर्दा नाकाबन्दीजस्तो कठोर व्यवहार गर्नु वा देखाउनु अनि 'मुखमा रामराम बगलीमा छुरा'को वयवहार देखाउनु निश्चयै पनि सुखद पक्ष होइन । नेपाली जनताले भारतका प्रति कालान्तरसम्म मन कुँड्याइरहने विगतका भोगाइ अन्तस्करणमा राख्नुपरिरहेको छ !

राम्रो-नराम्रो, असल-खराब जेजस्तो भए पनि छिमेकीलाई व्यहोर्नै पर्छ, व्यहोर्नुको विकल्प हुँदै हुन्न । अर्थात् छिमेकी परिवर्तन गर्न वा साट्न वा फेरबदल गर्न सकिन्न । त्यसैले हाम्रो देशको सरकारले जहिल्यै पनि छिमेकीले सद्व्यवहार गरिदिउन्, असल छिमेकी भनेर गौरव गर्न पाइयोस् र आवश्यक पर्दा सरसहयोग पनि पाइयोस् भन्ने अपेक्षा राख्ने गरेको छ र नयाँ सरकार बनेपछि वा राज्यले छिमेकीको सहयोगको अपेक्षा महसुस गरेपछि वा देखिएका समस्याहरूको निराकरण गर्नेसमेतको प्रयोजनले ठुला छिमेकीहरूकहाँ सरकार प्रमुखले भ्रमण गर्ने, देखिएका समस्याको निराकरणका प्रयत्न गर्ने, छलफल गर्ने, बहस गर्ने र सरसहयोगको अपेक्षा गर्ने पद्धतिको विकास धेरै पहिलेदेखि नै भएको छ र त्यही पद्धतिको निरन्तरताका प्रयास अद्यापि भइरहेका छन् । वेला वेलामा ने पालका सरकारप्रमुखहरूले दक्षिणलाई पहिलो प्राथमिकतामा राख्ने र उत्तरलाई पछिल्लो प्राथमिकतामा राख्ने गरेको भन्ने आरोप पनि लाग्ने गरेको सुनिन्छ तर यथार्थ चाहिँ के हुनसक्छ भने जसले 'आइज' भनेर निमन्त्रणा गर्‌यो त्यसैकोमा पहिले जाने हो नि । अर्थात् बोलाउनेले पनि आफ्नो अनुकूलता हेरेर बोलाउने र जानेले पनि सबै अनुकूलता मिलाएर केही आवश्यक पर्ने तयारी गरेर जाने हो नि । यस्ता झिनामसिना भ्रमले पनि भ्रमणका बारेमा वेलामौकामा राम्रै भ्रम छर्ने वा बजार तताउने गरेको पाइन्छ वा भनौं चियाको कपमा तुफान ल्याउने प्रयत्न गरेको पाइन्छ !

सामान्यतया के देखिएको छ भने सरकारप्रमुख छिमेकी मुलुकमा भ्रमणमा

जाने, हाम्रा आवश्यकताका विषयलाई प्राथमिकतामा राखेर छलफल वा बहस गर्ने र दुई पक्षको हित हुनेगरी भनी केही सम्झौता पनि गर्ने गरेको पाइन्छ । त्यसपछि स्वदेश फर्किएर 'सौहार्द्रपूर्ण छलफल भयो, छिमेकीसँग देखिएका सबै समस्याको निराकरण हुने भए, सम्बन्ध सामान्यीकरण भयो, नवीकरण भयो ' भनेर निकै हल्लीखल्लीका साथ खुलासा गर्ने, डङ्का पिट्ने अनि केही दिनका लागि भाषणको विषय बनाउने पनि गरेको देखिन्छ तर समस्याको निराकरण चाहिँ नभएर जस्ताको तस्तै रहने, दुइटा सरकार प्रमुखले गरेको सम्झौताको कार्यान्वयन नै नहुने, एउटा छिमेकीसँग गरेका छलफल, बहस र सम्झौताका प्रति अर्को छिमेकीले नकारात्मक रूपमा लिने र हाम्रो सरकारलाई असहयोगको नीति लिइहाल्ने असहिष्णु प्रवृत्ति पनि पटक पटक देखिएको छ ! यो प्रवृत्ति दुबैतिरबाट देखिन्छ तापनि दक्षिणतिरबाट अलि बढी अनुभूत हुने गरेको पाइन्छ ! भेटमा छलफल हुने, बहस हुने तर आफूलाई असजिलो हुने कुरामा प्रवेशै नगर्ने, केही दिएजस्तो गर्ने तर त्यसमा पनि आफ्नो स्वार्थ कतै न कतैबाट घुसाइहाल्ने प्रवृत्ति छिमेकीहरूको रहेको देखिन्छ ! अझ पहिले पहिले 'दक्षिणले बढी यस्तो प्रवृत्ति देखाउँछ तर उत्तर चाहिँ तटस्थ नै रहन खोज्छ' भन्ने गर्दथे विज्ञहरू । तर अहिले उत्तरले पनि आफ्नो स्वार्थ कतै न कतै, कुनै न कुनै तरिकाले घुसाउन थालेको छ भन्न थाले का छन् !

हाम्रो देशको विडम्बना चाहिँ सरकार कहिल्यै पनि दरा खुट्टा टेक्नै नसक्ने, 'सिमको किलो हल्लिएसरि' छिमेकीको इसाराको पालना गर्ने, छिमेकी रिसाउला कि भनेर दुई देशका सरकारप्रमुखले गरेका सम्झौताको पालना नै नगर्ने वा कार्यान्वयनको तहमा जाँदै नजाने भएपछि दाता छिमेकी त रुष्ट हुने नै भयो, उसले खुलेर फेरि फेरि सहयोगका हात नबढाउने पनि भयो नै; सँगसँगै सरकारको विश्वसनीयता पनि समाप्त भएर जाने अवस्था सिर्जना भइरहेको छ ! त्यसमा पनि एउटा सरकारले गरेको सम्झौता अर्को सरकार फेरिनासाथ अर्को छिमेकीको इसारमा कार्यान्वयन नगर्ने कुराले थप अविश्वसनीयता पैदा गरिरहेको छ ! अनेक प्रकारका आशङ्का गर्ने, कार्यान्वयन नै गर्ननसक्ने, आफ्नो क्षमताको विकास चाहिँ नगर्ने अनि थप अपेक्षा राख्ने, क्षमता अभिवृद्धि गर्ने थोरै प्रयत्नसम्म पनि नगर्ने, तो किएको समयमा कहिल्यै कार्यसम्पादन नगर्ने, सरकारको तर्फबाट गर्नुपर्ने सहजीकरणका लागि तदारुकता देखाउँदै नदेखाउने, सकेसम्म पन्छाउने वा पन्छिने, कमिसनतन्त्रलाई बढावा दिनेजस्ता हाम्रा प्रवृत्ति वा कार्यशैलीले पनि छिमेकीको मन जित्न नसकेको देखिन्छ। हाम्रा उच्चपदस्थहरू अर्थात् प्रधानमन्त्री, मन्त्री, निजामती सेवाका उच्चपदस्थहरू पनि छिमेकी मुलुक वा विकसित मुलुकमा भ्रमणका लागि गएका छन्, गइरहेका छन् तर त्यहाँबाट फर्केपछि विकासको गति कसरी अगाडि बढाउनुपर्दो रहेछ ? नीतिगत सुधार केकस्तो गर्नुपर्दो रहेछ ? कार्यान्वयनको पाटोलाई कसरी सशक्त पार्नुपर्दो रहेछ ? भन्ने पक्षमा सिन्को नै भाँचिएको देखिएन ! ३०० मिटर सुविधायुक्त ठाउँको बाटो बनाउनका लागि ठेक्का दिएको सात सात वर्षसम्म पनि काम नहुनु, काम नगर्नेलाई कारवाही हुनुको सट्टा संरक्षण प्रदान गरिनुले हामीलाई सहयोग दिएर जनताको तहसम्म त्यो सहयोग सहजै पुगिहाल्छ भन्ने विश्वास नै छिमेकीले गरिरहेका छैनन् ! यस्तो अवस्थामा हाम्रा छिमेकीबाट हामीले थप सहयोगको अपेक्षा गर्नुको के अर्थ

छ ? भाषणले वा मुखले आकाशकै तारा झारिदिने तर काम चाहिँ पटक्कै नगर्ने ! देश र जनताको दुहाइ दिने वा दिइरहने तर जनताको हितमा कामै नगर्ने ! अवसर पाउँदा पनि काम गर्ननसक्ने हाम्रो शैली अत्यन्त निराशाजनक छ !

हाम्रा दुबैतिरका छिमेकीहरू अहिले शक्तिराष्ट्रका रूपमा उदाएका छन्, उदाइरहेका छन् । उनीहरू अर्जुनदृष्टि राखेर काम गरिरहेका छन् । समयसीमा नै तोकेर ठुलाभन्दा ठुला योजना कार्यान्वयन गरिरहेका छन्, विश्वसँग प्रतिस्पर्धा गरिरहेका छन् तर हामी भने तीन सय मिटर बाटो कालोपत्र गर्न सात वर्ष लगाइरहेका छौँ ! त्यसो भए हाम्रो यो कछुवागतिलाई यी विकसित मुलुकले किन स्वीकार गरिरहनुपर्छ त ? जब हामी छिमेकीलाई विश्वासमा लिएर कामै गर्नसक्तेनौँ तब फेरि थप सहयोग को हाम्रो अपेक्षा कसरी पूरा हुनसक्छ र ? हामी माग्नेको तहबाट कहिले माथि उठ्छौँ ? र कार्यसम्पादनको यो कछुवागतिलाई कहिले लसम्म कायम राखिराख्छौँ ? हामी कहिलेसम्म आफ्नो कार्यसम्पादनको गति बढाउन तयार रहँदैनौँ ? काम नगर्ने कामचोर, भ्रष्ट र अनैतिकहरूलाई काखी च्यापेर उनीहरूलाई कानुनभन्दा पनि माथिका भनेर देखाउने प्रयत्न निर्लज्जरूपमा प्रदर्शन गरिरहेको नेपाली राजनीति वा नेतृत्वले कार्यशैलीमा सुधार गर्नसक्तैन भन्ने कुरा छिमेकीहरूले पनि नियालेर हेरिरहेका हुन्छन् त्यसैले उनीहरू यतिखेर हाम्रो नेतृत्वलाई विश्वास गरिरहेका छैनन् ! सम्मानकै लागि उनीहरू बाहिर खुलेर भन्दैनन् तापनि उनीहरूको व्यवहारले 'यिनीहरूसँग कुनै सम्झौता नै गरियो भने पनि त्यो कार्यान्वयनको तहमै जाँदैन, वा कार्यान्वयनको तहमा लैजान नै सक्तैनन् भने सम्झौता गर्नुको के अर्थ हुन्छ ?' भन्ने मूल्याङ्कन उनीहरू गरिरहेका छन् भन्ने प्रस्टै देखिन थालेको छ ! हाम्रा सरकारप्रमुखले छिमेकी सरकारप्रमुखलाई भेट्न गरेको आग्रहलाई धेरै वास्ता नगर्नु वा समय दिन नचाहनुमा पनि हाम्रा सरकारप्रमुखहरूको कार्यशैली जिम्मेवार छ भन्ने पुष्टि भइरहेको छ ।

एकपटक विश्वास गुमाएपछि फेरि फिर्ता ल्याउनु त्यति सहज कुरा होइन । उत्तरतिरको छिमेकीसँग हाम्रा राष्ट्रपति नै गएर गरेका सम्झौता कार्यान्वयनमा विगतको हाम्रो सरकार जिम्मेवार नै देखिएन ! हाम्रो यो कार्यशैलीलाई उनीहरूले आफ्नो अपहेलना भएको ठान्नु कुनै आपत्तिजनक कुरा हुँदै होइन । हाम्रो ढिलासुस्तीयुक्त कार्यशैली, दण्ड र पुरस्कारको नीति नै अवलम्बन नगरी बेइमान, भ्रष्ट र कामचोरलाई नजिक राख्ने वा काखी च्यापेर अनि आफूले एक वर्षमा गरिसक्छु भनी जिम्मा लिएको काम सात सात वर्षसम्म नगर्दा पनि कारवाही गर्नुको सट्टा संरक्षण गर्ने प्रवृत्ति देखेर, सिकेर हाम्रो देशमा विकासनिर्माणको ठेक्का लिने चिनियाँहरू पनि आफ्नो देशमा रातदिन काम गर्ने र समयमै योजना सम्पन्न गर्ने कार्यशैली बिर्सिएर नेपाली ठेकदारसरह बनेका दृष्टान्त पनि हामीले देखेका छौँ, भोगेका छौँ ! ठेकेदारहरूको यो कार्यशैलीको सिकार भने जनता भएका छन् र अत्यन्त कष्टकर जीवन निर्वाह गर्न बाध्य छन् ! यस्तो अवस्थामा पनि जनता भने ठेकेदारप्रति होइन सरकारप्रति आँला ठड्याइरहेका छन्, सरकारको नालायकीको खुलेर विरोध गरिरहेका छन् तर हाम्रो देशको सरकारमा बस्नेहरूको छाला गैँडाको जस्तो भएका कारण सुन्ने दायित्वबोध पनि गरिरहेका छैनन् ! यस्तो अवस्थामा छिमेकीसँगको थप सहयोगको अपेक्षा पूरा होला र ?

-रमेश पोखरेल

यस अङ्कमा

विशेष संवाद

रचना ...-*बखतबहादुर थापा/१०*

गजल/कविता/मुक्तक

गजल - *लीलाराज दाहाल/२१*

बाटो- *मीरा मञ्जरी/३१*

मुक्तक -*ध्रुवकृष्ण ताम्राकार/३५*

सत्ताको... -*गोविन्द पौडेल/४९*

मुक्तक -*गोविन्दबहादुर कुँवर/५३*

न्युयोर्कले... -*ओमप्रसाद कोइराला/५४*

स्पर्श... -*कल्पना अधिकारी भट्टराई/५५*

हिजो -*डा. गोविन्दप्रसाद आचार्य/५७*

अनुवाद कविता/लघुकथा

प्रयत्न गरेर...-*अश्विनी कुमार त्रिपाठी/१९*

जन्तु/बोको-*मनोज चौहान/२०*

कथा

जीवन... -*बिन्दु अधिकारी ढकाल/३६*

समिरको.. -*पद्मप्रसाद शर्मा/५६*

यसपटक

चन्द्रबहादुर लामा/७

समालोचना/बहस/समीक्षा

उपन्यास... - *प्रा.डा. खेम दाहाल/२२*

रातो.. *नवराज श्रेष्ठ/३२*

राजनीतिक.. -*प्रा.डा. हेमनाथ पौडेल/३८*

मनै.. -*प्रदीप सापकोटा/५०*

स्थायी स्तम्भ

शिखर व्यक्तित्व

इतिहासकार पुरुषोत्तम शमशेर/६

निरन्तर...

वासुदेव अधिकारी/५८

समाचार/६२

अनूभूति

प्रा. डा. रामप्रसाद ज्ञवाली/६४

शब्द संयोजन
मासिक

शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २१ अङ्क ९ पूर्णाङ्क २४८/२०८१ पुस
जिप्रकाका द.नं. ९४/२०६०/०६१

सल्लाहकार : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी
प्रधान सम्पादक: रमेश पोखरेल
कार्यकारी सम्पादक: सुमी लोहनी
सम्पादक: रूपक अलङ्कार
अन्तर्वार्ता संयोजन: अच्युत घिमिरे
वेभ संयोजन: प्रशान्त खरेल
कला: गणेशकुमार जी.सी.
आवरण चित्र : गुगल
प्रतिनिधि: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)
Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np
मुद्रण: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२
साजसज्जा: टच क्रिएसन प्रा. लि.

इतिहासकार पुरूषोत्तम शमशेर

विगतलाई विश्लेषण गर्नका लागि इतिहासको अध्ययन तथा लेखन आवश्यकीय कुरा हो । कतिपयले इतिहासलाई वर्णनात्मक तरिकाले लेख्छन् भने कतिले कार्यकारण सम्बन्धका आधारमा विश्लेषणात्मक तरिकाले लेख्छन् । निश्चय पनि वर्णनात्मक इतिहास रोमाञ्चक हुने गर्दछ । वर्णनात्मक इतिहासमा पौराणिक स्वाद पाइन्छ । राणाकालीन इतिहासलाई पौराणिक वा वर्णनात्मक शैलीमा प्रस्तुत गर्ने इतिहासकारका रूपमा पुरुषोत्तम शमसेर राणा अविस्मरणीय व्यक्तित्व मानिन्छन् । आफैं राणा खानदानमा जन्मेर पनि राणाहरूको विलासी जीवन र राज्यप्रतिको शोषणलाई उनले निर्मम भएर प्रस्तुत गरेका छन् । एक प्रकारले भन्दा पुरुषोत्तम शमसेर आफ्नो कुलखानदानका लागि कुलद्रोही नै हुन् ।

विक्रम संवत् १९८२ चैत १५ गते काठमाडौंको चारबुर्जा दरबार (जसलाई बहादुर भवन भनिन्छ र जहाँ अहिले निर्वाचन आयोगको कार्यालय छ)मा इतिहासकार पुरुषोत्तम शमशेरको जन्म भएको थियो । उनी रुद्र शमशेरका नाति तथा ईश्वर शमशेरका छोरा हुन् । उनका पितामह रुद्र शमशेर प्रधानमन्त्रीको रोलक्रममा दोस्रो नम्बरमा थिए तर जुद्ध शमशेरको षड्यन्त्रको सिकार भई पाल्पा खेदिए । रुद्र शमशेरको परिवार पाल्पा बसाइँ सर्ने क्रममा पुरुषोत्तम पनि परिवारको साथ लागेर पाल्पा पुगे । पाल्पा दरबारमै लेखपढ सिकेका राणाले बनारसको जयनारायण कलेजबाट इन्टरमिडियट पास गरेका थिए ।

शासक वर्गकै कुलमा जन्मेका थिए पुरुषोत्तम शमशेर । उनको खानदानले नेपालमा एक शताब्दी जहानियाँ शासन गरेर इतिहास रचेको थियो । उनको वंशको शासनसमय नै नेपालको एउटा इतिहास हो । उनी इतिहासको स्रोतमै जन्मेका थिए । उनले आफ्नै खानदानका कुरा लेख्दा पनि हाम्रालागि नामी इतिहास ग्रन्थ बन्न पुगेको छ । खासमा पुरुषोत्तम शमशेर अनुसन्धानमूलक इतिहासका लेखक होइनन् । उनी इतिहास भोगेका र त्यसलाई नजिकबाट देखेका इतिहासकार हुन् । उनी जुन दरबारका कोठीमा जन्मे, जुन पटाङ्गिनीमा दौडे, जस्ता लुगा लगाए, जस्ता खाना खाए तिनैका बारेमा उनले लेखेका छन् । अर्को कुरा उनले आफ्नो कुलको राम्रो कुरा मात्र लेखेका छैनन् नराम्रा कुरालाई पनि यथार्थ रूपमै प्रस्तुत गरेका छन् । राणाहरूको विलासिता, भोग, लोभ, षड्यन्त्र, कामुकताजस्ता कुरालाई जस्ताको तस्तै प्रस्तुत गरेकाले पनि राणाकालीन यथार्थ वक्ताका रूपमा उनलाई सम्झिनुपरेको हो ।

पुरुषोत्तम शमशेरले 'श्री ३ हरूको तथ्य वृत्तान्त' (तीन भाग), 'राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरू', 'सम्झेका र सुनेका कुरा', 'भएका र गुज्रेका घटनाहरू', 'लुकेछिपेका प्रतिभाहरू', 'मेरा जीवनका स्मृतिहरू', 'जङ्गबहादुर र राणाकालीन दर्पण' नामक पुस्तकहरू लेखेका छन् । यी पुस्तकले राणाकालीन नेपाललाई बुझ्न सहयोग गर्दछन् । आफ्नै कुलवंशका कुरा नछुटाई लेख्ने इतिहासकार पुरुषोत्तम शमशेर ९९ वर्षको उमेरमा २०८१ मङ्सिर २० गते हामीबाट सदाका लागि बिदा भए ।

–रूपक अलङ्कार

यसपटक

❖ चन्द्रबहादुर लामा

चन्द्रबहादुर लामा नेपाली साहित्य र अनुवादको क्षेत्रमा उदाउँदै गरेका लेखक र अनुवाद अभ्यासकर्ता हुन्। उनी अङ्ग्रेजी विषय अध्यापन गर्नुका साथै नेपाल अनुवादक समाजमा कार्यकारी सदस्यका रूपमा समेत क्रियाशील छन्। साहित्यप्रतिको प्रेम र यात्राप्रतिको मोहले उनको जीवनलाई हेर्ने अनौठो दृष्टिकोण निर्माण गरेको छ। उनको दार्शनिक दृष्टिकोणमा मानव अस्तित्वको सार साहित्यको क्षेत्रमा निहित रहेको हुन्छ भन्ने धारणा रहेको पाइन्छ। समसामयिक युगीन नेपाली समाजको नजिकबाट अध्ययन गर्ने र देखिएका विकृति र विसङ्गतिलाई उजागर गर्नुका साथै सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने अनि रूपान्तरणको ध्वन्यार्थ सम्प्रेषण गर्ने यिनै शालीन स्रष्टाका तनिओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

गद्यलयको 'साँघुरो' शीर्षकको पहिलो कवितामा सहरको भिडभाड र गन्तव्यमा पुग्नका लागि गर्नुपर्ने प्रतीक्षासँगै साँघुरो देशका साँघुरा सडकमा हाम्रो गन्तव्य पनि अल्मलिएको छ र हाम्रो गतिसमेत पछाडि परेको यथार्थलाई ध्वन्यार्थमा सम्प्रेषण गरिएको छ। 'पुँजीवादी प्रेम' शीर्षकको दोस्रो कवितामा सक्कली मानेको र गरेको मायाप्रेम पनि सेयरबजार ओरालो लागेझैँ लाग्ने वा सम्पन्नताको खोजी गर्ने भएकाले मायाप्रेम पनि पुँजीवादी हुँदै हुँदै गएको समसामयिक यथार्थलाई उजागर गरिएको छ। 'फरक' शीर्षकको तेस्रो कवितामा स्वतन्त्रता हस्तक्षेपमा परेको र आदेशको पालना बढी भइरहेको विसङ्गत वर्तमानका प्रति कटाक्ष गरिएको छ।

साँघुरो

आतुर भएर
पर्खिरहेछ गन्तव्य मलाई
उत्तिकै आतुर म
हतार हतार
गन्तव्य भेट्न
सोचेर पैदलभन्दा पाङ्ग्रा छिटो
ठुलो भनिएको
साँघुरो बाटोमा
ठुला ठुला गाडीको ताँतीपछाडि
अड्किएर म
समयको कालखण्डमा
एक शताब्दीपछाडि
अझै पर्खिँदै छु
अगाडि बढ्न ।

पुराना थोत्रिएका
सँगै सँगै नयाँ महँगा गाडी
पङ्क्तिमा लामबद्ध भएर
अर्थहीन
ठुलो स्वरमा
चिच्याएर हर्न
अगाडि बढ्नलाई
आन्दोलनरत छन्
वर्षौंदेखि जहाँको तहीं
साँघुरो सडकमा !

निस्सासिएर आधुनिक विचार
अत्तालिएर आस्था
पिल्सिएर शान्ति
अल्झिरहेछन्, अड्किरहेछन्
साँघुरो सडकमा
साँघुरो सहरमा
साँघुरो देशमा
साँघुरो विश्वमा
साँघुरो समयमा
हामी अझै पछि नै छौं
पुग्नुपर्ने युगभन्दा
सयौं वर्षपछि !

पुँजीवादी प्रेम

निर्मल लाग्थ्यो
निस्वार्थ लाग्थ्यो
र लाग्थ्यो निरपेक्ष
तिम्रो प्रेम ।
तर एकान्तमा
तिमीसँग साटेका
रङ्गीन सपनाहरू
प्रिय वाचाहरू
न्याना उच्छ्वासहरू
प्रेमिल नजरहरू
कोमल स्पर्शहरू
स्वच्छन्द हाँसोहरू
निर्मल आँसुहरू
रसिक कुराहरू
स्नेहिल साउतीहरू

समर्पित आलिङ्गनहरू
हृदयस्पर्शी स्पन्दनहरू
अन्तरङ्ग भावनाहरू आदि आदि
सप्पै सप्पै कुराहरू
सेयर बजारसँगै
ओरालो लागेपछि
बुझेको हुँ बल्ल
निरपेक्ष नभएर
तिम्रो प्रेम
पुँजीवादी रहेछ ।

फरक

धेरै समयपछि
गरुङ्गो लाग्छ
खाली हातमा बोकेको
एउटै हलुको सियो पनि
त्यस्तै लाग्दो हो
घाँटीमा अल्झिएको जन्जिर
स्वतन्त्रता गुमाएको कुकुरलाई !

बाँधिएको कुकुर
केवल बाँधिएको हुन्न जन्जिरले
ऊ दासझैं बाँधिएको हुन्छ नियमले
बिहान उठेदेखि
भोलि बिहान नउठेसम्म
अविरल अविराम
तयार हरदम
दासको भूमिकामा ।

बाँधिएको कुकुर बस्नुपर्ने हुन्छ
चुपचाप कुनै अपराधीझैं
मालिकले बनाइदिएको कठघरामा
र
गर्नुपर्ने हुन्छ प्रमाणित
आफू इमानदार भएको
आफूलाई बाँध्ने मालिकप्रति !
नियम हुन् ती
मालिकका एक एक शब्द
सङ्केतमा खुसी भएको देखाउन
शिरोपर गर्दै आज्ञा
हल्लाउनुपर्ने हुन्छ पुच्छर
बेखुसीमा कहिलेकाहीं
कुकुरको भुकाइ
प्रस्टै थाहा छ मालिकलाई
भुक्ने कुकुरले टोक्दैन भनेर
अर्थहीन हुन्छन्
भुकाइहरू जति नै ठुलो स्वर गरे पनि ।

अर्थहीन हुन्छन् र यसरी नै
हाम्रा आबाजहरू पनि
बेवास्ता गरिन्छन् र त्यसरी नै
हाम्रा बेखुसीहरू पनि !
फरक छैन
कुकुर र हामीमा
कुकुरलाई मालिकले चुन्छ
हामी मालिकलाई चुन्छौं ।

❑ विशेष संवाद

❖ बखतबहादुर थापा

रचना पढ्दा पाठकले आफ्नै अनुभूति महसुस गर्नसक्ने रचना नै शक्तिशाली हुन्छ

वि.सं.२०२२ माघ २९ गते कर्णाली प्रदेशअन्तर्गत दैलेख जिल्लाको दुल्लु नगरपालिका वडा नं.१० गमौडीमा माता बिस्ना थापा र पिता मोतीराम थापाका सुपुत्रका रूपमा जन्मिएका बखतबहादुर थापा हाल काठमाडौँ महानगरपालिका वडा नं.६ बौद्ध, सुविधानगरमा बसोवास गरिरहेका छन् । पेसाले कम्प्युटर हार्डवयरका क्षेत्रमा कार्यरत थापाले नेपाली साहित्यका कविता, कथा, संस्मरण र उपन्यास विधामा कलम चलाएका छन् । वि.सं.२०५५ मा 'तारापुञ्ज' पत्रिकामा 'दैलेख' शीर्षकको कविता प्रकाशित गरी साहित्यमा प्रवेश गरेका उनका 'परदेश' २०५८, 'कुहिरो र काग' २०६१, 'कालचक्र' २०६४, 'जङ्गे' २०७१, 'जङ्गेको डायरी' २०७४ र 'देशान' २०७८ उपन्यास प्रकाशित भएका छन् भने 'आघात' २०६२, 'कम्प्युटर आतङ्क' २०६९ र 'शीर्षकसँगै सरिता' २०७५ जस्ता कथासङ्ग्रह प्रकाशित भएका छन् । नेपाली साहित्यको सेवा गरेवापत उनलाई आधा दर्जन मान, सम्मान तथा पुरस्कार प्राप्त भएका छन् भने उनको 'गोर्खे' शीर्षकको कथा कक्षा १२ को पाठ्यक्रममा समेत राखिएको छ । विभिन्न सङ्घसंस्थामा समेत आबद्ध भई क्रियाशीलता देखाइरहेका थापासँग शब्द संयोजन साहित्यिक मासिकका लागि अच्युत घिमिरेले गरेको संवाद हामीले यहाँ समावेश गरेका छौँ।

अच्युतः हिजोआज सिर्जनामा आफूलाई कसरी संलग्न गराउँदै हुनुहुन्छ ?

बखतबहादुरः प्रश्नका लागि धन्यवाद अच्युतजी, कथासङ्ग्रहको अन्तिम तयारीमा छु, साथमा उपन्यास लेख्दै छु । यदाकदा साहित्यिक कार्यक्रममा पनि जाने गर्छु ।

अच्युत : लेखन क्षेत्रमा कसरी लाग्नुभयो ?

बखतबहादुर : मलाई लेख्न सुऱ्याउने अभाव र एकजना पत्रकार हुन् । अभावले मलाई पचाउनै नसक्ने गरेर पेल्यो । त्यसले गाउँले दाजुभाइहरूलाई जस्तै मलाई मुग्लान पुऱ्यायो । गाउँलेहरू मुग्लान जान्थे, रगत पसिना बगाउँथे, केही कमाउँथे प्रायः चाडबाडमा गाउँ फर्किन्थे । तिनको कमाइको पहिलो हिस्सा ऋण तिर्नु, दोस्रो अंश परिवारलाई लत्ताकपडाजस्ता अत्यावश्यक साधन जुटाउनु र बचेकुचेकाले चाडबाड सल्टाउनु हुन्थ्यो । फेरि मुग्लानको बाटो तताउँथे । मलाई त्यो दोहोरो जीवन स्वीकार्य भएन । पैसा कमाएर हैन, कुनै सिप सिकेर फर्किने र आफ्नै गाउँठाउँमा अडिने विचार बनाएँ । मुग्लानमा मेरो विचारको कदर भएन । मान्छेहरू के छ त्यस्तो उपाय भनेर अट्टहास गर्थे । म पछि हटिन । एक्लिँदै गएँ । भौंतारिँदै गएँ । अनेक हण्डरसँग जुध्दै दिल्ली पुगें । सायद भाग्यले एउटा लक्ष्यको पछि दौडाएर अरू पनि केही सिकाउँदै थियो । टाइपराइटर्स, फोटोकपी बनाउने वर्कसपमा काम लागें । मेरो उद्देश्य टाइपिस्ट बन्नु थियो तर त्यो मर्मत गर्ने ठाउँ भएकाले म त्यहीं सिक्न थालें । पहाडी पनि कारिगर हुन्छन् र ! भन्थे साथीभाइहरू । तर मैले काम सिकेर दिल्लीमै वर्कसप खोलेर चलाउन थालें ।

एक दिन मेसिनका पाटपुर्जा किन्न कम्पनीमा गएको थिएँ । त्यहाँ नेपाली अनुहारको मान्छे देखेर मैले ऊसँग कुरा गरें । उनी मानबहादुर थापा मगर रहेछन् । पाँच-सात वर्षदेखि त्यही ठाउँमा प्राविधिक कार्य गर्दै आएका रहेछन् । हाम्रो दोस्ती बढ्दै गयो । एक दिन उनी वर्ष दिन पुरानो घटना सुनाउन थाले, उनको दश बर्से भाइ स्कुलबाट फर्किँदा अपहरणमा परेछ । अपहरणकर्ताले एक लाखको माग राखेछन् । उनको तलब एक हजार थियो । त्यस समयमा एक हजार तलब राम्रै मानिन्थ्यो तर एक लाख दिएर भाइलाई छुटाउनु उनको वशमा थिएन । त्यस बाध्यताले अपहरणकारी नै हराए । मानबहादुरले एक वर्षदेखि सकभर भाइ, नभए अपहरणकारीको फोन पर्खिरहेका थिए । त्यस कुराले मलाई पनि निकै झक्झक्यायो । वास्तवमा त्यहाँको जीवन अनिश्चित थियो । हामी विदेशीहरूका लागि त झनै । त्यही घटनालाई मध्यनजर गरेर हामीले दिल्लीलाई बाइ बाइ गरेर काठमाडौं छिर्यौं ।

हाम्रो बास पुतलीसडकको एउटा होटेलमा भयो तर त्यहाँ गाँसको व्यवस्था थिएन । त्यसका लागि हामी डिल्ली बजारको होटेलमा जान्थ्यौं । सुत्ने ठाउँमा हामीले कमन बेड प्रयोग गरेका थियौं । त्यहाँ अनेकथरि मान्छेहरूको आउजाउ भइरहन्थ्यो । धेरै दिन बस्नेहरूबिच चिनजान भलाकुसारी हुने गर्थ्यो । लामो समय बस्नेहरूमध्ये एकजना लङ्गडाएर हिँड्ने अधबैंसे दाइ थिए । उनको मुख भने खुब चल्थ्यो । नयाँ मान्छेहरूको

बारेमा निकै चासो राख्थे । उनी पनि खाना खानलाई हामीसँगै डिल्ली बजार जान्थे । दिनभरि आआफ्नो काममा हिँड्थ्यौं । साँझ-बिहान र राति निद्रा नपरुन्जेलका साथी थियौं हामी तीनजना ।

म दैलेखको कुना कन्दरामा जन्मेको मान्छे । स्कुल टाढा पर्ने हुनाले मेरो शिक्षा अधुरै रह्यो । दाजुभाइहरूजस्तै मुग्लान पस्न बाध्य भएँ । मलाई न हिन्दी बोल्न आउँथ्यो न त अङ्ग्रेजी ! गाउँबाट एक्लै दिल्ली पुगुन्जेलको मेरो यात्रा निकै रोचक-घोचक थियो । ती लङ्गडा दाइलाई त्यो कथा खुब मन परेछ । वेलाबखत मलाई हेर्ने हाँस्ने र मेरो कथा सम्झाउने गर्थे । एक दिन उनले भने, 'भाइ ! तिम्रो परदेशी घटना लेखेर देऊ, म पत्रकार हुँ पत्रिकामा छपाएर तिम्रो गाउँमा पनि पठाइदिन्छु ।'

वा ! मेरो सास्ती चाखलाग्दो पो भएछ भन्ने मनमा लिएँ तर म खानबस्नकै समस्याले पिरोलिएको थिएँ । त्यो कुरा मेरो मनमा घुस्यो मात्रै । बाँकी कुनै प्रभाव पार्न सकेन । केही दिनपछि हामी छुट्टियौं । मानबहादुर र मैले एक महिनाभित्र काठमाडौंमै भेट्ने र काम सुरु गर्ने बाचा गरेका थियौं । त्यसपछि हामी तीनैजनाको भेट भएको छैन ! तिस-पैंतिस वर्ष भइसक्यो । म काठमाडौंमैं छु । ती दुई कहाँ गए, के भए कुनै खबर छैन ! मात्र बेलाबखत सम्झनामा आउँछन् ।

काठमाडौंमा खानबस्नको समस्या सम्हाल्न निकै समय लाग्यो । त्यसपछि साँझ-बिहानको समयमा भावी योजना बुन्न थालें । यदाकदा ती पत्रकारको सुझावले पनि घोच्ने गर्थ्यो मलाई । तिनले भनेबमोजिम मेरो परदेशी हण्डर टिपोट गर्नथालें । तब मेरो पढाइले औकात देखाउन थाल्यो । लेख्न बस्यो कि तुरुन्तै झकाउँथें र बाख्रोको गोठाली गरेको र खोपी खेलेको सपना देख्थें । अरू जेजस्तो भए पनि टेक्निकल विषयमा घमन्ड गर्थें । मलाई चिन्नेहरू मेरो कामको उदाहरण दिन्थे । मेरो लेखाइले टेक्निकल घमन्ड उतार्ने हो कि भन्ने पिर पर्न थाल्यो तर लेख्न छोडिन । लेख्दै च्यात्दै, फाल्दै, फेरि लेख्दै, छाँटकाँट गर्दै गर्दा पनि तिस-पैंतिस पेज पुग्यो । यति लामो लेख पत्रिकाले के छाप्लान् ! मेरो परदेशी हण्डर अझै थपिएको भए उपन्यासकै आकार लिन्थ्यो भन्ने पो लाग्न थाल्यो । अर्कोतर्फ मलाई लेख्न हौस्याउने पत्रकारको पनि कुनै अत्तोपत्तो थिएन । त्यसलाई च्यातेर फालें । नजाने गाउँको बाटो सोध्नु पनि हुँदैन भन्ने मनमा लिएर त्यसलाई बिर्सिन खोजें ।

म काम गर्ने अफिसमा कम्प्युटर, फोटोकपी, फ्याक्स र टाइपराइटर्ससम्बन्धी कारोबार हुन्थ्यो । बिस-बाइस जना कामदारमध्ये चार-पाँच जना इन्जिनियर थिए । म इन्जिनियर होइन तर अलराउन्डर थिएँ । सबै प्रकारका मेसिन बनाउँथें । इन्जिनियरहरूलाई प्राक्टिकल ज्ञान हुन्नथ्यो । केही दिनसम्म मजस्ता प्राविधिज्ञको सहायता लिन्थे । एक दिन साथीहरूसँग खानपिन चलिरहेका वेला एकजनाले जिस्किँदै भन्यो, 'थापाजी ! अब पैसा कमाउने मोज गर्ने कि अझै अरू केही सिक्ने विचार छ ?'

'अब उपन्यास लेख्छु ।' मैले पनि जिस्केरै

भर्नैं तर उपन्यास लेख्छु भन्ने मेरो कल्पनामा पनि थिएन । बरु पश्चिमका गाउँमा घुम्ने, वैद्यहरूको सम्पर्कमा बस्ने, जडीबुटी कलेक्सन गर्ने र सुर्खेतमा प्रशोधन केन्द्र खोल्ने, साथसाथै लेकमा च्याङ्ग्रा पालेर उन उत्पादन पनि गर्ने योजना बनाउँदै थिएँ । ख्यालख्यालमै मेरो मुखबाट उपन्यासको कुरा झर्‍यो ।

'अब छिटै उपन्यास विमोचनको मिठाई खान पाइन्छ' भनेर साथीहरू जिस्क्याउन थाले । ख्यालठट्टा गर्ने मूढ भयो कि उपन्यासको कुरा निकालिहाल्थे । साथीहरूको मजाक मलाई असैह्य भयो । आइन्दा यस्तो परिहास नगर्नू भनेर झपार्रैं । उनीहरूले त्यो घटना बिर्से तर मैले बिर्सिन । उपन्यास लेख्न कस्सिएँ । आफ्नो कमीकमजोरीले मलाई खुब घचेट्यो । पूरै दुई वर्ष लगाएर परदेशी अनुभव उतारेर उपन्यासको रूप दिएँ । त्यो परदेश नामक उपन्यास २०५८ सालमा प्रकाशित भयो । त्यसले ठुलाबडाकहाँ पुऱ्यायो, स्याबासी दिलायो, फुरुङ्ग बनायो । मेरो मनमा लेखनको चस्को पसाल्यो । अनि त जडीबुटी बटुल्ने र प्रशोधित केन्द्र खोल्ने भनेर बनाएको योजना रद्द गर्रैं । त्यसका कामलाग्ने कुरा र गाउँको बहुविवाहले निम्त्याएको समस्या बटुलेर उपन्यास कुहिरो र काग लेखैं । जुन २०६१ मा प्रकाशित भयो । त्यसले पनि हौस्यायो । उपन्यास लेख्दा छोटामोटा घटनाहरू सम्झनामा आउँथे । विषयवस्तु मिलेमा उपन्यासमा जोडिन्थ्यो । मिलेन भने टिपोट गरिन्थ्यो । तिनै टिपोटहरूलाई कथा बनाएर आघात नामक कथासङ्ग्रह २०६२ मा निकालैं ।

गृहयुद्धले पनि थुप्रै पीडा थुपारेको थियो । धनीहरू चन्दा आतङ्कले आजित थिए । गरिबहरूलाई मृत्युको भय थियो । कता कता देशमा गृहयुद्ध फैलिनुमा राजनीतिज्ञको अव्यवस्थित कार्यप्रणाली भन्ने लाग्थ्यो । कोही रातारात करोडपति बन्थे भने कोही रोडपति । राजनीतिज्ञ, व्यापारी र दलालहरूको थिचोमिचोले आजित सर्वसाधारण जङ्गल पसेर विद्रोह थालेका थिए । यस स्थितिलाई ध्यानमा राखेर मैले २०६४ मा उपन्यास कालचक्र प्रकाशित गर्रैं । कालचक्रले अझै उचाल्यो मलाई । त्यसपछि मैले वि.सं. २०६९ सालमा कथासङ्ग्रह कम्प्युटर आतङ्क प्रकाशित गर्रैं । यस सङ्ग्रहमा केही विज्ञान कथा, सशस्त्र द्वन्द्वका कथा, प्राकृतिक र सामाजिक कथाहरू समावेश छन् ।

गाउँका झोले, फटाहा, गुण्डा, कुलतकारी, कुलाङ्गारी र सर्वसाधाहरणलाई विषयवस्तु बनाएर उपन्यास जङ्गे लेखैं । त्यो २०७१ मा प्रकाशित भयो । त्यसको मुख्य पात्र जङ्गेले काठमाडौंमा आएर इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, कम्प्युटर र इन्टरनेटसम्बन्धी तालिम लियो । उसले तालिम लिँदा टिपोट पनि गरेको थियो । तालिम पाएपछि गाउँ फर्क्यो । गाउँलेहरू भलाखुसारी गर्न फुर्सद हुनेबित्तिकै चौतारामा जम्मा हुन्थे । उनीहरू जङ्गेसँग इलेक्ट्रिक र इलेक्ट्रोनिक्सका बारेमा जिज्ञासा राख्नथाले । गाउँ गाउँमा बिजुली पुग्दै थियो । प्रयोग गर्ननजाने त्यो प्राणघातक हुनसक्ने कुरा जङ्गे जान्दथ्यो । उसले त्यही

टिपोट गरेको डायरीको सहायताले आफ्ना अनुभव बाँड्न थाल्यो । त्यस उपन्यासलाई जङ्गेको डायरी नाम दिएर २०७४ सालमा प्रकाशित गरैं ।

मान्छेले प्रकृतिलाई र प्रकृतिले मान्छेलाई दिएको पीडा र मान्छेको आधुनिक चमत्कार जस्ता विषयवस्तु समेटेर २०७५ मा शीर्षकसँगै सरिता नामक कथासङ्ग्रह लेखैं । त्यसपछि मलाई नयाँ विषयवस्तु दिन कोरोना आयो । झ्यालढोका बन्द गरेरै बसियो र उपन्यास देशान लेखियो । जुन २०७८ सालमा प्रकाशित भयो । अग्रजहरूको सुझावमा कम्प्युटर र वातावरणसम्बन्धी बालकथा लेखेको थिएँ । ती दुबै कथासङ्ग्रह प्रकाशकको जिम्मामा पुगेका छन् ।

अच्युत : साहित्यिक कुन कुन विधामा कलम चलाउनुहुन्छ ? र तपाईंको मुख्य लेखन विधा कुन हो ?

बखतबहादुर : मेरो मुख्य लेखन विधा आख्यान हो । सुरुआत दैलेख नामक कविता (विसं. २०५५) बाट भएको थियो । पुस्तकका रूपमा छओटा उपन्यास, तीनवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । संस्मरण र नियात्रा पनि लेख्ने गर्छु । ती विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

अच्युत : आख्यान विधालाई मुख्य विधामा रोज्नुको कारण बताइदिनुहोस् न ?

बखतबहादुर : बृहत् विषयवस्तु समेटिने र मनमा उब्जेका प्रायः भावनाहरू घुमाइफिराइ पोख्न पाउने भएकाले मेरो छनोटमा आख्यान परेको हो । यसलाई शृङ्खलाबद्ध तरिकाले विभिन्न अध्यायमा लेख्न सकिन्छ । यसमा उपकथा पनि समावेश गर्नसकिन्छ । यसलाई काल्पनिक स्थान, पात्र, समावेश गरेर सुमधुर भाषामा लेख्न सकिन्छ । यसमा प्रेम, नीति, भक्ति, साहस आदि इत्यादि प्रतिपादन गर्न सकिन्छ । उपन्यास लेख्दा नयाँ जीवन सुरु गरेजस्तो बेग्लै आनन्द आइरहेको हुन्छ । छोटा घटनाहरू कथा, संस्मरण, नियात्रा, निबन्धजस्ता विधामा अटाउँछन् । आख्यानको भाषा सरल, सुबोध र सरस हुन्छ । वाक्यहरू सुमधुर बनाउन सकिन्छ । कविता, गीत, गजलजस्ता विधामा थोरै शब्दमा धेरै कुरा अटाउनलाई विम्बको बढी प्रयोग गरिन्छ । विम्बले दिमाग तताउँछ । अबको पुस्ता दिमाग खियाउन खोज्दैनन् । आधुनिकताले नयाँ पुस्तालाई निकै छिटो बनाइदिएको छ । गम्भीरपना मेटाइदिएको छ । त्यसैले अबका पाठकहरू पनि आख्यानमा बढी आकर्षित देखिन्छन् ।

अच्युत : लेखनका विषय क्षेत्रहरू कसरी रोज्नुहुन्छ ?

बखतबहादुर : लेख्न सुरु्याउने विषयवस्तु हाम्रो समाजमा थुप्रै छन् । कहिलेकाहीं साथीहरूसँग गफ गर्दागर्दै विषय पाउँछु तर मेरा कृतिमा आफ्नो भोगाइ पोखिएको हुन्छ । आख्यान एउटा मनोरञ्जनको स्रोत हुनाका साथै ज्ञानबर्धक पनि हो । पाठकले मेरो रचना पढेर के पाउँछन् भन्ने कुरामा पनि विशेष ध्यान दिन्छु । मेरो रोजाइमा सचेत घटना पर्छन् । समाजका विकृति विसङ्गतिले पार्नसक्ने असर उद्घाटन गर्नु, भोक्तालाई सचेत बनाउनु र कर्तालाई कर्मको प्रतिफल

देखाउनु लेखकको कर्तव्य हो भन्ने पनि लाग्छ मलाई ।

अच्युतः कुन घटनाले प्रेरित भएर लेख्न बस्नुहुन्छ ?

बखतबहादुर : जीवन घटनाहरूको शृङ्खला हो । घटनाहरू अनेक घट्छन् । कुनैले सुख दिन्छन् त अधिकतर घटना दुःखदायी हुन्छन् । प्रायः दुःखद घटनाले ज्ञान दिन्छ । कहिलेकाहीं दैविक घटनाको पनि सामना गर्नुपर्छ । घटनाले केही न केही प्रभाव पारेकै हुन्छ । कोही सामान्य ठानेर बिर्सिदिन्छन् कोही अर्कालाई नसुनाएसम्म तुलबुलाउने गर्छन् । त्यस्तो सकसकी उतार्ने धुनमा कोही गुनगुनाउँछन्, कोही गफिन्छन्, कोही कसैले पढेरै अनुभूति गरुन् भन्ने उद्देश्यले लेखेर छोड्छन् । म पछिल्लो समूहमा पर्ने भएकाले प्रायः घटनाहरू मनमै मलजल गरेर राख्ने गर्छु । कुनै घटनाहरू समाजको अगाडि राख्नलायक लागेमा लेख्न बस्छु । कुनैले उपन्यासको रूप लिन्छन् भने कुनै कथा, नियात्रा र संस्मरणमै टुङ्गिन्छन् ।

अच्युत : एउटा स्रष्टा भएर समाज र परिवेशलाई कसरी परिभाषा गर्नुहुन्छ ?

बखतबहादुर : भौगोलिक बनोटजस्तै हाम्रो समाज विभिन्न समुदाय मिलेर बनेको छ । विभिन्न जातजाति, भेषभूषा, बोलीचालीले गर्दा फूलबारीजस्तै छ । यसरी जुटेर काम गर्नु, बस्नु, रमाउनु, सुखदुःख आदानप्रदान गर्नु असल समाजको नमुना हो तर आधुनिकताले व्यापकरूपमा सुखसुविधाका साधन चिनाएर, देखाएर मान्छेलाई आकर्षित गर्दै छ । ऐसआरामका लागि एक्लिने, एक्लाउने, बोली फेर्ने, कर्तव्यच्यूत हुने काम हुँदै गइरहेको देखिन्छ ।

उत्तरतर्फको समाज सन्तहरूजस्तो सरल मिजासको छ । काम चलाउमै मस्त, तनाब बोक्न नचाहने । ब्राह्मणहरू पढाइमा परिश्रमी भएकाले प्रत्येका क्षेत्रमा अगाडि छन् । बाँकी धेरैजसोलाई खान लाउन भए पुग्छजस्तो ! बढीका लागि तनाब बोक्न चाहन्नन् । काम कुरो छोटोमिठो गर्ने, आत्तिने, कुनै झमेला आइलाग्छ कि भन्ने विचारले पन्छिने, विश्वास बढी गर्ने स्वभावको देखिन्छ । दक्षिणतिरको समाज अलि फरक छ । धनसम्पत्ति, सुखसयलप्रति आकर्षित हुने खालको लाग्छ मलाई ।

अच्युत : तपाईंको विचारमा एउटा शक्तिशाली रचना तयार पार्न के कस्ता गुणहरू आवश्यक पर्लान् ?

बखतबहादुर : खै कसरी भनौं र ! शक्तिशाली रचनाको नालीबेली सविस्तार गर्नसक्ने भए आफ्ना रचनाजति कालजयी बनाइन्थ्यो होला तापनि विषयवस्तुमा गहिरो ज्ञान, यथार्थता, सामाजिकता, नवीनता, राष्ट्रियता, भावनात्मकताका साथै रचनाले अर्थपूर्ण सन्देश देओस् । विकृति, विसङ्गति, अराजकता, अमानवीयता, असामाजिक तत्त्वको विरुद्धमा होस् । रचना समयसुहाउँदो होस् । छोटा, सरल र सहज वाक्यको प्रयोग होस् । विषयवस्तु र लेखनशैलीलाई जीवन्तता दिने खालको कल्पना होस् । आफ्नो समाजसँगै संसार अटाओस् । रचना पढ्दा पाठकले आफ्नै अनुभूति महसुस

गरुन् । यस्तो विषयवस्तु वा सन्देश बोकेको रचना नै शक्तिशाली हुन्छ होला ।

अच्युत : आजको नेपाली साहित्यलाई कसरी मूल्याङ्कन गरिरहनुभएको छ ?

बखतबहादुर : हाम्रा पुर्खाहरूको जस्तो जान्नेबुझ्ने कुरामा सीमितता रहेन अब । यो आधुनिक जमाना हो । मान्छेका प्रायः इच्छाहरू साकार भएका छन् । विज्ञानले विश्वलाई नै सीमित यन्त्रहरूमा समेटेको छ । हाम्रा इच्छापूर्ति गर्ने गुरुहरू हाम्रो मोबाइल, कम्प्युटरजस्ता यन्त्रमा उपलब्ध छन् । किताबको साटो हावा, बादल, तारजस्ता साधनमा घुमिरहेको छ समाधान । प्रत्येक जिज्ञासाको इलाज तुरुन्तै निस्कन्छ । विश्वसाहित्य कहाँ पुग्यो, कसरी अगाडि बढिरहेको छ ? बुझ्नेर आफ्नो लेखनक्षेत्रलाई फराकिलो बनाउन सकिने अवस्था छ । आजको मान्छेको सोच नै विश्वव्यापी भएको छ । यस आधुनिकताले हेर्ने र बुझ्ने दृष्टिकोणमा पनि भिन्नता ल्याएको छ । कुनै पनि कुरामा नयाँपन दिनसक्नु नै आकर्षित गर्नु हो । अहिलेका मान्छेको सोचविचार नयाँपनसँगै चलिरहेको छ । प्रायः लेखकहरू हाम्रा राजनीतिज्ञहरूको सङ्कीर्ण मनस्थितिको पछि छैनन् । अबका रचना मनोरञ्जनात्मक मात्र नभएर अनुसन्धानमूलक र ज्ञानबर्धक हुन थालेका छन् ।

हामीकहाँ उचित मूल्याङ्कनको कमी छ । रचनाहरू गुणात्मकभन्दा सङ्ख्यात्मक रूपमा बढी जन्मिएका छन् । जोसँग सामर्थ्य छ तिनकै रचना चर्चामा आउँछ, त्यही रचना अनुवाद हुन्छ । सीमित परिधिभित्र हाइहाइ हुन्छ तिनकै । यदि हामी अभ्यासमै छौं भने पनि यो हाम्रो विडम्बना हो ।

अच्युत : नेपाली साहित्यलाई विश्वबजारमा पुऱ्याउन कसरी अघि बढ्नुपर्ला ?

बखतबहादुर : जनचेतना जरुरी देखिन्छ । आफ्नालागि नभएर देश र समाजका लागि गरौं भन्ने भावना जाग्नुपर्छ । अरूलाई जित्नुभन्दा राम्रो रचना जन्माउने विचार जाग्न जरुरी छ । राम्रा रचना हामी सबैका हुन्, अझै राम्रा बनाएर अरूलाई देखाउनुपर्छ भन्ने भावना लिन आवश्यक छ । यो विज्ञानको जमाना हो । यस आधुनिकताले नयाँ कुरा सिक्न, बुझ्न, हेर्न, सल्लाह सुझाव लिन र छिटोभन्दा छिटो फैलिन टेवा पुऱ्याएको छ तर समकक्षीलाई लडाएर आफ्नो उपस्थिति जनाउनमै व्यस्त भएका हामी हामीमै सीमित छौं । यही प्रवृत्तिले हाम्रो रचना त्यो स्तरमा पुग्न सकेको छैन जहाँ विश्वसाहित्य पुगेको छ । यदि हामी जुट्यौं भने विश्वबजारमा उपस्थिति जनाउन सक्छौं तर आफ्नो र आफन्तका लागि भन्ने, गर्ने परिपाटीले राम्रा कामहरू ओझेलमा परेका छन् ।

हाम्रो नाम दाम हाम्रै समाजमा ठिक्क छ । हामी ज्ञान आदानप्रदान गर्नमा होइन, समकक्षीका खुट्टा तान्नमै व्यस्त छौं । हामीलाई विश्वमा जगमगाइरहेको आधुनिकताले तानेर मात्रै केही राम्रो भइरहेको हो कि भन्ने लागिरहेको छ । यदि मूल्याङ्कन गर्ने हो भने हामी भ्रममा छौं । हामीले धेरै नासेका छौं । मासेका छौं । राम्रा र उल्लेख्य काम भए पनि तिनलाई

छायामा पार्ने काम गरिरहेका छौं ।

राम्रो लेखक, राम्रो खेलाडी, राम्रो प्रबन्धक, राम्रो नेतृत्वलाई अनेक लाञ्छनामा मुछेको हामीले देखेभोगेकै कुरा हो । देश र समाजका लागि राम्रो गरौं भन्नेहरूले टाउकामा कफन बाँध्नुपर्ने अवस्था छ । उदेकलाग्दो हाम्रो समाज ! तर समयले छाँटकाँट गर्ने नै होला । अगिल्लो पुस्तामा पनि थुप्रै साहित्यकारहरू थिए होलान् । ती छाँटिँदै आएर अचेल सीमित साहित्यकारहरू मात्रै जान्दछौं, समयले बोकेका र खोजेका रचनाहरू मात्रै पढ्दछौं ।

आधुनिकताले हाम्रो तुलबुल जगाईदिएको मात्रै हो कि ! खासमा हामी साक्षरतातर्फ लम्किरहेकै छौं । हामीहरू बचेखुचेको समय साहित्यलाई दिन्छौं । यसले गर्दा अरूसँग प्रतिस्पर्धा गर्ने क्षमता पुग्दैन हाम्रो । हामीकहाँ अनुवादकको पनि कमी छ । जसलाई पढ्छौं, जोसँग सिक्छौं तिनैलाई टक्कर दिन त समय लाग्छ होला । हर्दै जाऊँ, आआफ्नो क्षेत्रबाट राम्रो गर्दै जाऊँ । आशा गर्दै गरौं, एक दिन नेपाली साहित्य पनि विश्वबजारमा पुगेको सुनेर, देखेर गर्व गर्न पाइयोस् ।

अच्युतः मूलतः कथाकारका ख्याति कमाउनु भएकाले नेपाली कथासाहित्यलाई कसरी नियालिरहनुभएको छ ? के पाउनुहुन्छ ? बताइदिनुहोस् न ।

बखतबहादुर : मेरा प्रायः रचनाहरू आधुनिक विषयवस्तुबाट प्रेरित हुन्छन् । विज्ञान कथा पनि लेख्ने भएकाले छिटो छिटो अरूको दृष्टिमा पुगेको हुँ । होइन भने नेपाली साहित्यमा थुप्रै कथाकारहरू उदाएका छन् । नयाँ नयाँ प्रयोग भइरहेका छन् । राम्रा राम्रा कथाहरू जन्मेका छन् ।

अच्युतः नेपाली साहित्यको विकासमा साहित्यिक पत्रिकाको भूमिका कस्तो देख्नुभएको छ ?

बखतबहादुर : प्रत्येक स्रोतसाधनलाई जनसमक्ष पुऱ्याउने, जनचेतना जगाउने माध्यम समाचार पनि हो त्यसैले समाचार भनेको प्रकृतिजस्तै स्वच्छ र सफा हुनुपर्छ । पत्र-पत्रिकाहरू आफ्नो इच्छाअनुसार पढ्न र राख्न सकिने भएकाले अडियो र भिडियोभन्दा बढी प्रभावकारी देखिन्छन् । साहित्यिक पत्रिका साहित्यप्रेमीहरूको खुराक हो । प्रायः मान्छेहरू समालोचना हेरेरै लेखकको मूल्याङ्कन गर्न थालेका छन् । पाठकहरू यसैका माध्यमबाट कृतिको छनोट गर्ने गर्छन् तर साहित्यिक पत्रिकाले अरू क्षेत्रमा जस्तै राम्रालाई हैन हाम्रालाई भन्ने विचारबाट जोगिनु आवश्यक छ किनभने साहित्य समाजको ऐना हो । जुनसुकै कुरालाई प्रयोगकर्तासामु पुऱ्याउने काम समाचारमाध्यमको हो । प्रायः जिज्ञासा मेटाउने काम समाचारले गर्छ । आजको आधुनिकतालाई अनुभूति दिलाउने काम समाचारमाध्यमकै हो भन्ने लाग्छ मलाई । त्यही समाचारमाध्यमकै मुख्य अङ्ग हो पत्र-पत्रिका ।

अच्युत : अग्रजको नाताले अनुज पुस्ताका स्रष्टालाई सल्लाह सुझाव दिनुपर्दा के भन्नुहुन्छ ?

बखतबहादुर : उमेरले अनुजभन्दा बेस होला । आधुनिकताले नयाँ पुस्तालाई हामीभन्दा छिटो छरितो बनाएको छ । यो

जमानामा इच्छा हुनुपर्‍यो, असम्भव कमै देखिन्छ । पढ्न, लेख्न, बुझ्न सजिलो छ । यो आधुनिकताले अलि छिटो बनाइदिएको हो कि ! धैर्यता छोट्याइदिएको हो कि ! गम्भीरता घटाइदिएको हो कि भन्ने शङ्का लाग्छ। यसले गर्दा लेखक, अन्वेषक, पाठक घट्ने सम्भावना देखिन्छ।

अच्युत : अरू साहित्यकारभन्दा आफूलाई भिन्न देखाउनुपर्दा अरूभन्दा तपाईंको लेखनमा केकति कारणले फरक विशेषता आएका छन् ? बताइदिनुहोस् न।

बखतबहादुर: खासमा मेरो कार्यक्षेत्र मेसिनसँग जुट्यो। जीवन निर्वाहको साधन। इलेक्ट्रिक, इलेक्ट्रोनिक्सजस्ता यन्त्रसँग सम्बन्धित हुनाले म यथार्थको नजिक भएँ । मेसिनले मलाई गफ दिएर, फकाएर काम चल्दैन भन्ने कुरा सिकाउँछ । मेसिनहरूमा छिटो छिटो आधुनिकीकरण हुन थाल्यो । त्यो रफ्तार समात्नलाई आफूले पनि आधुनिक हुनै पर्‍यो अन्यथा पछि परिन्थ्यो। विज्ञान भनेको प्रयोग, अध्ययन, अवलोकनसँग सम्बन्धित विषय पर्‍यो । संसारमा के भइरहेको छ ? के हुनेवाला छ भन्ने उत्सुकता सबैलाई जाग्नु स्वभाविकै हो। म आफ्ना रचनाहरूमा आधुनिक विषयवस्तु समेट्ने प्रयास गर्छु । मेरा रचनाहरू यथार्थवादी हुन्छन् । मलाई लाग्छ मेरो लेखनमा अनावश्यक विस्तार हुँदैन, शब्द विन्यास ठोस हुन्छ । मेरो लेखनशैली आधुनिक छ। मैले लेख्दा के र किन भन्ने कुरामा पनि विशेष ध्यान दिन्छु। सायद यही विशेषताले पृथक बनायो मलाई।

अच्युत : मैले सोध्न छुटाएका, तपाईंले भन्नै पर्ने साहित्यसम्बन्धी थुप्रै कुराहरू अवश्य होलान् । ती कुराहरू बुँदागत रूपमा भनिदिनुहोस् न।

बखतबहादुर : खासै छुटेजस्तो लाग्दैन । साहित्यिक पथ सम्झँदा यसले सकारात्मक सोच दिन्छ। विचारशील बनाउँछ। भोगेविना ज्ञान दिन्छजस्तो अनुभूति हुन्छ मलाई । तर हाम्रो व्यवहार फरक छ! हामी राजनीतिज्ञलाई मात्र गाली दिन्छौं वा अरूकै दोष देख्छौं । साहित्यमा पनि गुटबन्दी छ! केही साहित्यकार र समालोचकहरूले आआफ्नो गुट चलाएका छन् । तिनकै लेख्छन्, तिनकै भजन गाउँछन्, तिनकै प्रचारप्रसार गर्छन् ! आफैं पुरस्कार स्थापना गर्छन् । आफू आफूमै बाँड्छन् । पार्टी गर्छन्, रमाउँछन्। सायद यस्तै स्थितिले नेपाली साहित्यलाई लङ्गडो बनाइरहेको छ।

अच्युतः पाठकलाई तपाईंको महत्त्वपूर्ण विचार बुझ्ने मौका दिनुभएकोमा धन्यवाद व्यक्त गर्दछु।

बखतबहादुर: धन्यवाद, शब्द संयोजन साहित्यिक प्रत्रिकाले लेख-रचना प्रकाशित गर्नुका साथै पाठकवृन्दमा साक्षात्कार गराएकोमा तपाईं अच्युत घिमिरे र शब्द संयोजन परिवारप्रति हार्दिक आभार प्रकट गर्दछु।

email : bbthapa1@gmail.com

प्रयत्न गरेर लेखिएको कविता

❖ **अश्विनी कुमार त्रिपाठी**
मुजफ्फरपुर, बिहार

प्रयत्न गरेर लेखिएको कविता
हुन्छ सुन्दर रिकापीमा पस्किएको
त्यो मसालेदार भोजनजस्तै
जसलाई पकाइएको छ
तेज आँचमा ।

प्रयत्न गरेर लेखिएको कविता
हुन्छ त्यो खेलाडीजस्तै
जसलाई खेलभन्दा पनि धेरै प्यारो हुन्छ
पदक ।
प्रयत्न गरेर लेखिएको कविता
हुन्छ कुनै ठुलो सपिङ्गमलबाट
किनेको कपडाको रङ्गीन फूलजस्तो
जसप्रति मोहित मान्छेलाई देखेर
हाँस्छन् महका मौरी ।
प्रयत्न गरेर लेखिएको कविता
हुँदैन कुनै अल्लड गाउँले युवतीजस्तो
ऊ हुन्छ कुनै मेट्रोपोलिटन
सहरको मेकअपले ढाकिएकी
तथाकथित आधुनिक युवतीजस्तो ।
प्रयत्न गरेर लेखिएको कविता
हुँदैन हामिदको तीन पैसा
अनि अमिनाको आठ आनाजस्तो
त्यो हुन्छ सम्मी, नूरे अनि मोहसिनको
जेबमा राखिएको सिक्काजस्तो ।

प्रयत्न गरेर लेखिएको कविता
हुँदैन खेतबारीमा काम गरिरहेका बुबाको
पसिनाले भिजेको गम्छाजस्तो
त्यो हुन्छ बगैंचातर्फ खुल्ने
कुनै झ्यालमा हालिएको
भारी चट्किलो पर्दाजस्तो ।
प्रयत्न गरेर लेखिएको कविता
बन्नसक्तैन
प्रियंवदलाई खोज्ने एउटा असाध्य वीणा
त्यो त बनिदिन्छ
सिर्फ अनि सिर्फ
अटो मोडमा बज्ने
एउटा सुरिलो पियानो !

घर नं. ४-ए-१३, दादाबाडी
विस्तार योजना (राजस्थान)
ashvin7677@gmail.com

(हिन्दीबाट अनुवादः सुमी लोहनी
भाटभटेनी, काठमाडौं नेपाल)

❖ **मनोज चौहान**
शिमला(हि.प्र) भारत

जन्तु

दृश्य एक- टिभीमा कुनै धार्मिक प्रवचन चलिरहेछ । कथावाचक निकै तन्मयतासँग कथा वाचन गर्दै भनिरहेछ, ' खाना खानुभन्दा पहिले गौमाताका लागि गाँस छुट्याउनु एकदमै जरुरी छ । गौमाता पूजनीय छिन् र उनले हामीलाई भवसागरबाट पार लगाउँछिन् ।' यो कुरा सुनिरहेको बच्चा बुबासँग सबालजबाफ गरेर चुप लाग्छ, मानौं उसले यो कुरालाई आत्मसात गरिसक्यो ।

दृश्य दुई- पहाडमा सबैतिर हिमपात भइरहेको छ । रिपोर्टर अलग अलग स्थानका हिउँले ढाकेका पहाडहरू देखाइरहेको छ र हिउँ परेका पहाडको सौन्दर्यको बयान पनि गरिरहेको छ। बिचमा चिसोले कठ्याङ्ग्रिएका गाईहरू पनि देखिन्छन् । गाईहरू चिसोले कामिरहेका छन्। रिपोर्टर भनिरहेको छ, 'जन्तुहरू चिसोले आकुलव्याकुल देखिइरहेका छन् ।'

बच्चा अब फेरि प्रश्नहरूको वर्षा गर्छ, ' यो जन्तु भनेको के हो ? यी त गौमाता हुन्। रिपोर्टर किन यस्तो भन्दै छ ? जुन ठाउँमा यी गौमाता कठ्याङ्ग्रिरहेका छन् के त्यहाँका मान्छेहरू गौमातालाई पूजा गर्दैनन् ? के सरकारले यिनीहरूका लागि केही गर्दैन ?'

अब बुबा चुप छन् र मनमनै प्रश्नका उत्तर खोजिरहेछन् ।

बोको

समथर इलाकामा भवन निर्माण गर्ने मिस्त्री सानाठुला ठेक्का लिन लाग्यो । उसलाई सबैले जमनु ठेकदारका नामले चिन्न थाले । आफ्नो इलाकामा काममा मन्दी आएपछि उसले पहाडतिर जाने विचार गऱ्यो । चिनेजानेको एकजना व्यक्तिबाट उसले घर निर्माणको ठेक्का पायो। उसले आफूसँगै आवश्यक मजदुरको टोली पनि लिएर गएको थियो र काम गर्ने ठाउँभन्दा केही पर तीनवटा कोठा लिएर बस्ने व्यवस्था मिलाएको थियो । उनीहरूलाई घरधनीले नजिकैको मन्दिरलाई स्पर्श नगर्नका लागि कडाइका साथ मनाही गरेको थियो ।

दिन बित्दै गए । जमनु ठेकदारको निर्माण कार्य चरममा थियो । केही दिनमै हुने ढलानका लागि आवश्यक काठ ल्याउने काम भइरहेको थियो । मन्दिरपछाडि भएर आवतजावत गर्नुपर्ने बाटो निकै साँघुरो थियो । काठ ल्याउँदै गर्दा अनियन्त्रित भएर मजदुरद्वारा मन्दिर छोइयो । उनीहरूले नचाहँदा नचाहँदै पनि जमनु ठेकदारका लागि आपत आइलाग्यो ।

मजदुरद्वारा मन्दिर छोइएको कुरा तुरुन्तै गाउँभरि फैलियो र पुजारी र मन्दिरका देवताका खास भनिएका देवलहरूसम्म पनि पुग्यो । एकै छिनमा उनीहरूको सभा बस्यो र ठेकदारलाई दन्डस्वरूप एउटा बोको चढाउने आदेश दिइयो । जमनुले आफू र आफ्ना कामदार निर्दोष भएको अनेकौं दलिल दिए तापनि केही लागेन, सबै व्यर्थ भयो । कुनै उपाय नभएपछि ठेकदारले बाध्य भएर बोको चढाउने कुरा मान्यो ।

साँझ हुने वेलासम्म जसरीतसरी पैसाको जोहो गरेर जमनुले बोको किनेर पुजारी र देवलहरूलाई दियो । बेलुका दिनभरिको कडा मिहिनेतपछि थाकेका मजदुर र ठेकदार खाना खाएर सुत्न लागेका थिए । त्यसै वेला गाउँको अग्लो ठाउँबाट आएको नाचगानको आबाजले बिथोल्यो । सबै देवलहरू मासु पकाउन र रक्सीको बन्दोबस्त मिलाउन व्यस्त थिए । गाउँमा आज उत्सवको माहोल थियो । देवलहरू प्रसाद खान पाएर प्रसन्न थिए ।

जमनु ठेकदार र उसका मजदुर साथीहरू अनिदो भएर ओल्टोकोल्टो फेरिरहे । मध्यरातसम्म पनि देवलहरू खानपिन गर्दै मदमस्त भएर नाचगान गरिरहेका थिए । सायद भेटमा बोको पाएर मन्दिर पनि पुनः पवित्र भइसकेको थियो !

mc.mahadev@gmail.com

(हिन्दीबाट अनुवादः सुमी लोहनी भाटभटेनी, काठमाडौं नेपाल)

❑ गजल

❖ **लीलाराज दाहाल**

तिमी फूल बन्यौ म त पात मात्रै न हुँ
तिमी मुटु कलेजी म त हात मात्रै न हुँ !

हेर्छ होला मलाई कस्ले तिमी पाएपछि
तिमी मिठो भुजा म त भात मात्रै न हुँ !

जेसुकैको महत्व नि ठुलै हुँदो रैछ
तिमी लाख हजार म त सात मात्रै न हुँ !

यस्तो लाग्न थाल्यो प्याला पूरै रित्तिँदा
तिमी मिठो आनन्द म त मात मात्रै न हुँ !

पाइएला र उज्यालो यो अन्धकारबाहेक ?
तिमी नवीन मिर्मिरे म त रात मात्रै न हुँ !

बागमती ११, कर्मैया, सर्लाही ।

उपन्यास 'दृष्टिपथ'मा पुर्खाको सम्मान

❖ प्रा. डा. खेम दाहाल

१. **प्रारम्भ**

गोपीराम भण्डरी (२०३७, फोप्ली प्युठान)को शैक्षिक योग्यता स्नातकोत्तर तहको रहेको छ । आज सरकारी सेवामा आबद्ध भण्डारीको उपन्यास दृष्टिपथ सामुन्ने छ ।

२. **विषय प्रवेश**

भण्डारीको पात्र दृष्टिहीन छ, कुनै समूहबाट पत्राउ गरिन्छ र उपचारको नाममा पत्राउ परेकामा भाग्ने, उम्कने प्रयास छ किनकि अपरिचित समूहबाट नै उपचार गरिदिने वचन दान गर्दै दृष्टिहीनलाई बलात् घिसार्ने काम गर्दै लगिन्छ । पर्यावरण पशुपति क्षेत्रतिरको अवगत हुन्छ तथा आँखा अस्पताल लैजाने प्रकरणको सत्यतामा विश्वास छैन । पीडित-पात्र धेरै प्रकारबाट रुन्छ, कराउँछ र छोडिदेऊ भनिरहन्छ । दाताहरू भन्थे, "कहिलेसम्म, कतिपटक अन्धाको नाटक गर्छस् ए लाठे ?" यस प्रश्नमा झन् ठुलो शङ्का पनि जन्मन्छ ।

यो पीडित पात्रले आँखाको उपचार पाउला, डाक्टरले आँखाको शल्यक्रिया गर्नुभन्दा पहिले एक नारीको अँगालामा बाँधिएको पन्ध्र वर्षअगाडि आमाले भोको पेटमा छोडेको, पुतलीको शरीरबाट आउने किटपतङ्गका वा झुसको प्रभावमा आँखाको ज्योति नै समाप्त हुने तथ्यले एक चेत दिएको घटना उघारिन्छ । यहाँ पूर्वस्मृतिलाई आधार बनाई समाख्यान गरिन्छ । विपन्न आमा नाङ्लामा तितौरा बेचेर पेट पाल्थिन् । सडकको किनारमा चिसो सिमेन्टीको चिसो सडकमा नाङ्ले व्यापारमा संलग्न पात्रलाई आधार बनाई कथानक प्रारम्भ गर्नु कसैले नदेखेको वा ओझेलमा परेका विषयभित्र डुबुल्की मार्ने लेखक उदारता सुरुमा पाइएको छ । सडकबालकलाई माया गर्ने लेखकको दृष्टि, उनलाई उत्प्रेरित गर्दै अपरेसन थिएटरसम्म पुऱ्याउने शर्मिला दिदी, आँखा र धनको व्यवस्था गर्ने टेक सर महाजन, आँखामा अर्को जन्म दिएर संसार देखाउने आँखा चिकित्सकहरू धन्य छन् । किशोर भने अति अनभिज्ञ छ, कुन दाताको उपस्थिति रहेछ भनेर पाठकले उत्सुकता बढाउँछन् ।

समाख्यान गर्ने आँखा नदेख्ने किशोर भन्छ, 'दिदी मेरो आफ्नो भन्नु आजसम्म को थियो थाहा भएन तर अबदेखि तपाईंहरू नै हो ।' यसमा आशाको दियो, शक्तिको चुरो मर्दैन जिजीविषा साथमा रहन्छन् । दृष्टि गुमेको एक युवकको अवस्था थिनले शर्मिला

नर्सको सेवा पाएको परिवेश प्रथमपटक हेर्न चाहँदा उपचार गर्ने डाक्टरसँग साक्षात्कार हुने चाहना गरेको व्यक्तिको इच्छापछि डाक्टर कौशललाई हेरेको बुझिन्छ । त्यसपछि भने हेर्नलायक केही छैन, पशुपति आर्यघाट छ, मरेका शरीर जलाउन लाम लगाइएका, गिद्धका आकारमा जहाज उडिरहेका, सिनो देखिने बागमती, कतै हेर्नलायक केही देखिँदैन तर दृष्टि खोलेर हेर्नुपर्छ, त्यही नहेरी नहुने हेर्न बाध्य पारिएको दश वर्षपहिलेको पशुपतिको परिशर हेर्दाहेर्दै त्रिनेत्र आजित रहन्छ, कति कठिन छ । हेरेर बाँच्दा भन्न सकिँदैन आफ्नै कारणले गुमेका नेत्र भगवान्जस्ता डाक्टरले फिर्ता गराएका छन् । डा.सन्दुक रुइत एक प्रतीक छन् ।

पशुपतिको आश्रममा जोगीको भेषका पात्र भेटिन्छन्, त्यस प्रकारको लटावाला एक पात्र त्रिनेत्रले भेटेको रहेछ, उसले भनेको छ, "आफूले हिर्डेंको बाटो नछोड्नू ।" उसका कुराबाट त्रसित पात्र भाग्न खोज्छ । तर त्यो जोगीले फेरि सोध्छ, "सत्य र समयसँग कहिलेसम्म भाग्छौं ?" जोगी भन्छ, "प्रकृतिले आफैं बदलिदिन्छ, बदलिने कोसिस आफैं नगर ।" 'मर्नका लागि त अझै हामीसँग लाखौं वर्ष बाँकी छ ।" दार्शनिक वाक्यहरू छन्, यहाँ मरेकाहरूलाई मृत्युको चिन्ता छ । हामी जीवितहरू मृत्यसँग डराउँछौं । आफैं प्रकृति उसको नियमले बदल्छ, यहाँ संसारको जीवन र जीवनको परिभाषा पाइन्छ । निराकार आनन्द, विसर्ज्ञति चेतले कृतिमा प्रवेश पाउँछ, पहाड-पर्वत, खोला, भिरको समेत एक मृत्यु जोगीको घोषणामा छ । 'मृत्यु सहज छ तर जीवन असहज छ, रूप मात्र बदलिन्छ, धरतीको प्राण रहेसम्म प्राणीको मृत्यु हुँदैन' भन्नेसम्म उदाउँछ ।

यस समाख्यताले देख्ने आँखाको दृश्य र मनको दृश्य फरक हुने छन् । कतिका आमा मरेका छन् तर आमाको भूमिका निर्वाह गर्ने अन्य आमाहरू पनि पाइने धरतीमा त्रिनेत्रले शर्मिला नै पाएको छ । उनको असीम मोह र प्रेरणा साथ र सहयोगको प्राप्ति पछि आँखाको ज्योति फिर्ता भएको पात्रलाई शर्मिलाले बूढानीलकण्ठ स्थानतिर डोहोऱ्याउँछिन् । कसैको साथ सहयोगले कहाँबाट कहाँ पुगिन्छ, बोध गरिन्छ । उपन्यासको दोस्रो परिच्छेदभित्र मानव जीवनको गन्तव्यमाथि निबन्धगत सोच मारिएको छ । हाम्रो पनि उपलब्धिका पछाडि कठिन सङ्घर्षको यात्रा रहन्छ । "खाल्टा, खोल्साहरू दुःख बिर्साउने खुड्किला हुन् ।" रेटिना-अदृश्यतत्त्वभित्र अदृश्य आत्माहरू तड्पिरहेका होलान् । समाख्याता पात्र कैलाश डाक्टर साबलाई भेट्न भनेर हिँडेका छन् । भेट्ने सम्भावना भए पनि पक्का छैन । तिलगङ्गा अस्पताल कहीं टाढा छैन । परिवेश राजधानीको केन्द्रमा पर्ने पाशुपत क्षेत्र हुँदै बूढानीलकण्ठ तथा तिलगङ्गा अस्पतालका ओरपरबाट टिपिन्छ । डाक्टरलाई भेट्न गएका पात्रले डाक्टर भेटे जसको पठनपाठन बूढानीलकण्ठ स्कुलमा भएकोसम्म बताइयो, बाँकी कुरा दाताका बारेमा केही भनिएन । डाक्टरका गुरुले गरेको

उदार कार्यमा थप कुरा डाक्टरले भन्न मिल्दैन रहेछ । "आफैँ बूढानीलकण्ठ स्कुलमा पुगेर बुझ्नू" भन्ने मात्र बुझाउँदा त्रिनेत्र भने अलमलमा रहे । आर्यघाटमा मानिस पोल्दापोल्दै केकस्तो चित्र आँखाले देख्छ, त्यो त्यही हो, त्यही नै हो बागमतीको आकार र स्वरूप पनि उही हो । हाम्रो राजधानी परिचयमा आउँछ, सडकमा बसयात्रा गरिन्छ, बसमा भिडभाड छ । पकेटको पैसा चोरीमा पर्छ । सडकमा गुड्ने बसको यात्रामा चालक र सहचालकसँग बिन्ती गर्नुपर्छ । यहाँ एउटा धन्दामा यौन व्यापारका लागि आमन्त्रण गर्छन् तर यहाँ पैसा नहुनेलाई गाली गरेर बिदा माग्छन् । यहाँ सोझो पेसाले बाँच्न सकिँदैन भन्ने एउटा कुरा छ भने माग्नेहरूको पेसा पनि छ । भोकले माग्छन् र पैसा कमाउने उद्देश्यले पनि माग गर्छन् । यहाँ विभिन्न प्रकारका आवश्यक र अनावश्यक व्यवहारका खेती गरिन्छन् । बूढानीलकण्ठ हिँडेको यात्रीले सडकमा भिखारी, यौनकर्मी र बसव्यवसायीसित भेटघाट गरेको साक्षात्कार हेर्दा विविधताभित्र सहर बाँचिरहन्छ । उपन्यास दृष्टिपथभित्र हाम्रो राजधानी काठमाडौँको सत्यकथा बोल्छ । यस आख्यानमा राजधानीको ट्राफिक नियम, माइक्रोबसको यात्रा र त्यसमा खाँदिएर गरिने अनुभूति जसलाई बिर्सन सकिँदैन किनभने सिटभन्दा दुगुना यात्री चढेर रत्नपार्कदेखि रिङरोड (गोङ्गबु बसपार्कछेउ) पुग्दाको भुक्तभोगमा मुन्टो लुकाएर पुग्नै कठिन हुन्छ । सबैतिर त्यस्तै रहेछ । त्यहाँ हामी भयौँ भने के देख्छौँ । कोचाकोचको यात्रैयात्रा, भाडामा किचकिच, गोजी काटियो भने पैसा नभए कुनै सज्जनले भाडा तिरेर सहयोग पनि गर्ने र यात्रुको सङ्ख्या बढी भए ट्राफिकबाट माइक्रोबस चालकमाथि हुने कारबाही दिन दिनमा हुन्छन् ।

पात्रको खोजीका क्रममा बूढानीलकण्ठ स्कुल, शिक्षक खडिन्द्र र उनले चिनाएका टेकप्रसादको परिचय मिल्छ । टेकप्रसाद पूर्वशिक्षक रहेका छन् । हामीले पढेको राजनीतिशास्त्रभन्दा गहिरो पठन, धर्मशास्त्रको सही चेतना त्यस्तै पात्रबाट हुने छ । धर्मशास्त्रका पुस्तकहरू अपभ्रंश भएका हुने कारण पनि खोजिन्छ । जस्ताको त्यस्तै पुस्तान्तरण हुँदैनन् । केही लुकाएर, केही थपेर आउँदा अर्कै पाठ बनेको अनुभूति हुन्छ । समयको सूचनामा बन्धुत्व र कुटुम्ब हराउँदै गएको छ । त्यसैले हामी हुनुको र नहुनुको आभास स्थापित गर्न सक्दैनौँ ।

आख्यानमा संवादबाट विषय प्रकाश गरिँदा अलिकति गहिराइमा पस्न सकिन्छ । समाख्यता एक्लै बोल्दा विषयले जति गहिराइ लिन्छ त्यसभन्दा पनि अतुल गहिराइ नाटकीय ढाँचाले हुन्छ । त्यसैले हाम्रो पृथ्वीको उत्पत्ति र मानवको विकास, बूढानीलकण्ठको पूर्व उत्खनन र स्थापना, ब्रह्माण्डको बारेको बहस, द्वापर युगको अनुमान सूर्यकेतु भगवान् तथा सूर्य एक डल्लो आगो भएको वैज्ञानिक अनुमानका विषयको प्रमाणलाई खडिन्द्र र त्रिनेत्रका संवादमा आबद्ध गरिन्छ । त्यहाँ सूक्तिहरू

प्रशस्त रोचक भई आउँछन् । एउटा मात्र जीवन पनि प्रश्नहरूको थुप्रो हो, समाजमा गर्न हुने र नहुने विधि नियमले क्रमशः संस्कारको रूप धारणा गर्छ । आज पुरातत्व विभागको काम कतै हुने हो भने मठमन्दिरको उत्पत्तिका कथा वा किंवदन्तीहरूमा गहिरो अध्ययन हुने छ ।

हाम्रो राजधानीबाट बाहिर बिरगन्ज जान कुनै यात्री झोला बोकेर सडकमा निस्किएको देखे भने यात्राका कर्मचारी र चालकले यता र उता भन्दै तान्न खोज्छन् । काउन्टरमा गएर टिकट लिन पनि नयाँ मानिसलाई हैरानी हुने छ । कसैले सरल तरिकाले केही नदिने ठाउँ नै सहर काठमाडौँ हो । यहाँ के को दुःख छ ? 'सडकमा फोहोर छ, सडकपेटीमा ओहोरदोहोर, बाटामै पसल विचित्रका नजर छन् । नत्र त यहाँ, बाघ, भालु, अजिङ्गर सबैले मानिसको रूप धारण गरेर हिँडेका छन् ।' सहचालक सिट नभए पनि खालि सिट छ भनिरहन्छ, गाडी भेटिए पनि सजिलो यात्रा छैन । काठमाडौँभन्दा बिरगन्ज फरक स्वभाव बोकेको ठाउँ हो भन्ने एक परिचय यहाँ प्रकाशमा आउँछ । काठमाडौँमा केही घरवरपरको पात्र चिन्न सकिँदैन तर बिरगन्जमा रिक्सा चलाउने पात्रले रजनिश नामक सबै प्रकारका पात्रलाई चिनेको स्थितिले सहरको भिन्नता झल्काउँछ । सहरमा कोही परचक्री आएमा चियाको सत्कार त के राम्रो बोल्दा पनि बोलीको पैसा लाग्नेजस्तो गरिन्छ तर कलेजका प्राध्यापक रजनिश अख्तरले नवआगन्तुकलाई गरेको स्वागत र जति बस्ने इच्छा छ काम भएसम्म बस्नुहोला, आफ्नै घर ठान्नुहोला भनेका छन् । रिक्सावालासम्मले गुरुजीको अतिथि भनेर भाडा लिन मानेन, यो आदर्श ठुला सहरतिर छैन । बिरगन्जमा माइस्थान, आदर्शनगर, भिस्वानगर, भग्वा, बितानगरीजस्ता स्थान प्रसिद्ध छन् ।

पठनपाठनमा नेपालको तराईका कतिपय विश्वविद्यालयका क्याम्पसमा परीक्षा हलभित्रै गलत तरिकाले कागज-नोट-बुकको प्रयोग भई परीक्षा अमर्यादित रहने विषयमा संवाद अगाडि बढ्छ । पात्र रजनिशको विचार प्रबल छ, सके परिवेश बदल्नुपर्छ, नसकेमा आफैँ बदलिनुपर्छ । ठाउँ छोड्नुपर्छ । यो बाटो टेकप्रसादले देखाएको बाटो हो, समन गर्न नसक्नेहरू टेकप्रसादभैँ स्थानबाट बाहिरिन्छन् । सुधारक टेकप्रसाद वा प्राचीनका सुकरात भने चर्पी बनाएर दिसा गर्ने ठाउँ बनाउने अभियानमा सरिक रहेकाले समाज निर्माणमा उहाँको योगदान उच्च छ । नेपालको सिमानामा जेजस्तो पैठारी र निकासी हुन्छ त्यसको विषय यहाँ सान्दर्भिक छ । बिरगन्ज पुगिएको छ । सीमाको विवादमा विदेशी र तराईवासीमा हुने भिडन्त, पुनर्वासमा हुने भनिएको भारतीय हस्तक्षेप, नेपालको जमिन रातारात भारतीयको थिचोमिचोमा पर्ने समस्यासित समाख्याता त्रिनेत्र र टेकप्रसाद सर अत्यन्त सचेत भएका छन् । उत्तरदाता रजनिश छन् । निजी काममा सरिक गराउने भाउजू र आफ्नो समाजको भलो सोच्ने टेकप्रसादमा मेलमिलाप थिएन । आफ्नो छोरालाई छात्रवृत्ति मिलाउन नचाहने र

प्रतिभा तथा बलले काम सम्पन्न गर्नुपर्छ भन्ने टेकसरको दृष्टि फरक हो । छोराछोरीको पढाइ, पठनपाठन एक सीमाबद्ध कोर्सतिर, बाको पढाइ पूरै समाजको पठनतिर तानिएको बताइन्छ । पारिवारिक विषयमा रजनिशकी पुत्री र टेकप्रसादको अगाधप्रेम र वात्सल्य मायाममता जोडिएको सन्दर्भ उठ्छ । मायाममताले छोरी बबितालाई माया गर्ने यी टेकप्रसाद अहिले पात्रबाटै चिनाइएका पात्रमा समाजका प्रमुख सचेतक, सुधारक र प्रशस्त गुणी तथा ज्ञानी पात्र हुने बुझिन्छ ।

२.१ पात्र भाषामा एक उपमा

'मेरी छोरीले सरको घटना थाहा पायो भने त पागल हुन्छे', यी भनाइमा रजनिशले बोल्दा पदसङ्गति विचलन भएको छ । "अँ बाबु ! तिमी कहाँबाट आयौ कर ? केका लागि आयौ ? कि ती बुढीलाई लिन पठाए कर मास्टर !" टेकप्रसाद सरकै विषयको उपन्यास हो, उनका बारेमा अनेक कोणबाट कुरा हुन्छन् । उनको जीवनलाई प्रमुखपात्रमा स्थापित गरिन्छ । टेकप्रसाद भनिएका पात्रलाई बिरगन्जमा बबिता भनिने बालिकाले धेरै मोह भरेको घटना सुनाइन्छ । हरेक शुक्रवार बेलुका टेक सरसँगै खाना खाने बबिता सरको मुखमा खाँदाखाँदैको भात घसिदिन्थी अनि आफैंले जिब्राले चाट्थी । सानी छउन्जेल निकै चकचके छोरी बबिताले हरेक शुक्रवार बेलुका खाना नखाएको अहिले धेरै वर्ष भयो । उसलाई बिर्साउन धेरै कोसिस गरैं तर सकिएन ।" यहाँ बालमनोविज्ञानको अंश छ, धेरै प्रकारले पठन हुने ठाउँ देखिन्छ ।

यस कृतिमा इतिहास उदाउँछ, वि.सं.२०७२ सालको भूकम्प, धरहराबाट झरेका पात्रहरू, त्यसमा परेका कति पात्रले अर्कै ठाउँमा पराकम्पबाट पुरिएका कति मानवको उद्धार गरेको इतिहास, यी यस्ता विषय छन्, यी इतिहासका पातामा अङ्कित छन् । कृतिमा आजको समाजमा नारी हकडकका विषयले ठाउँ पाएका छन् । धेरै परिवारमा पितृसत्ता भए पनि नारीको जिद्धीभित्र समाज अल्झिएको स्थिति छ । बबिताको विषयमा उनकी आमाको हकडक छ ।

२.२ **सत्ताको कुरा पितृसत्ता नामक** : सत्ताधारी देशमा र महिला कोटाको युग सुरु भएको स्थिति छ । महिलालाई सीमा पार गर्दा केरकार गर्ने नियम प्रहरीले लगाउँछ तर पुरुषलाई सोधेनन् । यसलाई पुरुषको कोटा भनिदिन्छन् ।

नेपाल-भारत सिमाना खुला, सामानको निकासी-पैठारी, भारतमा वैध ठहरिने ओखती नेपालमा अवैध, लुकाई-छिपाई त्यही औषधि नेपाल ल्याई बिक्री गरेमा प्रशस्त नहोस्, थोरै फाइदा हुने भएपछि पेटकै समस्याले पेटमा प्लास्टिकले बाँधेर ल्याएका घटना साधारण हुन्छन् । यहाँ कति पक्राउ परेर जेल जान्छन्, कति भने सुटुक्क उम्कन्छन् । यी सबैको एउटै कारण पेटरूपी ठुलो अभिशाप जीवन्त छ, जसलाई पात्रका मुखबाट स्पष्ट गरिन्छ ।

उपन्यासको विषयले सीमाभित्रका कुरामा प्रवेश पाउँछ । कतै सीमाक्षेत्रमा कोही घटनामा विनाप्रहरी केही चल्दैन ।

यात्रीले चराको आवतजावतलाई रमाइलो गरी हेरे, मानिसभन्दा चरा पो स्वतन्त्र हुन्छ । समाजको रूपान्तरणमा अलि कति भुकेको, आफन्तभन्दा परचक्रीको सेवामा रुचि बढाएको, छलछामको राजनीतिको विरोधमा उभिएको, सरकारी कोटामा उचित पात्रको छनोटमा जोड गर्ने विचारपथको कृति हुने अनुमान मध्य भागले देखाउँछ ।

३.० पर्यावरण चित्र

पर्यावरण (ऋषिभग) बाहिरी र भित्री दुई प्रकारबाट परिभाषित हुन्छन् । बाहिरी पर्यावरणलाई स्थल रूप मानिन्छ । जसमा घर, खेत, बोट, बिरुवा, सहर, डाँडा, खोला, जनावर, भिर तथा मानवको बस्तीको हावापानी समेटिन्छन् । त्यसैगरी भित्री पर्यावरणमा समाजका रीतिस्थिति, चलन, लेनदेन, दिन दिनको गतिविधि, भोलिको इच्छा र अभिलाषा तथा अहिले समाजका मानिसले प्राथमिकतामा राखेको व्यवहारसमेत समेटिन्छ जसलाई सूक्ष्म पर्यावरण भनिन्छ । साहित्यका समाजशास्त्रीहरूमा प्रत्यक्षवादी विधेयवादी दृष्टिमा यस्ता विषयको आलोचक टेकप्रसाद बिरगन्जबाट भागेको बुझिन्छ ।

आजको कुसंस्कार वा सूक्ष्म पर्यावरण चित्रणमा भनिएको छ "छोराछोरी विदेश पठाउने, विदेशी चाड मनाउने, नक्कल गर्नमा रमाउने, कामधाम नगर्ने, अबेरसम्म सुत्नेसँग नफरत छ ।" पात्र खलिफा एक कुशल वक्ता हो । बाँकी यात्रा प्युठानतिर ।

३.१ नियात्रा

आख्यानमा नियात्रा घुसेर आउँछ । त्यसले अचारको काम दिन्छ । स्वाद फरक भएपछि केही मजा हुन्छ । बिरगन्ज, हेटौडा, रामनगर हुँदै प्युठानतिरको बसयात्रामा एक अनुभूति हुन्छ जसमा दुःख र सुख साथी छन् । नियात्रासित संस्कार मिसिने रहेछ । अतिथिमाथि गरिने आदर एक भव्य चिन्तन हो । हाम्रो संस्करण पाहुनाको आदर गर भन्छ । देवताजस्तै मान गरेका घटना बिरगन्ज र प्युठानमा पाइएका छन् । घरगृहस्थी छ भने गाउँमा गाई, भैँसी पाल्ने, दुध दुहुने, कुँडोखोले पकाउने तथा गोबरले आँगन लिपपोत गर्ने पहाडी संस्कारमा हामी हुर्किएका छौँ । ससाना विषय छन्, भैँसी, गाई, पाडो, घाँस, खोले, दुध र पानी माथि गाउँभित्र गरिने कार्य जोडिएर आएका छन् । आमालाई माया गर्नेहरू फर्किएर हेर्लान् तर यहाँ छोराछोरी पनि घरबाट हिँडेपछि फर्किएर आउन जान्दैनन्, पत्नी छोडेर पति महाशय पनि हराएका हुन्छन् । टेकप्रसाद सर भनिएका प्रमुख पात्रकी पत्नी भाग्यलक्ष्मीको भाषणमा उदाएका शब्द भने उनको स्तरका छैनन् । 'मेरा छोराछोरीलाई राम्रै संस्कार दिएँ भन्ठानेकी थिएँ तर मेरा संस्कारमा पनि बिष घोलिएको रहेछ ।" साधारण महिला पढ्न नपाएकी गृहिणीले प्रयोग गरेका शब्दमा लेखक आफैँ छिरेका छन् । पहिले नै बितेका पतिको हालत थाहा नपाएर भाग्यलक्ष्मी गुनासो गर्छिन् । त्रिनेत्रले कुरा लुकाएर बोल्नै पर्ने स्थिति छ ।

३.२ संस्कारको पठन

अहिले कताको संस्कार पसेर नेपाली समाजमा पारपाचुके (डिभोर्सी)को कुप्रथा बढेको स्थिति छ। कतै पतिले यज्ञको आगो तापेपछि पत्नीले विचार नमिले पनि आस्था र विश्वासमा जुनी काट्ने हाम्रो धर्मले सिकाउँछ। हामी वर्ष वर्षसम्म सबै कुरा सहरे पर्खिने संस्कारका पक्षपाती हौं। टेकप्रसादकी पत्नीले आफू दुलही भएर भित्रिएको कोठा देखाइन्। यो हाम्रो गौरव हो। हाम्रा संस्कारगत मान्यता कडा छन् तर रिसका अगाडि निकम्मा हुन्छन्। पति र पत्नीमा एकले भनेको अर्काले मान्नुपर्छ नभए दुःख हुन्छ। समय बितेपछि पश्चाताप हुँदैन।

माटाको मोहमा संसार सुखी हुने छ। आफ्नो माटोप्रति झुकाउ छैन भने त्यहीं मृत्यु छ, त्यहीं शून्य छ र अधमता छ। यहाँ अधम नहुन आफू जन्मिएको स्थानको मोह पात्रबाट दर्शाइन्छ। कति भव्य छ ! आफूले जन्म पाएको घर कति प्रिय हुन्छ। त्यससँग टाढा हुँदा अहिले पनि बाहिर गएकाहरू भावुक हुने र नोस्टलजिया (ल्यकतबनिष्ब)बाट ग्रसित छन्। धैर्य गरेर बसेकी भाग्यलक्ष्मीको आधार माटो हो।

३.३ सहरभन्दा गाउँ सुन्दर

सहरमा मेसिनरी औजारको प्रयोग हुन्छ भने गाउँमा घट्टले गहुँ, मकै, धानको कुटानी-पिसानी गरिन्छ। सहरमा त्यति धेरै हेर्ने ठाउँ हुँदैनन्, गाउँमा बसियो भने नदी र सफा हिमाल नजिक आएको देखिन्छ। साथै गाउँमा आफैंले फलाएको अन्न र सागपात, आफैंले दुहेर खान पाइने गाईभैंसीको दुध, दाउरामा पकाएको चामल, आफ्नै हातले धाराबाट बाल्टीमा ल्याएको पिउने पानी, यी गाउँका राम्रा कुरा हुन्। सहरमा पानीको अभाव छ, सागसब्जी अशुद्ध छ, दुधमा आधा भाग पानी हुन्छ र दाउराले पकाएको भोजन पाइँदैन। यसले शरीर सन्चो र बलियो हुने भाग्यलक्ष्मीको जीवनचर्चामा पढिन्छ।

३.४ मृत्यु एक अपरिहार्य दुःखको क्षण

हामी कसैका सन्तान भएर जन्मन्छौं तर कति समय बाँच्ने भन्ने अत्तोपत्तो हुने छैन। यसमा पनि रहस्य नै रहस्य हुन्छन्। के कति काम गर्ने भन्ने थाहा छैन। पत्नी र पतिको सम्बन्ध अझैं गाढा छ। पत्नीले जीवनभर लखेटेका पति छन् र पतिले जीवनभर नहेरेका पीडित पत्नीहरू पनि धेरै छन्। सधैं झगडा गरेर समय कटाउने पतिपत्नी पनि छन्। मिलेर बस्ने नेपाली दम्पत्ति हिजो नब्बे प्रतिशत थिए, आज अलिक घटेका होलान् तर एकको मृत्युमा अर्को मूर्च्छा खाने, बिहोस हुने पति वा पत्नी धेरै छन् जो बाँच्दा सधैं एकले अर्काको नजर हेर्न मानेनन्। यो विषय टेकप्रसादको मरणमा पनि कायम छ।

३.५ अलिक नमिलेको पात्रभाषा

पात्रले तह र शिक्षादीक्षा सुहाउने पात्रभाषा बोले हुन्छ। बोली पनि शब्द र वाक्य पनि त्यस्तै हुन्छन् र हुनुपर्छ। त्यसपछि मात्र 'यथार्थको भ्रम' जन्मन्छ। साधारण साक्षर अथवा वर्णमात्रा मात्र पढेकी महिलाले संस्कृतका भव्य शब्द दोहन गर्न लागिन् भने कृतिमा अनन्त दोष देखिन

थाल्छन् । अहिलेका पढालेखा सन्तानले गर्ने व्यवहारमाथि, उनले भुलिदिएका बाटाहरूमाथि कुनै अशिक्षित महिलाले सचेत गराइन् भने आफ्नै तहका बोली र वाक्यबाट गराउने छिन् तर त्यसो भएन भने कृतिकारको असफलता झल्कन्छ। "बुबाले छोराछोरीलाई अबका दिनमा कसरी खुवाउने भनी सोचिरहन्छन् र अहोरात्र दश नङ्ग्रा घोटिरहन्छ ।" यस्तो भनाइमा कुनै अपठित नारीको आभास छैन।

३.६ समाजको सजीव स्वरूप

आज संसारमा मानव जीवित भएसम्म कुनै प्रतिक्रिया नजनाउने र पितामाताको स्थितिमाथि चिन्तन नगर्ने स्वार्थले खेल खेल्छ, मरेपछि भने कुनै उपायले रुने कराउने चलन सामाजिक मान्यता हो जसको अवलम्बन विजेन्द्रले गरेको पाइन्छ। विजेन्द्र टेकप्रसादको छोरो हो, जो स्वास्थ्यकर्मी पनि हो।

आश्रममा धनीराम बस्छ, उसले दिएको पोकोभित्र अक्षर भेटिएको स्थिति छ तर मङ्गलमानले पठन गरेर प्राप्त अर्थमा भने धर्म, सिद्धान्त, संस्कृति र आचारविचारको लामो भाषण छ जसको सिर्जनाकर्ता टेकप्रसाद हुन्छन् । "आस्था र विश्वासका कुरालाई धर्मको जरो मानिन्छ ।" प्राणीको रक्षा नै हरेक धर्मको लक्ष्य हो । उक्त पाण्डुलिपि भगवान् शिव उत्पत्तिका विषयबाट पठन गरिन्छ। भगवान अस्तित्वमा छन्, छैनन् भन्नु उचित छैन त्यही भगवान्प्रतिको आस्थाका केन्द्रमध्ये पशुपति क्षेत्र पनि हुनुपर्छ । पशुपतिनाथको विषयको कथन अनुसन्धेय छ, सगरमाथाको शिरमा बस्ने भगवान् शिवको जन्म र मरण छैन । सत्ययुगमा सत्यवादी, त्रेतायुगमा तपोवती, द्वापरयुगमा मुक्ति सोपान र कलियुगमा नेपालिकी भएको यस नेपाल भूमिमा नेपालको अस्तित्व सत्ययुगदेखि नै रहेको मानिन्छ । पशुपतिनाथको उत्पत्ति यसको महिमा र शक्तिको चर्चापछि नेपालको उत्पत्तिमाथि अर्को पाटो उपस्थित हुन्छ । किंवदन्ती, संस्कृति तथा आस्था-विश्वासका कुरा मन्थन गर्दा शिव भनेका प्रकृति हुन् । शिवमाथिको भक्तिभाव-भक्तिमार्ग विशिष्ट हुने उल्लेख भएको छ । मानव भलाइको लागि पशुपति क्षेत्रमा लाग्ने टेकप्रसाद यसैमा सन्ताप गर्थे । यहाँ औपन्यासिक मूल्य घटेर पुरातत्वज्ञानको मोल प्रबल बन्दै जान्छ। अब भूगर्भशास्त्रको पठनपाठन सुरू हुन्छ। गुह्येश्वरी र किरातकाल, मृगहरू चर्ने मृगस्थली, वि.सं.२०७२ को भूकम्पअसर र विश्वरूप महादेवको मन्दिर, पशुपति क्षेत्रका विभिन्न देवीदेवता स्थलपरिचयमा आउँदा यो एउटा सांस्कृतिक अनुसन्धानजस्तै लाग्छ।

टेकप्रसादले रोजेको दृष्टिपथमा हिँड्न कठिन छ। आँखा दान गरेर त्रिनेत्रले पाएका, शरीर दान गरेर शिक्षण अस्पतालले पाएको, लुकी लुकी छोरो डाक्टर पढेको हेरेका तर परिवारजनले पिताको जीवन रहेसम्म खोजी नगरेका स्वार्थी सन्तान यहाँ छौं।

४. निष्कर्ष

समाज मायामा चलेको हुन्छ, माया समान भएमा एक पक्षले अर्को पक्षको हितमा मन, धन र समय खर्च गर्छन् । आज भने मायामा विकार आएको छ, एक पक्षकाले

अर्को पक्षका पात्रको मायामा जीवन खर्च गर्छन् । अथवा बाआमाले छोराछोरीको मायामा सम्पूर्ण शक्ति अर्पण गर्छन् तर सन्तानले भने मरेपछि मात्र नाटकीय माया देखाउँछ । यहाँ छोराछोरीले बाबु टेकप्रसाद मरेर गएको कति समयपछि खोज्न थालेका छन् तर बाबु टेकप्रसादले भने छोरालाई पढ्ने खर्च कसैले थाहा नपाउने गरी भरपुर गरेको स्थिति छ । हाम्रो शरीर दृष्टिपथमा मानवको उद्धारमाथि मरणोपरान्त दान गर्न मिल्छ । लामा संवाद चलेका छन् । कुनै पात्रले अर्को मानव पात्रलाई जीवनमा मात्र होइन मरणपछि समेत दान गर्नसक्ने सोचाइ हुन्छ । यहाँ टेकप्रसादले आँखा दिएको र त्रिनेत्रले पाएको कथानक छ जसमा संवादशैली सबल रहन्छ । केटाकेटीको संसार पवित्र हुन्छ । यसमा स्वार्थको अंश हुँदैन, समयकै ओतन्यमा उनीहरूको स्वभाव विकसित हुन्छ । हाम्रा पालामा बाजेले धेरै माया गर्ने हामी केटाकेटी बाबुको हप्की र तर्साइमा डराएर बस्थ्यौं । त्यसैले भविष्यको बाटोमा इच्छाशक्ति जगाएर आर्यौं । आजका केटाकेटी प्याट्ट कुट्दा पनि अर्थ नबुझ्ने, रोएर थर्काउने, बाबुको अगाडि बिन्तीको रुवाइ पोख्ने चरित्रकाहरू धेरै प्रतिशतमा पर्दै छन् । अहिले बाजे-बज्यैलाई नटेर्ने, अराएको नसुन्ने र वास्ता नगर्ने धर्मका छन् भन्ने प्रमाण दृष्टिपथको छैटौं परिच्छेदले देखाउँछ । हाम्रा पुर्खाको पराक्रम र लगनशीलताका अगाडि हामीलाई लाज लाग्छ । उनले गरेका निर्माणका कामहरू अति विकट छन्, त्यसमा उकालो छ । पशुपतिनाथको टुँडालमा बनेका चित्रमूर्ति र आकारहरू, भक्तपुरमा बनेका देवालय र दरबारहरू हेर्दा हामीले बिताएको समय त्यसै खेर जाँदै छ जसको स्मरण परिच्छेद छैटौंमा गरिएको छ । अस्पतालमा शरीर दान गर्नेका शरीरले परीक्षणमा सहयोग गर्छन्, सोही प्रयोजनार्थ कति शव राखिएको मसानकक्ष दुर्गन्धले भरिएको हुन्छ र कति बेवारिसे लास हुन्छन् । त्यो शवगृह (मर्चरी) मा शरीर सकिएर लास बनेकाहरूका आत्मा कतै भौंतारिंदा होलान् । टेकप्रसादका छोरा (विजेन्द्र)ले आफ्ना पिताको शवको स्थिति अध्ययन गर्दा उहाँको योगदानमाथि चिन्तन गरेको बुझिन्छ ।

समाख्यता बालकमा आँखा गुमाएको पात्रले कसैको सहयोगमा आँखा पाएको विषयको संवादात्मक कथनभित्र आख्यान बनाइएको छ । कसैको परिवारमा जन्मिएर मात्र उसको छोरो भइँदैन, कर्म पनि छोराकै गर्नुपर्छ । यस कृतिमा भाववाची शब्द, वाक्य र अनुच्छेदको लर्को छ, त्यसलाई आख्यानले पचाएको छैन किनकि अहिले उपदेश लिनेको कमी छ । जीवनभर केही नगर्ने, मरेपछि पश्चाताप गर्नेहरू धेरै छौं तर अरूका निम्ति मर्नेहरू हजारमा एक छन् । यहाँ टेकप्रसाद छन् ।

यो कृति पितापुर्खाको पक्षबाट वकालत गर्छ । पात्रसँगको संवाद गराइमा कमजोरी रहेको स्पष्टै हुन्छ । कस्तो पात्रले कुन तहको भाषा बोल्छ र वक्ताले कससित कुन तहको संवाद लगाउनुपर्छ भन्ने कुरा नमिलेरै उपन्यास सकिन्छ ।

बाटो

❖ मीरा मञ्जरी

मेरा कोत्रिएका पैतालाका डोबहरू
परवाट प्रस्टै चिनियोस
धाँजा फाटेका मेरा कुर्कुच्चाबाट
तप तप चुहिएका रक्तबुँदहरू
मेरा पहिचान बनुन्
तराईको उष्णतालाई सहेर
झर झर परेका पैतालामा
धर्तीको ताप थमाउँदै
आफ्नै दाँत किटेर सहन गर्दै
पूर्वजन्मको कमाइमा
विश्वास छ ममा
किनकि बेसरी रटाइएकी छु
त्यसैले त निसङ्कोच खपिरहेछु
चोखिने बाटो खन्न तम्सिएकी हुँ
हरदुःखका काँडा पन्साएर
बाटो आफैंले बनाएँ
तर एकै दिनको भेलले
मेरो बाटो मेटियो !
विनाबाटोकी भएँ म
पहाडे पँधेरोदेखि गग्रेटोसम्म नै
मैरै पाइतालाका डोबहरू
म एक्लैले निसानी बनाएर
गाग्रोभरि पानी बोकेर ल्याई
आफूलगायत परिवार सिञ्चित गराइरहेथैं
एकै दिनको वाढीले
सोरपटेर पारेर
तहसनहस बनाईदिएपछि
बाटोविहीन बनैं म !
हिमाल उक्लिएर चढ्नलाई
साहस बटुल्दै
तिनै कोत्रिएका मेरा पैताला
हिउँमा बझार्दै
बाटो नियाली हिँडे
हिउँमा झरेका खुट्टाका औंला बटुल्दै
भोलिको मेरो फर्कने वाटो
औंल्याउँदै बाटो सजाउँदै थिएँ
मेरा पैतालाका डोबहरू
एकै रातमा बर्सिएको हिउँले
निमिट्यान्न पारेपछि
विचलित भएँ, आत्तिएँ म
कठ्याङ्ग्रिएँ म बाटोविहीन बनैं म !

मेरो अडानमा किन बिघ्नको
तुषारापातले पच्छ्याइरहन्छ ?
ज्यान थमाउन भए पनि अब म
ऋरूले खनेको बाटो हिँड्न बाध्य भएँ
तर धोखा !
सारो लडैं म ।
बेस्सरी चिप्ल्याइएको रहेछ बाटो
अर्धनग्न शरीर डोर्‍याउँदै थिएँ
बाटैमा नरभक्षीको सिकार बनैं
पेटमा जीव सल्बलाउन थाल्यो
गल्ती मैरै ठहराइयो
सदाका लागि बाटामा पुर्‍याइएँ
बाटामै पेटको जीवलाई अवतरण गराएँ
ऊ बाटाको साथी बन्यो
बाटो हाम्रो जीवनसाथी !

मेचीनगर ९, झापा, कोसी प्रदेश
mirakafleypokharel@gmail.com

रातो बाकस !

❖ नवराज श्रेष्ठ

नेपालमा गणतन्त्र घोषणा भएको दिनदेखि आजसम्म सबैभन्दा धेरै सरकारको नेतृत्व गर्ने वा भनौं सत्तासाझेदारी गर्ने दल हो नेकपा माओवादी । 'तातो न छारो यो गुइँठे मोरो' भनेझैं उही टाउके र पुछ्रेले गणतन्त्रको स्वादिलो रसपान गरे ! भुइँमान्छेका लागि त उही हो 'दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले' मात्रै त भइरह्यो ! हो जस्तो लाग्यो दगुरैं, हान भन्यो हान्दिएँ, खा भन्यो खाइदिएँ ! अहिले आएर टिकी ट्याँस ... ट्यास ..!

विपी र गिरिजाका समयदेखि विराटनगर जुटमिलमा कथित मजदुर आन्दोलनका नाममा सुरु भएको आगोको झिल्को २०५२ सालपछि जब माओवादीले सशस्त्र जनविद्रोहको घोषणा गरे अनि उक्त आगो हुरुरु दन्किन थाल्यो । वि.सं.२०५८ मा आइपुग्दा चरम उत्कर्षमा पुग्यो त्यसपछि ६२/६३ सम्म पुग्दा देशभित्र भएभरका सबै उद्योग कलकारखाना जलेर, आन्दोलनको रापमा परेर वा भनौं बेचेर खाएर खरानी भइसकेका थिए । ल ! कलकारखाना जति खरानी बनाए ठिक छ तर के हामी नेपालीले जुटमिल खरानी भयो भन्दैमा जुटका सामग्री प्रयोग गर्न छोड्यौं ?, हेटौंडा कपडा उद्योग खरानी भयो भन्दैमा पहिरन लगाउन छोड्यौं ?, गोरखकाली रबर उद्योग खरानी भयो भन्दैमा रबरका सामग्री प्रयोग गर्न छोड्यौं ? भृकुटी कागज कारखाना खरानी भयो भन्दैमा कागजका सामग्री प्रयोग गर्न छोड्यौं ?, त्यसैगरी छाला, सुर्ती, चिनी, सिमेन्ट आदिइत्यादि सामग्री उपभोग गर्न छोडेका छैनौं नि । जुनसुकै तन्त्र आए र गए पनि उपभोग्य वस्तु चाहिन्छ नै, खालि खोक्रो भाषण र एकादेशको सिद्धान्तले पेट भरिँदैन ।

यसरी योजनाबद्ध ढङ्गले एकपछि अर्को गर्दै सम्पूर्ण उद्योग तथा कलकारखाना ध्वस्त गरेपछि बेरोजगारी बढ्ने मात्रै होइन सबै खालका उपभोग्य वस्तु विदेशबाट आयात गर्नुपर्दा भारी मात्रामा नेपाली मुद्रा पलायन हुनगई कालान्तरमा भयङ्कर माहामारी र भोकमरी चल्नसक्ने वा अर्काका सामान बेच्ने एकाधिकार बजारका रूपमा हाम्रो देशलाई प्रयोग गरिएको होइन र ? यस वेला कुनै राजनीतिक दलले यसको जिम्मा

लिएर के अर्थ राख्छ र ?

हामी नेपालीले मोटर, गाडी, मोबाइल त आयात गर्छौं नै, गरिरहेकै छौं । सारै उराठलाग्दो त यो छ कि हामीले साँझ-बिहान खानुपर्ने लसुन चाइनाबाट, प्याज भारतबाट, आलु भुटानबाट आयात गरिरहेका छौं र खाइरहेका छौं । यसो भन्दा र सुन्दा सामान्य लागे पनि आफ्नै पाखोपखेरो, खेत, बारी बाँझो राखी सबै चिज किनेर खानु भनेको लाजमर्दो विषय हो । हामी भुइँमान्छे भनाउँदा पनि उस्तै हौं, खालि साँझ परेपछि १० जना मिल्यो घ्याम्पो रित्तो बनायो, धारे हात देखाउँदै नेतालाई गाली गर्‌यो अनि सिमखेत चाहिँ बाँझो राख्यो ! काम नगर्ने वा कामभन्दा बढी कुरा गर्ने हाम्रो बानी पनि कम जिम्मेवार छैन नि । याद राख मित्र ! गरे के पो हुँदैन र ! 'गर्ने काम गरेपछि ढुङ्गा पनि मुगा बन्छ घन छिनो परेपछि ।' जीवनको महत्त्व उसलाई थाहा हुन्छ जसले पसिना बगाएर आफ्नै भाग्य बदल्न सक्छ ।

हाम्रा बुद्धिजीवी युवा नेता भनाउँदाहरू प्रत्यक्ष प्रसारण भइरहेका वेला संसद् भवनभित्र रोस्टममा उभिएर यस्तो गफ ठोक्छन्, 'जसरी हुन्छ एमसिसी पास गरी अमेरिकाबाट ५० अर्ब ल्याऊँ अनि भारतबाट ६० अर्ब ल्याऊँ त्यसपछि चीनबाट ७० अर्ब ल्याऊँ !' ह्याकु जदौ राम... राम... मिलिजुली बाँडेर झ्याम पार्रौं लै... लै... । मानौं कि यी देशहरूले नेपालबाट ऋण लिएर लगेका छन् र जसरी भए पनि फिर्ता गर्नुपर्छ । यस्ता जनप्रतिनिधिले घुँडा धसेर गधाजसरी कसको भारी बोकिरहेका छन् ! सजिलैसँग अनुमान लगाउन सकिन्छ । हैन हो, यी माननीयहरूको मगजमा कस्तो प्रकारको लादी भरिएको हुन्छ हो ! सिङ्गो देशलाई मागी खाने कचौरो सम्झन्छन् त ! आगामी दिनका प्रधानमन्त्री परेका खोपडीले यति पनि यकिन गर्नसक्दैनन् कि हरेक दिन नेपालबाट अमेरिकाले एक अर्बभन्दा धेरै, चाइनाले तीन अर्बभन्दा धेरै, भारतले पाच अर्बभन्दा धेरै नेपाली रूपैयाँ लिएर गइरहेका छन्, नेपाली पैसा बगिरहेको छ भन्ने कुरा ! अनि कसरी हामी, हाम्रै देशभित्र सुरक्षित छौं त ?

लगभग ७० वर्षको सेरोफेरोमा सातओटा ऐन लागू गर्ने देशमा संविधानको मूल्य एउटी प्रेमिकाको प्रेमपत्रजति पनि किन छैन ! किनकि एकै प्रकृतिको घटनालाई पनि संविधानको एउटा धाराले दोषी भन्छ भने अर्को धाराले निर्दोष ! एउटै प्रकृतिको विषयमा पनि फरक फरक व्याख्या ! यसकारण पीडितले न्याय पाउँदैन भन्ने कुरा प्रस्ट हुन्छ कि गत आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ४० हजारओटा मुद्दा दर्ता भएकामा जम्माजम्मी दुई सयभन्दा कम मुद्दाको मात्रै छिनोफानो भएको छ ! अझै भनौं यो देशमा न्यायको मृत्यु भइसक्यो भन्ने कुरा त 'सत्य निरुपण तथा मेलमिलाप आयोग' र 'बेपत्ता छानबिन आयोग'ले देखाएको चर्तीकलाले स्पष्ट पार्दछ/पारिरहेको छ । कि त 'आफ्नो जिम्मा आफैं लेऊ' भन होइन र यदि राज्य

छ भने, सरकार छ भने, न्यायालय छ भने घाम छँदै उचित निर्णय देऊ, नत्र पीडित र पिडक दुबै स्वर्गवास भइसकेपछि आएको फैसलाको कुनै औचित्य छैन, हुँदैन । कानुनकै भाषामा पनि पनि 'ढिलो न्याय दिनु अन्याय गर्नुबराबर हो' भनिन्छ क्यारे ।

मैले अचेल रेडियोमा समाचार सुन्न, टेलिभिजनमा समाचार हेर्न र दैनिक अखबारमा समाचार पढ्न छोडिसकेँ किनकि यी समाचारले मलाई तनाबग्रस्त बनाउँछन् । नबनाउन् पनि कसरी ! सधैँ उस्तै समाचार 'फलानो काण्डमा फलानो नेताको संलग्नता', 'फलानो नेताले फलानो नेतालाई भ्रष्टाचारको आरोप लगायो', 'फलानो नेता सहकारी ठगीमा संलग्न', 'फलानो नेता सुन तस्करीमा मुछियो', 'फलानो नेता मानवतस्करीमा संलग्न'जस्तै मात्रै बकम्फुसे विषय समाचार बनिरहेका छन् ! सकारात्मक समाचार पढ्न, सुन्न, हेर्न पाइँदैन ! कुनै नेताले महासभामा यस्तो मन्त्र जप्छन्, "प्रतिगामी तत्त्वले हामीलाई सरकारबाट घोक्रेठ्याक लगायो अब हामी जनतामा जान्छौँ, सिद्धान्त मिल्दोजुल्दोसँग पार्टी एकता गर्छौँ । तयारी अवस्थामा बस्नू कुनै पनि वेला दुङ्गा हान्न जानुपर्छ !" निर्लज्ज यस्ता उर्दी जारी गर्छन् ! आजसम्म कुनै सांसद, नेता, जनप्रतिनिधिले 'अब हामी सुशासन कायम गर्छौँ, अपराधीलाई कारबाही गर्छौँ, उद्योग कलकारखाना खोल्न सहजीकरण गर्छौँ, किसानका हकहितका लागि आबाज उठाउँछौँ' भन्ने भाषणै मात्र पनि गरेको र त्यते कार्यका लागि देखिने गरी पहलकदमी लिएको वा गरेको अहिलेसम्म सुन्न पाइएन भने किन समाचारको पछि दगुर्नु ? विश्वप्रसिद्ध नेपाली वैज्ञानिकले देशभित्र केही गरेर देखाउँछु भन्दै किताब बेची हिँड्नुपरेको छ ! दैनिक हजारौँ युवाले देश छोड्नु परेको छ ! जो देशमा बसे उनीहरू अपराधीको बिल्ला भिरेका नेताको पछि दगुर्नुपरेको छ ! अनि कसरी उँभो लाग्छ त नेपालीको जिन्दगानी ?

देशलाई रातो बाकससम्म पुर्‍याउँनबाट हामी आफैँ पनि अछुतो चैँ छैनौँ किनकि वीर गोर्खाली हामी दुध बेचेको पैसाले कोकाकोला किनेर पिउँछौँ ! मकैभटमास छोडेर लेज-कुकुरे खान्छौँ ! बरु विदेशीको गुलाम बन्छौँ तर आफ्नै देशमा केही गर्ने जाँगर चलाउँदैनौँ । एक कप चिया पिउन दशजना जम्मा हुन्छौँ र नानाथरिका गफ छाँट्दै दुई घण्टा बिताउँछौँ ! यसकारण अवस्था गम्भीर छ, वेला छँदै सोचौँ, विचार गरौँ । वेला बितिसकेपछि गम्भीर हुनुको त के अर्थ हुन्छ र ! सबैको जय होस् ।

जोगिमारा-७, धादिङ

'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
शब्द-संयोजन
मासिक' पढ्नुहोस् ।

❑ मुक्तक

❖ ध्रुवकृष्ण ताम्राकार

१
पहिचानको कसीमा सायद घस्न सकेन
बोल्न नसकेर कसैको मनमा बस्न सकेन
तराजुमा भारी हुन्छ आडम्बरीकै न्याय
ठुलालाई चैन निर्धालाई ऐन पच्न सकेन ।

२
कहीँ हार कहीँ जित जिन्दगीको यही नै हो रीत
धेरथोर सुखदुःख गाउन नछाडौँ सपनाका गीत
कहिले फुल्ने कहिले झर्ने समयको रिवाज हुन्छ नै
सम्झौता र हालतमा नघोटी हुँदैन गन्तव्यको जित ।

३
जिन्दगी एक आकाङ्क्षा थियो एउटा मृदुल सपनामा
बादलझैँ आकृति बनेर सजिन्छ एउटा कल्पनामा
किन्तु समयको निर्क्यौलविना बन्छ यो सधैँ अधुरो
सायद खोट नहोला घामको पर्खाइमा बित्ने चाहनामा ।

४
लडेर पनि हरेकचोटि म यहाँ उठ्ने प्रयास गरिरहेको छु
जून साथ छ म अँध्यारोमा पनि हिँड्न खोजिरहेको छु
फिक्री छैन जति काटुन् पात मेरो जराको अडान उस्तै छ
सत्य साथ छ ममा असत्य तोड्ने यकिन सदा भरिरहेको छु ।

५
रातको अर्थ नलगाऊ तिमी मेरो साथमा पनि जून छ
गाउन नसकौँला अर्को कुरा गुनगुनाउन सक्ने धुन छ
थाहा छ यहाँ बोल्नेको पिठो बिक्छ नबोल्नेको केही छैन
तैपनि कोसिस जारी छ ममा पनि संयम र धैर्यको गुण छ ।

६
अपरिचित छु फेरि पनि तिम्रो विश्वास प्रिय हुन थाल्छ
बोलेको छैन फेरि पनि तिम्रो आबाज सुन्न मन लाग्छ
भावना र ममत्व सायद मिठो सम्झनामा पोखिएर नै होला
यति दूरी अपनत्वको मनले किन हो यो मन पनि गाल्छ ।

पनौती, काभ्रे

जीवन छक्क

❖ बिन्दु अधिकारी ढकाल

"कति वर्ष अघिदेखिको मेरो सपना आज पूरा हुने भयो।" सगरमाथामै पाइला परेझैं गोपालले खुसी व्यक्त गऱ्यो। वास्तवमा उसको उज्यालोपनको मापन नै थिएन। छनक हेर्दा हृदयभित्र भित्रको पनि अझै भित्रबाट रमाएको आभास हुन्थ्यो!

त्यहाँ सडक र चौरमा गरेर थुप्रै मानिसहरूको उपस्थिति थियो। जम्ल्याहात जोड्ने फर्काउने क्रम पनि त्यति नै सशक्त देखिन्थ्यो। "नमस्कार सर, म हजुरको नजिकको मानिस हुँ नि। यसो हुँदा आज पाँच मिनेटको समय मार्गै, दिनुहुन्छ नि?" फ्याट्टै गोपालले भन्यो। "हैन, यो काम आज नगरौं। अर्को दिन।" ऊ मानिस त्यहाँभन्दा एक शब्द बोलेन। अरू त अरू बसेर चिया पिऊँ भन्दा पनि सुनेको नसुनै बरु घोप्टेर मोबाइल फोन चलाउन थाल्यो। प्रविधिको सदुपयोग गर्नु नाजायज होइन तर त्यसले चलाएको अलि सुहाएन। हो, मानिसले चाहिं चलाएको राम्रो!

गोपाल छक्क पऱ्यो र आफ्नै मनसँग कुरा गर्न थाल्यो, "यत्रो उत्साह बोकेर प्रस्ताव गर्दा पनि टसमस नहुँने कस्तो सन्की मान्छे रहेछ! यसलाई भाउ नपुगेको हो कि मान्छेसँग गर्ने व्यवहार के हो? थाहै छैन। कलमसँगको नाता बढी नै गाढा भएर यसको मगज उथलपुथल भएको त होइन?"

त्यहाँ सबै मानिस आआफ्नो धुनमा थिए। उज्यालो भएदेखि झन् झन् चहक ढकमक फूलजस्तै देखिए। जो आए गए अरूहरूको चहलपहल हेरी गोपालको फुर्ती विशेष हुनाले मेरा आँखा त्यहीं पुगे। फेरि पनि र अनि पनि।

कम मानिससँग घुलमिल हुने आदतको गोपाल हार्न नचाहने स्वभावको व्यक्ति हुनाले र ऊ मानिस पनि चुपचाप उभिएको देख्दा अचम्मको अर्को भाषा अलौकिक लागिरहेको थियो। "हजुर लेखक हैन त? म पाठक! यही मेसो कुरा गर्न पाँच मिनेट समय माग गरेको हुँ। यदि मैले मागेको त्यो पाँच मिनेट बढी भयो भन्नुहुन्छ भने घटाएर दुई मिनेट, त्यो बढी भए एक मिनेट र त्यो पनि नमिल्दा आधा...।"

लेखक न पाठक ऊ मानिसले कुरा सुन्नै चाहेन। "जे होस्, आज नगरौं। मलाई त्यो मुड छैन" भनेपछि गोपालको निवेदन बालुवामा पानी खन्याए बराबर भयो। यद्यपि मेरा आँखा गोपाल र ऊ मानिसमै केन्द्रित रहे। मेरो काम दृश्यलाई कैद गर्ने भएकाले

फटाफट पोज लिएँ । जरुरी छैन, त्यो देखाऊँ । मूल कर्म अफिसलाई ध्यान दिनुपर्ने हुनाले धार मोडियो । भर्नौं, मैले जगेर्ना गर्ने दृश्य अफिसमा पठाएपछि त्यो दिनको बोझ हल्का भयो । अनौपचारिक कामबारे न गोपाललाई थाहा भयो न त ऊ मानिसलाई नै ।

स्वभावका कुरा आफ्नै दाहिने खुट्टामा लगाएको चप्पल देब्रे खुट्टामा मिल्दैन भने सबैसँग आफ्नो सोच र विचार मिल्नुपर्छ भन्ने छैन तर गोपालको रहरमा ऊ मानिसको छाँटकाँट किन सुहाएन ? वास्तवमै भाउ नपुगेको हो वा अन्य कुनै कारण ! हुन त गहिरो कुरा मलाई पनि थाहा भएन । यद्यपि मैले बुझेअनुसार गोपाल समय माग्ने, ऊ मानिस उसलाई समय नदिने । चुरो कुरो यही होइन त ? वास्तविकता के हो ? कसैलाई थाहा छैन ।

मैले कैद गरेको दृश्यमा रेकर्ड नै भएछ "मलाई आज कर नगर्नू, बोल्न मन छैन ।" ऊ मानिसको हकमा त्यो मौसम किन बेमुड भयो ! घाम लागेर हो कि बादल हटेर । पानी नपरेर हो कि जाडो बढेर । खैर, जेहोस्, त्यो शीर्षक नै बन्द गरौं ।

"जीवन, तँलाई थाहा छ, आज मैले यहाँ कसलाई देखेँ ? लेखक ऊ ! हाम्रै आँगनबाट यताउता हिँड्दै रहेछन् । पहिला कोही होला भनेर वास्ता गरिनँ तर जब यकिन भयो...।" गोपालको आबाजलाई उछिन्दै जीवनले भन्यो, "लेखक ऊ ? यता आएका ? किन ? कसरी ? कोसँग ? अनि, त्यही वेला मलाई किन फोन नगरेको !" जीवनले थकथक मान्दै प्रश्नको चाङ गोपालको मगजमा हुऱ्यायो ।

लेखक ऊलाई ज्यु ज्यु नमस्कार गरेर पाँच मिनेटको समय माग्दा उपलब्ध नगराएको तितो वृतान्त गोपालले जीवनसमक्ष पेस गऱ्यो । एउटा पाठकको मन छोएको लेखक (ऊ)को भाउ बढेकै हो ? साँच्चै, थेगिनसक्नु गरी मूल्य उँभो उँभो उक्लेकै हो ? दुधको दुध पानीको पानी छुट्याउन जीवनले फोन डायल गऱ्यो । "म त घरैमा छु, यार ! ज्यानमा सन्च नभएर हप्तादिन यता कतै हिँडेको छैन । ओहो ! म त्यता आउने अनि तँलाई खबरै नगर्ने नेभर यस्तो कहिल्यै भएको छ र ? बरु भन् आजको यो स्रोत कसरी जन्मियो ?"

अब गोपालको बोली बन्द भयो । लेखक ऊ भनेर कुन मानिसलाई घरी घरी पिरोले भनेर उसको मनमा निकै ठुलो पछुतो जाग्यो । भ्रमको भुमरी कुहिरोभित्रको कागजत्तिकै महसुस "होइन, म कसरी झुक्किएँ ?" यकिनै गर्न सकेन तर यथार्थ भनेको यथार्थ हो । सरमलाग्दो त्यो परिस्थिति उत्पन्नै हुने थिएन, ऊ मानिसले पहिल्यै "म लेखक ऊ होइन" भन्दिएको भए । बिचरा ! गोपाल कुन धुन के गर्दै थियो, यति असहज वातावरण पैदा भयो । अर्को त्यत्रो बेर खर्च समय समयको कत्रो नास ! अनि गोपाल बोलुन्जेल चुपचाप गमेर सुन्ने त्यो मानिस चाहिँ आखिर को हो ? उसको पेसाव्यवसाय साथै भाषाभेष कसरी पत्ता लगाउनु ! ती दुई पक्षका चक्करमा चकित परेको जीवन जीवन छक्क !

राजनीतिक इतिहास र संर्षको यथार्थ दस्ताबेज
'बन्दी जीवनका अत्यासलाग्दा कथाहरू'



❖ **प्रा. डा. हेमनाथ पौडेल**

प्रस्तुत 'बन्दी जीवनका अत्यास लाग्दा कथाहरू' वरिष्ठ लेखक एवं साहित्यकार गङ्गाप्रसाद उप्रेतीद्वारा लिखित र भर्खरै प्रकाशित जेल डायरी हो । जेल डायरीमा सम्बन्धित व्यक्तिको जेलजीवनको टिपोट मात्र नभएर इतिहासका लेखकहरूले पनि प्राप्त गर्न नसकेका कतिपय लुप्त तथ्यहरू पनि हुन्छन् र यो इतिहास र साहित्य दुबैसँग सम्बन्धित हुन्छ । यसमा सम्बन्धित व्यक्तिका भोगाइ मात्र हुदैनन्, उससँग सम्बन्धित भएर आउने तत्समयका अन्य घटना, परिघटना र दृश्यहरू पनि हुन्छन् र यसले इतिहास लेखनमा पनि सहयोग पुग्छ । जेल डायरी तत्कालीन राज्यसत्ता र विद्रोही दुबैको इतिहास पनि हो । यो यथार्थ लेखन भएकाले यसमा लेखकलाई बहकिने वा सत्यतथ्यभन्दा बाहिर जाने र घटनालाई अतिरञ्जित गर्ने छुट भने हुँदैन ।

नेपालमा राजनीतिक, सामाजिक परिवर्तनका लागि भएका सङ्घर्षका क्रममा जेलजीवन भोग्ने व्यक्तिहरू थुप्रै छन् तर यस विषयमा कमैले मात्र कलम चलाएका छन् । बी.पी.कोइरालाका 'जेल डायरी', 'जेल जर्नल' यससम्बन्धमा धेरै पढिएका कृति हुन् । यसका साथै झापा विद्रोहका सम्बन्धमा लेखिएका राधाकृष्ण मैनाली, प्रदीप नेपाल र वीरबहादुर लामाका संस्मरणात्मक कृति पनि यससम्बन्धमा उल्लेखनीय छन् । नेपालीमा जेलजीवनका कथाव्यथाहरूलाई लिएर जति लेखिनुपर्ने हो त्यति लेखिएका छैनन् । यही क्रममा अहिले गङ्गाप्रसाद उप्रेतीको आजभन्दा पचास वर्षपहिले पञ्चायती निरङ्कुश सत्ताले लगाएका झुटा मुद्दामा आफूले भोग्नुपरेका जेलजीवनका कथाव्यथा समेटिएको जेल डायरी आएको छ ।

गङ्गाप्रसाद उप्रेती शैक्षिक, प्राज्ञिक, प्रशासनिक एवं साहित्यिक क्षेत्रमा सुपरिचित नाम हो । उनी कुटनीतिक व्यक्तित्व पनि हुन् र उनको राजनीतिक जीवनको पाटो पनि छ । त्रिविमा लामो समय प्राध्यापन तथा नेपाल प्रज्ञा-प्रतिष्ठानमा एक अवधि उपकुलपति र दुई अवधि कुलपतिसमेत भई शैक्षिक, प्राज्ञिक, प्रशासनिक जिम्मेवारीमा रहेर कुशलतापूर्वक कार्यसम्पादन गरेका वरिष्ठ साहित्यकार उप्रेती नेपाली भाषा-साहित्यका बहुआयामिक व्यक्तित्व हुन् । उनी भाषा-व्याकरणका साथै कविता, कथा, ललित निबन्ध, नियात्रा, संस्मण र समालोचनाका फाँटमा समानान्तर रूपमा कलम चलाउँछन् ।

उनका विभिन्न पत्रपत्रिकामा छरिएका थुप्रै फुटकर रचनाका साथै विविध विधाका गरी हालसम्म डेढ दर्जन कृति प्रकाशित छन् । साहित्यका साथै भाषा-व्याकरण र शब्दकोश सम्पादनसँग सम्बन्धित विशेषज्ञताको उनको अर्को पाटो पनि छ । उनी मूलतः मानवीय जीवनका विविध पक्षको सूक्ष्म निरीक्षण गरिएका सांस्कृतिक, वैचारिक ललित निबन्ध र नियात्राकारका रूपमा सुपरिचित छन् । उनका समालोचना पनि वस्तुपरक र आधिकारिक हुन्छन् । प्राज्ञिक, बौद्धिक एवं वैचारिक व्यक्तित्वका रूपमा स्थापित उप्रेतीका विषयमा विश्वविद्यालयहरूमा थुप्रै शोधकार्य भएका छन् र विभिन्न तहका पाठ्यक्रममा उनका ललित निबन्ध र नियात्रा समाविष्ट छन् ।

प्रस्तुत 'बन्दी जीवनका अत्यासलाग्दा कथाहरू' जेल डायरी गङ्गाप्रसाद उप्रेतीद्वारा लिखित अठारौँ प्रकाशित कृति हो । यसमा पूर्वी नेपालको तेरथुमको आफ्नो जन्मस्थान आठराइमा जीवनको प्रथम चरणमा शिक्षण पेसा गर्दै राजनीतिक र साहित्यिक सङ्गठनमा क्रियाशील रहेका वेला राजकाज अपराध ऐनअन्तर्गतका मुद्दामा पक्राउ परी जेलमा भोग्नुपरेका अत्यासलाग्दा घटना र कथाव्यथालाई संस्मरणका माध्यमबाट उत्खनन गरिएको छ ।

यो जेल डायरी लेखक उप्रेतीको जेलजीवनसँग सम्बन्धित अभिलेख मात्र होइन, तत्कालीन नेपालको राजनीतिक अवस्था, सामाजिक-राजनीतिक द्वन्द्व, सत्ता र विद्रोहीहरूका क्रियाकलाप तथा राजनीतिक नेता र कार्यकर्ताहरूले गरेका सङ्घर्ष र परिवर्तनका निम्ति भएका प्रयत्न आदि अनेक विषयको विवरण पनि हो । यसमा तत्कालीन निरङ्कुश सत्ताले विद्रोहीहरूका गतिविधबाट त्रसित भएर सञ्चालन गरेको चरम दमन र क्रूरता एकातिर छ भने अर्कातिर त्यस वेलाका राजनीतिक पार्टीहरू नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले स्वतन्त्रताका निम्ति गरिरहेको क्रान्तिको तयारी र परिवर्तनको अभियान पनि छ अनि यसमा स्वयम् लेखकको विचार र राजनीतिक दर्शन पनि आएको छ । त्यसैले यो कृति नेपाली राजनीतिक इतिहास र सङ्घर्षको एउटा यथार्थ दस्ताबेज बनेको छ ।

यस कृतिलाई तेर अध्यायमा विभाजन गरेर प्रस्तुत गरिएको छ । यसमा जेलयात्राको पृष्ठभूमि, झापा, विराटनगरदेखि म्याङ्लुङसम्मको यात्रा तथा गिरफ्तारीपूर्वका केही अन्योलपूर्ण क्षणहरू, तेरथुमको प्रहरी हिरासत र सुरक्षा कानुनको पुर्जी, धनकुटा जेल र त्यहाँ बिताइएको बन्दी जीवन, धनकुटा कारागारबाट मोरङ कारागारमा चलान, राजविराज जेलमा प्रवेश र त्यहाँको बसाइ, राजविराज कारागारका केही अविस्मरणीय क्षण र घटनाहरू, मोरङ कारागारमा पुनः प्रवेश र त्यहाँ बिताइएका जीवनका केही रोचक प्रसङ्गहरू, सेन्ट्रल जेलमा भोगेका केही रोचक प्रसङ्गहरू, नक्खु कारगारमा प्रवेश र त्यहाँको बसाइ, राजबन्दीको बर्बर हत्या : कहालीलाग्दो घटना, मुक्तिको प्रयास

र कारगारबाट मुक्ति पाएको प्रसङ्ग तथा जेल मेरालागि विद्यालय, महाविद्यालय र विश्वविद्यालय शीर्षकमा विषयवस्तु समेटिएका छन् ।

गङ्गाप्रसाद उप्रेतीले जुन वेला जेलजीवन भोग्नुपरेको थियो, त्यो विक्रम संवत्को तिसको सुरुवातको दशक थियो । यस वेला नेपालमा पञ्चायती निरङ्कुशताका जराहरू नेका र नेकपाका अभियान र आन्दोलनले हल्लिन थालेका थिए तर सत्ता भने चरम निरङ्कुश र दमनकारी बनिरहेको थियो । उदारवादी प्रजातन्त्रको वकालत गर्ने पुँजीवादी पार्टी नेका र श्रमजीवी वर्गको हितको वकालत गर्ने नेकपा गुटफुट र विभाजनका बाबजुद पनि आआफ्ना कार्यक्रम लिएर अगाडि बढिरहेका थिए ।

यस वेला नेकपा २०१७ सालको राजा महेन्द्रको दलीय संसदीय राजनीतिलाई समाप्त पारेर पञ्चायती निरङ्कुशता लाद्ने पश्चगामी कदमले तितरवितर भई विभिन्न गुटउपगुटमा विभाजन भएको भए पनि पुनः सङ्गठित हुँदै अगाडि बढिरहेको थियो । केन्द्रमा पहिलो पुस्ताका नेताहरूले २०१७ सालको प्रतिगामी कदमपछि आआफ्नै गुट बनाएर अगाडि बढ्नाले युवाहरूले नयाँ बाटो खोजिरहेको अवस्था थियो । कम्युनिस्टका विभिन्न समूहमध्ये पुष्पलाल समूहका गतिविधि बनारस केन्द्र बनाएर पश्चिम पहाडतिर सीमित थिए भने नेपालमै रहेर केशरजङ रायमाझी, मनमोहन अधिकारी, शम्भुराम श्रेष्ठ, मोहनविक्रम सिंह र नारायणमान बिजुक्छेहरू आआफ्ना समूहगत गतिविधि गरिरहेका थिए । नेपाली समाजमा भने नयाँ किसिमका सामाजिक अन्तर्विरोधहरू देखापरिरहेका थिए ।

यही अवस्थामा झापा मालेले नक्सालबाडीमा किसान आन्दोलनका रूपमा वर्गशत्रु सफायाका नाममा सञ्चालन गरेको व्यक्तिहत्याको राजनीतिको प्रभाव नेपालको पूर्वी भेग खासगरी झापाका केही कम्युनिस्ट युवामा पनि पर्‌यो र एउटा विद्रोही समूह बन्यो । यसले नेकपा (पूर्वकोसी प्रान्तीय कमिटी) केन्द्रबाट अलग भई मोहनचन्द्र अधिकारीको नेतृत्वमा झापाविद्रोह सुरु गर्‌यो । विद्रोही समूहमा तत्कालीन युवाहरू सी.पी.मैनाली, राधाकृष्ण मैनाली, शिवप्रसाद सिवाकोटी, केपी ओली, लीला कट्टेल, सीता खड्का, गौरा प्रसाईं आदि युवाहरू मुख्य थिए भने अरू पनि थुप्रै युवाहरू यसमा सामेल थिए । पछि यस समूहले व्यक्तिहत्याको उग्र र जडसूत्रवादी सोचलाई सच्याएकाले यो समूह कोअर्डिनेसन केन्द्र र नेकपा (माले) हुँदै नेकपा (एमाले)का रूपमा विकसित भयो ।

झापाविद्रोहको परिणाम पञ्चायती सत्ताका निकट रहेका झापा शनिश्चरेका जमिनदार धर्मप्रसाद ढकाल र उनका निर्दोष छोरा ज्ञानी ढकालको नृशंस हत्या भयो । यसपछि सरकारले पनि हिंसात्मक कारबाहीमा उत्रेर 'पक्राउ गर र हत्या गर'को दमनचक्र चलायो र कैयौं युवाहरूलाई धरपकड गर्‌यो र कैयौंलाई मार्‌यो । कैयौं युवाहरू दमनबाट

बच्न नेपाल छोडेर पूर्वोत्तर भारत र भुटानमा श्रमिक हुन पुगे र उतै भासिए । यता केन्द्रमा मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठ जेलमै थिए भने पूर्वी नेपालतिरका अगुवा नन्दकुमार प्रसाईं पनि ताप्लेजुङबाट पक्राउ परिसकेका थिए ।

यस क्रममा शनिश्चरे काण्डअगाडि नै पक्राउ परी थुनामा राखिएका रामनाथ दाहाल र नेत्र घिमिरेलाई समेत यही अभियोग लगाई झापाबाट इलाम जेल सार्ने बहानामा २०२९ फागुन २१ गते वीरेन राजवंशी, नारायण श्रेष्ठ र कृष्ण कुइँकेलसहित ५ जना विद्रोहीलाई सुखानीको जङ्गलमा लगेर सरकारले हत्या गर्‌यो । यसको तरङ्ग मुलुकभरि नै फैलियो भने पूर्वी नेपाल खासगरी आठराइमा यसको असर बढी पर्‌यो किनभने झापा आन्दोलनमा संलग्न अधिकांश व्यक्तिहरू पहाड आठराइबाट नै झरेका व्यक्ति थिए । यही क्रममा आठराइबाट कैयौं युवाहरू पक्राउ परे भने मुठभेडको बहानामा भौतिक रूपमै समाप्त पारिने सरकारको योजनाभित्र परेका आठराइका अगुवा कम्युनिस्टहरू सूर्य कन्दङ्वा, नरेश शाक्य र भीमराज कन्दङ्वा चाहिँ मारिने गोप्य सूचना थाहा पाएपछि भूमिगत भई बचे ।

यसरी गङ्गाप्रसाद उप्रेती सक्रिय रहेको पूर्वी पहाडको आठराई त्यस वेला पनि वाम राजनीतिको केन्द्र नै थियो । त्यहाँ २०१५ सालको निर्वाचनअगाडि नै पुष्पलाल र मनमोहन अधिकारीका पहलमा नेकपा पुगिसकेको थियो तर २०१७ सालको निरङ्कुश कदमपछि तेरथुमका सङ्गठक नेत्रप्रसाद गुरागाईंको हत्या भएपछि नेकपाको सङ्गठन कमजोर हुनपुगेको थियो । पछि मोहनचन्द्र अधिकारी, भरतमोहन अधिकारी र कमलप्रसाद कोइरालाहरूले आठराइमा सङ्गठन विस्तारमा भूमिका खेले भने नन्दकुमार प्रसाईंले त्यस क्षेत्रको अगुवा भई काम गरेका थिए । तेरथुम सदरमुकामतिर नेत्र गुरागाईंको सहादतपछि पहिलो पुस्ताका विष्णुकुमार तुम्बाहाम्फे, मित्रलाल सुवेदी र महेश्वरमान श्रेष्ठ सक्रिय थिए भने आठराइतिर चन्द्रमान (सी.एम.) कन्दङ्वा र बल्लभमणि दाहाल अनि नन्दकुमार प्रसाईं, रामप्रसाद सिटौला र ओमकृष्ण सिटौलाहरू सक्रिय थिए ।

आठराइमा शिक्षण पेसाका साथै साहित्यिक क्रियाकलापमा सक्रिय भएर लागेका सूर्य कन्दङ्वा, पुण्यप्रसाद सिटौला, कृष्णप्रसाद ओली, विष्णुप्रसाद सिवाकोटी, भीमराज कन्दङ्वा र गङ्गाप्रसाद उप्रेतीहरू राजनीतिक, सामाजिक कार्यमा पनि सक्रिय थिए । साथै युवा विद्यार्थीहरू शिव सिटौला, देवी उप्रेती, तेजबहादुर कन्दङ्वा, नरप्रसाद बिमली, नुरप्रसाद मैनाली, बुद्धि थपलिया, पुष्पलाल विष्ट आदि पनि राजनीतिमा सक्रिय भइरहेका थिए । यही अवस्थामा २०२५ सालतिर त्यस वेलाका अगुवा कम्युनिस्ट नन्दकुमार प्रसाईंबाट अरू साथीहरूसहित हाङ्पाङमा भएको एक कार्यक्रममा उप्रेतीले कम्युनिस्ट पार्टीको सदस्यता लिएका थिए । उनी २०२२ सालमै स्थापना भएको 'साहित्य सङ्गम आठराइ' नामको साहित्यिक संस्थामा

पनि स्थापना कालदेखि नै सक्रिय रहेका थिए ।

निम्नवित्तीय परिवारमा जन्मेका उप्रेतीको घरायसी आर्थिक अवस्था कमजोर रहेको हुनाले चुहानडाँडास्थित तत्कालीन वीरेन्द्र इन्टर कलेजमा आई.ए.उत्तीर्ण गरेपछि प्राइभेट विद्यार्थीकै रूपमा माथिल्ला तहको शिक्षा हासिल गर्न उनी बाध्य थिए । उच्च शिक्षा प्राप्त गर्ने उत्कट अभिलाषा भएका उप्रेतीले पछि जेलबाट नै एम.ए.सम्मको शिक्षा र कानुनमा स्नातक पनि गरे । उनी झापा आन्दोलन चर्किरहेको र सत्ताको चरम दमन भइरहेकै वेला प्राइभेट विद्यार्थीका रूपमा नेपाली विषयमा एम.ए. प्रथम वर्षको परीक्षा दिन काठमाडौँ आएका थिए । यही वेला झापा विद्रोहको असर आठराइमा चरम दमन सुरु भयो र कैयौँ युवा शिक्षक विद्यार्थीलाई झुटा मुद्दा लगाई धरपकड गरियो । उनी पनि यही झुटा मुद्दाका अभियोगमा भगौडा लिस्टमा रहेछन् । यही क्रममा काठमाडौँबाट परीक्षा दिएर घर फर्कने क्रममा तेरथुम म्याङ्लुङ पुगेपछि शिक्षक कृष्णप्रसाद ओली र ब्रिटिस सेनाका पूर्व क्याप्टेन कविरध्वज कन्दङ्वासँगै २०३० वैशाख ४ गते उनी पक्राउ परे ।

पक्राउ परेपछि उनीहरूलाई पहिले सुरक्षा कानुअन्तर्गत र पछि राजकाज अपराध र सजाय ऐनअन्तर्गत पुर्जी थमाइयो । यस वेलैदेखि उप्रेतीसहितका बन्दीलाई राजबन्दीले पाउने 'क' श्रेणीको सुविधा नदिइएर 'ख' श्रेणीको मात्र सुविधा तोकिएको थियो । 'ख' श्रेणीको सुविधामा दिनको डेढ माना उसिना चामल अनि तरकारी, नुन आदि किनमेलका लागि ७५ पैसा दिइन्थ्यो भने 'क' श्रेणीको सुविधामा डेढ माना मसिनो चामल र डेढ रुपियाँ दिइन्थ्यो । सुरुमा तेरथुम प्रहरी हिरासत र त्यसपछि तेरथुम कारागार अनि धनकुटा, मोरङ, राजविराज र फेरि मोरङ कारागार हुँदै केन्द्रीय कारागार र अन्त्यमा नक्खु कारागारमा सरुवा भई अनेक दुःख सहेर त्यहाँबाट २०३१ कार्तिक २८ गते उनी जेलमुक्त भए ।

यसरी १ वर्ष ६ महिना २४ दिन अथवा १८ महिनाभन्दा केही दिन बढीको उनको जेलजीवन रहेको देखिन्छ। उनको जेलजीवन डेढ वर्षको रहे पनि उनी जेल पर्नुभन्दा अघि २०२८ सालको कार्तिकदेखि नै नजरबन्दमा रहेका र मुक्त भइसकेपछि पनि अभियोगबाट पूर्णतः छुटकारा पाउन उनलाई अरू केही समय लागेकाले लगभग तीन वर्ष कष्टकर जीवन भोग्नुपरेकाले उनको बन्दीजीवन चाहिँ करिब तीन वर्षको देखिन्छ ।

गङ्गाप्रसाद उप्रेती जेल परेका वेलाको यो अवधि एकातिर कम्युनिस्टहरूले झापा विद्रोह गरेका कारण सुखानी हत्याकाण्ड भई चरम दमनको अवस्था उत्पन्न भएको थियो भने अर्कातिर नेपाली काङ्ग्रेसले पनि सशस्त्र विद्रोहको अभियान चलाएकाले सरकार निर्लज्ज कारबाहीमा उत्रेको थियो । यही क्रममा २०३० साल जेठ २८ गते नेकाले सशस्त्र विद्रोहका लागि खर्च जुटाउन भन्दै विराटनगर-फार्बिसगन्ज प्लेन अपहरण काण्ड

घटाई विराटनगरबाट राष्ट्र बैङ्क लगिदै गरेको ३० लाख भारु कब्जामा लिएको थियो । यही वेला २०३० फागुन २८ गते केशरमणि पोखरेल, बेदुराम भुसाल, पीताम्बर भुसाल र देवराज भारहरूको नेतृत्वमा किसानमाथि लगाइएको चर्को ब्याजका विरुद्धमा तमसुक च्यात्ने अभियानअन्तर्गत अर्घाखाँचीमा हर्रेबर्रे काण्ड पनि भएको थियो । यही अवधिमै २०३१ साल असोज १३ गते ओखलढुङ्गाका लीलानाथ दाहालसहितका चारजना विद्रोहीको नक्खुमा निशंस हत्या भएको थियो भने यही वेला २०३१ साल कार्तिक २ गते नेपाली काङ्ग्रेसका प्रभावशाली नेता सरोजप्रसाद कोइरालाको बिहारको मधुवनीमा हत्या भएको थियो अनि यही वेला २०३१ पुस १ गते गिरिजा बाबुको निर्देशनमा सशस्त्र विद्रोहको योजनामा लागेका कप्तान यज्ञबहादुर थापा र राम-लक्ष्मणसहितका जुम्ल्याहा युवाको सोलुको टिम्बुरबोटेमा हत्या भयो ।

यसरी तत्कालीन पञ्चायती सरकार आफ्ना विरोधीहरूलाई दबाउन वारेन्ट, धरपकड, जेलनेल र हत्यामा उत्रेको हुँदा परिस्थिति अत्यन्त भयावह बनेको थियो । यो क्रम पछि पनि रोकिएन । यही क्रममा २०३५ साल चैत्र २७ गते इलामको इभानमा प्रभावशाली कम्युनिस्ट नेता रत्नकुमार बान्तवाको र २०३७ फागुन १२ गते सिन्धुलीको भीमानमा ऋषि देवकोटा आजादको हत्या भयो । उता २०३६ सालको कार्तिक २६-२९ मा धनकुटाको खोकुछिन्ताङमा १६ जनाको हत्या भयो । यो पञ्चायती निरङ्कुश शासनको चरम दमन र क्रूरताको शृङ्खला थियो । यतिखेर पञ्चायती प्रशासन आत्तिएकाले जेलहरू काङ्ग्रेस-कम्युनिस्टले भरिभराउ भएका थिए भने पक्राउ परेकाहरूमा जेलभित्र दिइने यातनाका साथै जेल सार्ने बहानामा कतिखेर मारिने हो भन्ने त्रास हुने र बाहिर रहेकाहरूमा पनि कतिखेर पक्राउ परिने हो र मारिने हो भन्ने भय रहिरहन्थ्यो । यस्तो अवस्थामा उनले जेलजीवन भोग्नुपरेको थियो ।

जेल डायरीमा उल्लेख भएअनुसार उनी पक्राउ परी तेरथुम जेलमा ल्याइँदा त्यहाँ धनकुटाबाट पक्राउ गरी ल्याइएका प्राध्यापक महेश्वरमान श्रेष्ठ र नेपाली काङ्ग्रेसका जुझारु जुम्ल्याहा युवाहरू राम-लक्ष्मण दाजुभाइमध्येका एक मोरङ कारागारबाट त्यहाँ सरुवा गरी ल्याइएका लक्ष्मण उपाध्याय पनि थिए । राम-लक्ष्मण दुबै भाइ पछि सशस्त्र विद्रोहमा परी वीभत्स किसिमले मारिए ।

केही समयपछि २०३० जेठ ३ गते उप्रेतीलाई धनकुटा जेल सारियो । धनकुटा जेल पनि भरिभराउ थियो । त्यहाँ आठराइबाट ल्याइएका थुप्रै युवाहरूका साथै चैनपुरबाट समातिएका शिक्षक वासु शाक्य र सुनसरीका किसान नेता प्रभुनारायण चौधरी पनि थिए । यहाँ नेपाली काङ्ग्रेसकी सक्रिय व्यक्तित्व दुर्गा पोखरेलले बाहिरबाट बन्दीहरूलाई गर्नेगरेको सहयोग स्मरणीय रहेको छ । धनकुटा जेल अस्तव्यस्त रहेको हुँदा उप्रेतीसहितका कैदीहरूले जेलसुधारको

माग राखेर आन्दोलन सुरु गरेकाले पनि उनलाई २० गते नै फेरि मोरङ कारकार सरुवा गरियो । उनलाई मोरङ कारागारमा ल्याउनुअघि नै त्यहाँ बी.पी.का भाइ नेपाली काङ्ग्रेसका नेता केशवप्रसाद कोइराला (केसु)सहित दर्जनौँ काङ्ग्रेसी युवाहरू बन्दी बनाइएका थिए भने वामपन्थी नेता मनमोहन अधिकारीका साथै पूर्वी पहाड र झापाबाट पत्राउ परेका दर्जनौँ विद्रोही युवाहरू पनि सोही जेलमा राखिएका थिए । पछि महेश्वरमान श्रेष्ठलगायतका बन्दीलाई पनि त्यहीँ ल्याइयो ।

उनी मोरङ जेलमा रहँदाका अनेक घटना र प्रसङ्गहरू छन् । यहाँ पनि जेलसुधारका नाममा आन्दोलन भयो । यसले गर्दा फेरि उनीसहित केही बन्दीलाई असार २५ गते नै राजविराज कारागार सरुवा गरियो । यति वेलाको जेल सार्दाको वातावरण र प्रशासनको गतिविधि भने अत्यन्त त्रासमय थियो । बन्दीहरूले अब भने मृत्युदण्ड दिन नै लगिँदै छ भन्ने अनुभूति गरेका थिए तर कसो कसो कारागार नै लगियो । यहाँ भने फराकिलो कारागार र राजबन्दीहरूलाई गरिने व्यवहार अलि भिन्न थियो । राजविराज जेलमा त्यस वेला दुई सयभन्दा बढी कैदीमा तराई मूलका त्यसमा पनि राजबन्दीभन्दा पनि अन्य अभियोगका बन्दी बढी थिए । हुन त त्यहाँ सप्तरीका प्रजातन्त्रवादी नेताहरू गजेन्द्रनारायण सिंह, रामेश्वरप्रसाद सिंह र रामराजाप्रसाद सिंह तथा वामपन्थी नेताहरू कृष्णराज बर्मा, कमर शाह र गङ्गाबहादुर बस्नेतहरूलाई प्रशासनले पटक पटक बन्दी बनाउँदै छोड्दै गरेको रहेछ । राजविराज जेलमा उनलाई लगिँदा त्यहाँ खोटाङका गोपाल राई र सोलुका अनारसिंह कार्की तथा तेरथुम र धनकुटाबाट ल्याइएका लाहानका उही जुम्ल्याहा राम-लक्ष्मण दाजुभाइ अनि तराईकै अनिस अन्सारी र चन्द्रशेखर झा पनि थिए । यसअघि शेखर गिरी पनि त्यहीँबाट छुटेका रहेछन् ।

राजविराज जेलमा रहँदा उप्रेतीले एम.ए.दोस्रो वर्ष र बी.एल.पढाइको तयारी गर्न पाएका थिए । त्यहाँ रहेका बन्दीहरू राधेश्याम दली, शालिकराम दाहाल र अशोक कोइराला पनि बी.एल.परीक्षाको तयारीमा थिए । राजविराज जेलमा झन्डै पाँच महिना रहँदाका अनेक दुःखकष्ट र घटनालाई उनले यहाँ स्मरण गरेका छन् । यहाँ रहँदा पनि उनीहरूले जेलभित्रका बेथितिका विरुद्ध आन्दोलन गरेका थिए । यसपछि उनले बी.एल.परीक्षा दिन माग गरेकाले फेरि उनलाई २०३० साल मङ्सिर ६ गते मोरङ जेलमै सारियो र त्यहीँबाट उनले बी.एल.को परीक्षा दिए ।

मोरङ जेल उनका लागि निकै नै अनुकूल रह्यो । त्यहाँ रहँदा उनले मनमोहन अधिकारी र केशव कोइरालाको साथ पाए भने आफन्तसँग भेटघाट गर्न पनि यहाँ उनलाई अनुकूल भयो । यहीँ उनले जेल परेपछि पहिलोपल्ट आमा र मामासँग भेट गर्ने मौका पाए अनि जेलमा सधैँ आइरहने र यो, ऊ नभनी समान रूपमा बन्दीहरूको

हेरविचार गर्ने कृष्णप्रसाद कोइरालाकी पत्नी, बीपी, केशव र गिरिजाकी आमा दिव्या कोइरालाको माया र प्रेरणा पनि पाए अनि यहीँबाट बी.एल.परीक्षा दिने अवसर पनि उनलाई प्राप्त भयो । उनले पत्राउ पर्नुअगाडि नै काठमाडौँबाट गुरुहरू बालकृष्ण पोखरेल र भानुभक्त पोखरेलसँगै दिएको एम.ए.पहिलो वर्षको परीक्षामा भने उनी उत्तीर्ण भइसकेका थिए । यसपछि उनी एम.ए. दोस्रो वर्षको परीक्षाको तयारीमा रहेकाले र जेलबाट परीक्षा दिने उनी एकजना मात्र परीक्षार्थी भएकाले नेताहरू मनमोहन र केशु दाइको दबाबका कारण उनलाई २०३० फागुन २१ गते काठमाडौँको केन्द्रीय कारागारमा सरुवा गरियो ।

केन्द्रीय कारागारमा विभिन्न ठाउँबाट उनीजस्तै एम.ए.का परीक्षार्थीलाई ल्याइएको थियो । यसमा नेपाली काङ्ग्रेसका युवा नेता पुरुषोत्तम बस्नेत, ओमकार श्रेष्ठ र श्यामलाल श्रेष्ठ थिए । वामपन्थी झुकाउ भएका चितवनबाट ल्याइएका पशुपति वाग्ले, श्याम जोशीलगायतका केही युवा चाहिँ स्नातक तहका परीक्षार्थी थिए । यिनीसँगै उप्रेतीले यहीँबाट एम.एम.दोस्रो वर्षको परीक्षा दिए । केन्द्रीय कारागारमा प्रवेश गर्ने वेलामा सुनधारामा तेरथुमकै पूर्व सहयात्री ऋतुवर्ण तुम्बाहाम्फे र अर्का जोनदेन उक्याप तत्कालीन दुई अञ्चलाधिससँगको भेटका कारण उनलाई त्यस कारागारमा बस्न सहज भएको थियो । यहाँ उनको केन्द्रीय कारागारमा झापा विद्रोहीको आशङ्कामा झापाजेलबाट सरुवा गरी ल्याइएका तर झापा विद्रोहमा सामेल नभएका रुद्र खरेल र गोलघरमा राखिएका झापाली विद्रोहीहरू मोहनचन्द्र अधिकारी र केपी ओलीसँग पनि भेट भयो । यही वेला उनले एम.ए.को परीक्षा दिए र पछि उत्तीर्ण पनि भए । जेलमा परीक्षा लिन त्यस वेला राजनीति शास्त्र र कानुनका प्राध्यापक भरतबहादुर कार्की केन्द्राध्यक्ष भएर गएका थिए । यसपछि झापाली कैदी मानिएका उप्रेतीलाई प्रशासनले २०३१ साल वैशाख १७ गते नक्खु जेल सरुवा गर्‍यो ।

नक्खु जेल पनि काङ्ग्रेस कम्युनिस्ट बन्दीले भरिभराउ थियो । त्यहाँ नेपाली काङ्ग्रेसका सन्त नेता कृष्णप्रसाद भट्टराई, रामहरि जोशी, शेरबहादुर देउवा, रामचन्द्र पौडेल, चिरञ्जीवी वाग्ले, मार्सलजुलुम शाक्य, भीमबहादुर तामाङ, ध्यानगोविन्द रञ्जित, माथवरसिंह बस्नेत, रामशरण महत, पुरुषोत्तम बस्नेत आदि र जनकपुरका दुर्गानन्द झा र भोजपुरका ध्यानवर्ण राई पनि थिए । त्यस्तै झापाली कैदीहरू पनि त्यहाँ उल्लेख्य मात्रामा थिए । झापाबाट ल्याइएका लीला उदासी र केन्द्रीय कारागारबाट तत्कालै लगिएका रुद्र खरेल र गोविन्द उप्रेती पनि त्यहीँ थिए अनि लाल कम्युनिस्टका रूपमा चिनिने पाका कम्युनिस्ट नेता गङ्गालाल हलुवाई र रोहित समूहसँग सम्बन्धित भक्तपुरका बाबुकाजी वासुकला पनि त्यहाँ थिए ।

केही दिनपछि चितवनका वारदातमा गाँसेर त्रिवि पाठ्यक्रम विकास केन्द्रका उपनिर्देशक तथा साहित्यकार आनन्ददेव भट्टसहितका

बन्दीलाई पनि बीरगन्ज र केन्द्रीय कारागार सरुवा गर्दै त्यहाँ ल्याइयो । झापा विद्रोहकै प्रमुख नेता राधाकृष्ण मैनालीलाई केन्द्रीय कारागारमै राखियो भने नारद वाग्लेसहितका एक दर्जन झापाली विद्रोहीलाई त्यहाँ ल्याइएको थियो । अर्का गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंह पनि त्यहीँ थिए । नक्खु जेल बसाइका क्रममा घटेका थुप्रै सकारात्मक र नकारात्मक घटनालाई यस क्रममा उप्रेतीले उल्लेख गरेका छन् । तीमध्ये उनी त्यहाँ रहँदा घटेको अत्यन्त दर्दनाक घटना राजबन्दीको कहालीलाग्दो बर्बर हत्या थियो । २०३१ साल असोज १३ गते रातको समयमा जेल सार्ने बहानामा ल्याइएका नेपाली काङ्ग्रेससँग सम्बद्ध सशस्त्र विद्रोहमा संलग्न ओखलढुङ्गाका होनहार चारजना विद्रोहीहरू लीलानाथ दाहाल, ठगिराज दाहाल, खगेन्द्र दाहाल र गोकर्ण कार्कीको नक्खु पाखामा लगी वीभत्स किसिमले हत्या गरियो । यो हत्याकाण्ड पनि पञ्चायती सरकारले गरेको सुखानी हत्याकाण्डजस्तै क्रूर र श्वेत आतङ्क थियो । यसलाई उनले नजिकैबाट देखे ।

मोरङ जेलमा रहँदाजस्तै नक्खु जेलमा रहँदा पनि उप्रेतीले जीवन र जगत्का बारेमा धेरै कुरा बुझ्ने र ज्ञान प्राप्त गर्ने मौका पाएका थिए । मोरङ कारागारमा मनमोहन अधिकारी र केशव कोइरालासँग तथा नक्खु कारागारमा कृष्णप्रसाद भट्टराई र रामराजाप्रसाद सिंह र अरू राजबन्दीसँगको छलफल र भेटले तत्कालीन युवा उप्रेतीलाई राष्ट्रिय राजनीतिक अवस्थाका बारेमा जान्न, बुझ्न तथा नक्खुमै आनन्ददेव भट्ट, रुद्र खरेल र लीला उदासीसँगको भेटमा साहित्यिक छलफल र विचारविमर्श गर्न सहयोग पुगेको थियो । नक्खु जेलमा दैनिकजसो विचारविमर्श र छलफल हुने गर्थे र समयको सदुपयोग राम्रैसँग हुने गरेको थियो । एक प्रकारले नक्खु कारागार राजनीतिक प्रशिक्षणको केन्द्र नै थियो ।

उनको नक्खु कारागारको बसाइ ७ महिना र केही दिनको रह्यो । यसपछि डेढ वर्षको बन्दीजीवन बिताएर २०३१ साल कार्तिक २८ गते उप्रेती अदालतको आदेशबमोजिम नक्खु जेलबाट मुक्त भए । उनले यसअघि नै कानुन व्यवसायी सिन्धुनाथ प्याकुरेल र विश्वकान्त मैनालीको सहयोगमा पूर्वाञ्चल क्षेत्रीय अदालत, धनकुटामा थुनाबाट रिहाइको माग गर्दै मुद्दा दायर गरेका थिए । नक्खु जेलमा रहँदा मोहनचन्द्र अधिकारी र केपी ओलीलाई समेत स्वयम् उप्रेती र अधिवक्ता द्वयले आफ्नो रिहाइका लागि मुद्दा दायर गर्न सल्लाह दिएका थिए तर उनीहरूले अदालतमा कानुनी उपचार खोज्नु प्रतिक्रियावादी सत्तासँग न्यायको भिख माग्नु हो भनेर अदालतबाट उपचार पनि नखोज्ने र बुर्जुवा शिक्षा पनि नलिने अडान राखे । यस वेला मोहनचन्द्र अधिकारी कला र कानुनमा स्नातक भइसकेका थिए भने केपी ओली एस.एल.सी.मात्र थिए । यसपछि लामो समयको बन्दीजीवन र राजनीतिक व्यस्तताका कारण ओलीले औपचारिक शिक्षा लिन पाएनन् र स्वाध्यायनबाटै आफ्नो प्राज्ञिक स्तर बनाए । उप्रेतीले भने जेलबाटै उच्च शिक्षा आर्जन गरे र कानुनी उपचार पनि खोजेर जेलमुक्त भए ।

उपर्युक्त विवरण गङ्गाप्रसाद उप्रेतीद्वारा लिखित 'बन्दी जीवनका अत्यासलाग्दा कथाहरू' जेल डायरीभित्रको उनको जेलयात्राको सरसर्ती टिपोट हो । यसमा उक्त विवरणका साथ अनेक सन्दर्भ र मार्मिक प्रसङ्गहरू जोडिएर आएका छन् जो किताब पढेर मात्र सम्पूर्ण रूपमा बुझ्न र अनुभूत गर्न सकिन्छ । यो कृति लेखक उप्रेतीको बन्दीजीवनको संस्मरणात्मक कथा मात्र होइन, यसमा अरूका पनि कथाव्यथा जोडिएकाले यो एउटा महाख्यानजस्तै नै छ। यसमा आजभन्दा पाँच दशकअगाडिका घटनालाई तिथिमितिसहित यथातथ्य किसिमले तर औपन्यासिक शैलीमा प्रस्तुत गरिएको छ । यो पढ्दा दिक्क नलाग्ने छ र यसले पाठकलाई आकर्षित नगरी छाड्दैन ।

झापा विद्रोहमा प्रत्यक्ष संलग्न नभए पनि त्यसकै असरबाट पक्राउ परेका उप्रेतीद्वारा लिखित यस जेल डायरीमा तत्कालीन राज्यसत्ताले चलाएको राज्यआतङ्क र क्रूरताको विवरण त छँदै छ साथै उग्रवादी सोचको गलत निर्णयका साथ सुरु गरिएको झापा विद्रोहको मूल्याङ्कन पनि यथार्थरूपमा गरिएको छ जसमा कुनै पूर्वाग्रह भेटिन्न । काङ्ग्रेसको त कुरै भएन, कम्युनिस्टहरूले कहाँ कहाँ कमजोरी गरे भन्ने कुरा पनि यसमा छ । कृतिमा बन्दीहरूले जेलभित्र पाएका यातना, पीडा र त्रासको मार्मिक प्रस्तुति त हुने नै भयो यसका साथै त्यहाँ भएका अनेक रोचक प्रसङ्ग र घटनाहरू पनि यहाँ आएका छन् ।

तेरथुम जेलमा रहँदा प्रहरीले गरेको यौनउन्मादको घटना होस् या राजविराजमा भएको जगधर खलिफासँगको कुस्ती होस् वा दसैँमा खान पकाएको मासु बोक्ने साथी सिँढीबाट चिप्लेर लड्दा पोखिएर दसैँ निस्तो भएको घटना होस् अनि जेलको एकजना कैदी वौआले गरेको प्रहसनात्मक नाटक होस् वा मोरङ कारागारमा साथीहरूले भुक्याएर सुँगुरको बोसोको भुटुन हालेर पकाएको साग खाएको थाहा पाउँदा वान्ता भएको प्रसङ्ग होस् या केन्द्रीय कारागारमा लखेटिएको ढोडेको सन्दर्भ होस् वा नाङ्गो षड्यन्त्र गरी आठराइमा शिक्षकहरूलाई फसाउन रचिएको आगजनीको घटना र चितवनमा आनन्ददेव भट्ट र झापाका रुद्र खरेललाई समेत त्यही घटनामा फसाउन प्रशासनले रचेका झुटा र फर्जी बैठक पर्दाफास भएका घटना हुन् वा केन्द्रीय कारागारमा ल्याएर गुपचुप राखिएका झापाविद्रोहका मुख्य योजनाकार मोहनचन्द्र अधिकारी र केपी ओलीले जेलमा दिइने खानामा विष हालेर आफूहरूलाई समाप्त गर्ने आशङ्कामा दुई दिनदेखि पानीसम्म नखाई हिरासतको पिटाइ र गोलघरभित्रको बन्धनले निसास्सिएका र निराहार बसेको वेला उनले लगेर बर्नीभिटा पानी ख्वाएको प्रसङ्ग होस् वा पश्चिमा शक्तिका उक्साहटमा लागेर तिब्बत स्वतन्त्रताका नाममा चीनविरुद्ध युद्ध गर्न तम्सिएका र नेपाली सेनाले मुस्ताङबाट पक्राउ गरी चीन सरकारलाई सुपुर्दगी गर्न केन्द्रीय कारागारमा राखिएका भगौडा खम्पाहरूले जेलमा हुलदङ्गा गरी भाग्न गरेको असफल प्रयत्न होस् अनि जेलभित्रका जासुसहरूका गलत सूचनाका भरमा प्रहरीले आफ्नो

कोठामा वामविद्रोहका महत्त्वपूर्ण सामग्री पाइने आशङ्कामा गरेको खानतलासीको घटना होस्, यस्ता अनेक रोचक प्रसङ्ग यसमा छन् ।

यसका साथै जेलभित्र नाइके र भाइनाइके अनि चौकीदारले गर्ने गतिविधि, अमानवीय व्यवहार, विभेद एवम् भ्रष्टाचार र कहीं सहयोगसमेत तथा सरकारले दिएको 'क' र 'ख' श्रेणीको सुविधाले गर्दा कैदीहरूले छुट्टाछुट्टै मेस सञ्चालन गर्नुपरेको समस्या र विभेदलगायतका अनेक पक्ष यसमा वर्णित छन् । नेपालका कारागारहरूको अवस्था र भोगाइ अनि जेल सार्ने वेलामा उत्पन्न हुने कैदीको मनोविज्ञानको प्रस्तुति यसमा अत्यन्त मार्मिक किसिमको छ । जेलभित्र आफूले र अरू कैदी बन्दीले पाएको यातना र पीडा मात्र होइन, त्यहाँ गरिएका आन्दोलन र राजनीतिक कार्यक्रम तथा मनोरञ्जनको विवरण पनि यसमा छ अनि ठाउँ ठाउँमा लेखक स्वयम्को राजनीतिक चेतना, दृष्टिकोण र दर्शनको प्रस्तुति पनि छ ।

प्रस्तुत जेल डायरीमा लेखक उप्रेतीको तत्कालीन मनस्थिति र चेतनाको आत्ममूल्याङ्कन रहनुका साथै यस वेलासम्म उनी अविवाहित रहेकाले पत्नीतर्फको कुरै रहेन, आफू जेल पर्दा आमा र परिवारका अरू सदस्यको पारिवारिक मनोदशा र अवस्था कस्तो भयो भन्ने कुराको भने मार्मिक प्रस्तुति छ अनि जेलमा भेट्न आउनेहरूले गरेको सहयोग र तिनप्रतिको कृतज्ञता पनि यसमा छ । जेलमै माथवरसिंह बस्नेतले 'पुनर्जागरण' साप्ताहिकको पहिलो हस्तलिखित अङ्क कृष्णप्रसाद भट्टराईबाट विमोचन गराएको प्रसङ्ग र उनले आफू जेल परेको वेला तत्कालीन 'मातृभूमि' साप्ताहिक र यसका सम्पादक गोविन्द वियोगी जसले राजबन्दीका पक्षमा निडरताका साथ लेख्थे, उनले पुऱ्याएको सहयोगका साथै राजनीतिक नेता र आफन्त अनि अधिवक्ताहरू प्याकुरेल र मैनालीले गरेको सहयोगप्रति पनि कृतज्ञता प्रकट गरिएको छ । यसमा जेलमा भेटिएका राजबन्दी र थुनुवाको परिचय, आचरण र व्यवहार एवम् पृष्ठभूमि मात्र होइन, सकेसम्म उनीहरूले पछि पनि के गरे र गर्दै छन् भन्नेसमेतको विवरण आएकाले यो कृति निकै उपयोगी बनेको छ ।

अन्त्यमा लेखक उप्रेतीले जेल बसाइका क्रममा आफूले जतिसुकै कष्टकर जीवन भोग्नुपरेको भए पनि जेलभित्र भोगेका, देखेका र अनुभूत गरेका घटना तथा त्यहाँ रहेका कतिपय नेताहरूबाट पाएको ज्ञान विश्वविद्यालयमा पढेर पनि प्राप्त नहुने अमूल्य शिक्षाको रूपमा प्राप्त भएको उल्लेख गरेका छन् । उनले यो डायरी पचास वर्षपछि २०८० सालको दसैँतिहार मान्ने क्रममा अमेरिकाको क्यालिफोर्नियामा केही दिन रहेका वेला लेखेका हुन् भने यसलाई शमी साहित्य प्रतिष्ठानले प्रकाशन गरेको हो । पचास वर्षअघिको कुरालाई ७६ वर्षको उमेरमा लेख्दा पनि यसरी सूक्ष्मताका साथ स्मरण गर्नसक्नु भनेको सामान्य कुरा होइन । यस जेल डायरीले धेरै तथ्यहरूलाई उजागर गरेको छ त्यसैले पनि नेपालीमा लेखिएका जेल डायरीहरूको इतिहासमा यो

जेल डायरी एउटा महत्त्वपूर्ण सामग्रीका रूपमा आएको छ । धेरै पुरानो घटना भए पनि कत्ति पनि तलमाथि नपारी सुरक्षित राखिएको वस्तु झिकेर चलाएजस्तो गरी आफ्नो स्मृतिभण्डारबाट घटनाहरूलाई खरर निकालेर सूक्ष्म अनि प्रवाहपूर्ण भाषाशैलीमा यो कृति लेखिएको छ । वस्तुपरक प्रस्तुति, सन्तुलित विश्लेषण अनि औपन्यासिक लेखनशैलीले गर्दा यो जेल डायरी निकै ज्ञानवर्द्धक, उपयोगी र पठनीय रहेको छ ।

हाल १० लेबरेटोर, ग्रिफिङ, ब्रिसबेन, अस्ट्रेलिया

❑ कविता

सत्ताको मखमली खरानीमुनि निर्मलाहरूको आँसु !

❖ **गोविन्द पौडेल**

बाटो देखाउने लाल्टिन हराएको
एक जुगअघि नै
ताराहरू चम्किन छोडेका थिए !
फूलहरू फुल्न छोडेका थिए
जब बादल गर्जन्थ्यो
जब तरबार चम्किन्थ्यो
ढुकढुकीको मेलोडी अनायास रोकिन्थ्यो !

बिरानो देशबाट वायुपङ्खी घोडा चढेर
हेन्सम हिरो आएको हेर्ने उनको कत्रो रहर !
आँखामा नजर मात्र हुन्न
विवेकशून्य जहर पनि हुन्छ
दुःखको कहर हुन्छ
रातामाम्मे साँझमा
पहँलिएको निम्छरो घामअघि नै
बिलाइसक्यो
किन्तु
अचेल ताराहरू उदाउन्नन्
तिनका आँसु
शीत बन्दैनन्
गुलाबी गीत बन्दैनन् !
यो ब्याधाहरूको बालुवा सहर हो
दिलभित्र रातो निख्रिएको पत्थर हो
श्रीपेच, शिरपोस, पगरी, फेटा र टोपीको
निर्लज्ज तमासाभित्र
उनको अस्तित्वको आभा विसर्जित हुने
सत्ताको न्यानो
सत्ताको राप र
सत्ताको रोटी सेक्ने उनको प्राणाधार !
छोडेका थिए
चराहरू चिर्बिराउन
अक्षरहरू मुस्कुराउन
पुतलीहरू बरालिन
जब बादल गर्जिन्थ्यो
जब तरबार चम्किन्थ्यो !

मनै हल्लाउने आमाको कथा बोरा

❖ प्रदीप सापकोटा

अखण्ड भण्डारी नेपाली पत्रकारिताजगत्को उम्दो नाम अब पत्रकारितामा मात्रै सीमित रहेन । पहिलो कृति 'मलाया एक्सप्रेस लिएर नेपाली साहित्यआकाशमा झुल्केका उनी यसपटक 'बोरा लिएर चम्केका छन् ।

हाम्रो पूर्वीय दर्शन असाध्यै धनी छ, वैज्ञानिक छ तर यसलाई हिजोका ठगीखानेहरूले आफ्नोअनुकूल व्याख्या गरेर विभिन्न मानकहरू खडा गरिदिए ! त्यसैको परिणाम जननीलाई तल्लो दर्जाको नागरिकमा सीमित गरियो । यसैको परिणति हाम्रा जमुना, यमुना, मुनाजस्ता कैयन आमाहरू दुर्नियतिको सिकार बनिरहेका छन् । आमाको ममतामयी महिमा अपरम्पार हुने रहेछ, आमा जस्तै दुःखी हुँदा पनि, अभाव, पीडामा पर्दा पनि बिल्कुल निराश हुन्नन् । भावुक बनेर रुन्नन् र अन्त्यमा आफैंले जन्म दिएको छोराले बोरामा हालेर फाल्दा पनि छोराप्रति कुनै गुनासो नगर्ने आमाको मातृवात्सल्यको कथा जति पढ्दै गयो पाठक उत्ति बढी घुक्किन थाल्छ ।

बोरा लेखनको प्रमुख आधार एक घटिसकेको घटना हो । आमा यसकी स्रोतव्यक्ति हुन् जसबाट समग्र स्थूल घटनाहरूलाई उपन्यासकारले ओकल्याएका छन् । पात्रको चरित्र हेर्‌यो लाग्छ आमा यथार्थ पात्र हुन् भने छोरो गलत आदर्शच्यूत पात्र । बोराभित्र अटेका आदर्शवादी पात्रहरू पनि प्रशस्तै छन् । समयले विद्रोही बनाएकी जमुना, यमुना, सौतेनी आमा मुना, रुद्रकी आमा रुक्मिणी, घरबेटी काकाकाकी, ठुलीमाया र प्रेम राईको जोडी, रुद्रका मामामाइजूको मानवतावादी सोच, मावलका हजुरआमा हजुरबुबा, हरिकला, हरिविनोद र तिनको छोरा भगवान, नाति निर्जल । चरित्रचित्रणका हिसाबले यसका पात्रहरूले कथानकतालाई जीवन्त राखेका छन् । यसैगरी खलपात्रको रूपमा उपन्यासमा कमलीकान्त, रुद्रे, चनौटी, प्रधानपञ्च सोमप्रसाद, असई, छोरा असल, नगेन्द्र बहिदार, शेखरकी बुढी भीमा, बुहारी निर्जला आदि नकारात्मक चरित्र बोकेका पात्र जो हाम्रो वरपर प्रशस्तै देख्न सकिन्छ ।

बोरामा सरल तर कलात्मक भाषाशैलीको लेपनले चरित्रचित्रणमा समेत प्रभाव पारेको छ । विषयवस्तुको आधारमा सामाजिक पक्ष बोकेको उपन्यास विषयगत रूपमा हेर्दा यथार्थपरक देखिन्छ । नारीका पीडा, वेदना र सामाजिक जीवनका छट्पटीहरू यहाँ दृष्टिगोचर भएका छन् । नारी ममताको मनोविज्ञानको सत्यापन गरेको छ । नारीगत भावनाअनुरूपको चरित्र पनि देख्न पाइन्छ । मातृत्वको

अपहेलना भएको तितो यथार्थविपरीत मानवीय संवेदनाको अभिव्यक्तिको उच्चतम प्रयोग गर्न उपन्यासकार सफल भएका छन् ।

गेयात्मक, बलशाली तर सरल सुबोध्य भाषाशैलीले उपन्यासमा प्राण भरेको छ । वर्णनात्मक एवम् संवादात्मक शैलीको प्रचुरता छ । अखण्ड भण्डारीको सौन्दर्यचेतयुक्त भाषिककला उच्चतम लाग्छ। प्रतीकका दृष्टिले शीर्षक बोरा नै खास लाग्छ। शिल्पपद्धतिका हिसाबले आमाको समग्रतामा उनकै वरिपरि उपन्यास घुमेको देखिन्छ । स्थानीय बोलीचालीका लबजहरूको प्रशस्तै प्रयोगले उपन्यास सुन्दर लाग्छ । शीर्षकीकरणका आधारमा पनि प्रतीकात्मक र सार्थक शीर्षक लाग्छ।

सामाजिक जीवनका विभिन्न सम्बन्धअन्तर्गत कारुणिक तथ्यहरूको आडमा लेखिएको उपन्यास अत्यन्तै बलशाली लाग्छ। स्थानीय सामाजिक भाषिका र कथ्यको भाषालाई प्रयोग गरिएको बोरा एउटी आमाको जिन्दगीका अवयवहरूको सामाजिक यथार्थ, तिनको जीवनको अत्यन्तै दुरावस्था र कारुणिकता, सामाजिक एवम् पारिवारिक तिरस्कारका विविध पक्षहरूलाई विषयवस्तु बनाएर लेखिएको छ । वर्तमान समयमा अधिकांश आमाहरूको हृदयविदारक कथा जहाँ तिनका दुःखसुख र जीवनका सङ्घर्षका यावत रङहरू घुलित भएका छन्, तिनकै कहानीको फेहरिस्त हो बोरा । यस्ता घट्नाहरू आजकल नेपाली समाजमा थुप्रै पाइन्छन् । पारिवारिक तथा सामाजिक रूपमा एउटी आमाप्रतिको हेयभावको पारदर्शी एवम् प्रतिनिधिमूलक ऐना बनेको छ यो उपन्यास । आमाहरूको अर्न्तध्वनि टपक्कै टिप्ने सामर्थ्य राख्ने भण्डारी आमाको मर्मलाई नजिकबाट बुझ्न सफल देखिन्छन् ।

समाजमा व्याप्त सामाजिक मनोवृत्तिको यथार्थवादी धरातलमा रहेर लेखिएको यो सुन्दर कृति हो । आजको युगको घोर निन्दनीय र अमानवीय व्यवहारको भग्न प्रतिनिधिमूलक कहानी यो पूरातन मैलो सोचाइले ग्रस्त सम्बन्धमा दिएको यातनाको फेहरिस्त हो । एउटी प्रतिनिधिमूलक पात्र यमुना आफ्नै छोराबुहारीबाट त्याज्य भएर बस्न विवश छिन् । उनकै भोगाइ र उनीवरिपरिका विभिन्न घट्नाक्रमहरूबाट बोरा अघि बढ्छ। आफ्नै परिवारको त्याज्य व्यवहारबाट घरसँग ओझेल पारिएका तमाम आमाहरूको कथा जसले हाम्रो समयको हाम्रो परिवारका सदस्यहरूलाई चिहाएको छ । आमा हुनुको खुसी र आफ्नाले जन्माइदिएको पीडाबोधको भग्न कहानी पढ्दै जाँदा मथिङ्गल हल्लिन्छ । आमाको दुखान्त कथा, उनले भोग्नुपरेको नारकीय व्यथाले उपन्यास सामाजिक यथार्थवादी कथानकतामा बुनिएको छ भन्न गारो पर्दैन । मस्तिष्कमै वाँण हान्ने उपन्यासको कथानकता हाम्रा आफ्नाप्रतिका विसङ्गत व्यवहारहरूको दस्तावेजजस्तो लाग्छ।

कुरा काट्ने समाजको प्रवृत्तिको सरल भाषामा चित्रण गरिएको छ । अरूको अनावश्यक चियोचर्चो र निन्दा गर्नेहरूको कमी कहाँ हुन्छ र ! रगतको नाताभन्दा भावनाको नाता सयौँ गुणा निकट हुन्छ भन्ने

दृष्टान्तसहित मानवताको अपार भेल बगेको छ उपन्यासमा ठुलीमाया र प्रेम राईजस्ता सकारात्मक पात्रमार्फत । जहाँ जातपातको नामनिशान छैन ! धनी-गरिबको भेदभाव छैन । छ त आफ्नोपन । उपन्यास वियोगान्त कथानकतामा बुनिएको छ । यसमा थुप्रै हृदयविदारक घट्नाहरू घटेका छन् जसले पाठकको मनै विक्षिप्त पार्छन् । जति पढ्दै गयो उति आँसु बगाउँछ । लाग्छ शोकैशोकको कहानी हो बोरा ।

यहाँ जुनै पनि आमालाई जहिले पनि सङ्घर्ष गर्नुपरेको छ । हरेक च्याप्टरमा गला अबरुद्ध हुन्छ । समयले विद्रोही बनाएको छ आमालाई यहाँ । कमलीकान्तको अमानवीयताविरुद्ध सुरु भएको विद्रोह, छरछिमेक हुँदै समाजसँग समेत छ । आमा जति सबैको हविगत एकै हो कि भन्ने भान पर्छ यहाँ । तीनवटी आमाको विद्रोह छ जमुना, मुना, यमुनाको रूपमा । को हो त्यो जसले प्राणभन्दा सिन्दुरलाई ठुलो बनायो ? अनि को हो त्यो जसले पोतेले बाँधेर महिलालाई थुनिराख्ने चलन चलायो ?.....को हो त्यो जसले महिलाको भागमा मात्र पाप राखिदियो ?(पृष्ठ ३३५)

बाँधिएको बोराको ठुलै पोको खुलाइएको छ । त्यहाँ सन्तानसुखको कुरा छ । पितृत्वप्राप्ति र अप्राप्ति अनि तिनका सम्भावित परिणामको प्रचलित भयले घ्वाम्ल्याङ्गै छोपिएकाहरूको मनोदशा छ । के छैन उपन्यासमा; दाजुभाइका बिच दैनिकजस्तो हुने पुख्यौली सम्पत्तिको विवाद, नातासम्बन्धमा दरार, यौवनको अव्यक्त र अप्रकटित मौलाइसँगै अङ्कुराएको प्रेम, धार्मिक मान्यताले जरो गाडेको समाजले कैयनका जिन्दगी उजाडिदिएको व्यथा, सम्पत्तिको लोभमा मात्र आफ्नाले काजक्रिया गर्ने निराशालाग्दो वर्तमान नातासम्बन्धका आयामको फेहरिस्तके सबै पोको खोलेको छ बोराले ।

बोरा पढिसकेपछि मैले आफैँसँग प्रश्न गरेँ, 'आफ्नै छोरा अभिजात्य हुन्छ त ?' मेरो मनले उत्तर दियो, 'यस्ता घट्ना तँ तेरै आँखाअगाडि हेर् दर्जनौँ पाउँछस् ।' बोराले मन झस्कियो, मुटु हल्लियो । छोरो पात्रप्रति घृणाभाव जागृत भयो । छोरामा आएको चारित्रिक र आफ्नालाई गर्ने व्यवहार स्खलित भएको देखेर आँखा रसाए । हामी कहाँ छौँ ! प्रश्न गरेँ मैले । यो समय किन यति बर्बर र क्रूर छ जहाँ नौ महिना गर्भमा बोकेर हिउँद-वर्षा नभनी, रातदिन नभनी, दुःखकष्ट सब झेलेर एउटी आमा दशधारा दुध खुवाएर हुर्काउँछे, बढाउँछे अनि सन्ततिको सुखको निम्ति आफ्ना सब कुरा बिर्साउँछे तर उही अन्तिममा त्यागिन्छे आफ्नै रगतबाट ! कति पीडादायी आयाम उतारेको छ उपन्यासले ।

समयक्रमसँगै उपन्यासकारले नै बोरामा बाँधिएर बेहोस अवस्थामा छाडिएकी आमालाई आश्रममा पाउँछन् र ती आमालाई नातिसँग सुखद भेट गराई कथानकताले नयाँ मोड लिन्छ । शिक्षित बुहारीको बोक्सी र बेस्याको लान्छना लगाइरहने र आमालाई बोरामा फाल्न लोग्नेलाई सहमत गराउने बुहारीसमेतलाई आममाफी दिने आमाको ममता न कुनै तराजुमा जोख्न मिल्छ, न कुनै

मानापाथीमा भर्न मिल्छ ! साँच्चै आमाको महिमा अपरम्पार छ । नातिकेटाले पनि बाउआमा सजग गराएको छ बोरा राखेर कि 'पछि हजुरआमालाई जस्तै उसले बाउआमा बोरामा फाल्न नपरोस्' भनेर । अन्त्यमा उपन्यास संयोगान्त बनेर सकिएको छ ।

शीर्षकको सार्थकता, पात्र चयनमा स्वभाविकता, कथाशिल्पको सुन्दर प्रयुक्तिले उपन्यास जीवन्त बनेको छ । लाग्छ अमानवीय निस्तब्धतामा पनि उज्यालो दियो जल्छ । यस्तै सङ्केत गरेको छ उपन्यासले । मार्मिक भावनामा लेखिएको पठनीय कृति हो बोरा । यस्तो मानवीय सत्यताको सत्यापन गर्दै कलात्मक बान्की दिएर उपन्यास सृजना गर्न सफल अखण्डको क्षमतालाई सलाम ।

❑ मुक्तक



❖ गोविन्दबहादुर कुँवर

१.
बाहिर बाहिर भन्न त बरा भन्छन्
भित्र भित्र परे उनै जरा खन्छन्
मान्छेजस्तो मत्लबी त हुन्न कोही
स्वार्थ साँध्न तिनै नकचरा बन्छन् !

२.
जहाँ पुगे पनि सम्झिराख्नुपर्छ आफू जन्मेको माटो
स्वयम्‌ले पहिल्याउन सक्नुपर्छ आफू हिँड्ने बाटो
जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छिन्
अरू बिर्से पनि बिर्सन गारो पर्छ मनभित्रको खाटो ।

३
बिहान उठ्नेबित्तिकै हिमाल हेर्न पाइन्छ
आफ्नै बारीको बोडी, ढिँडो र दाल खाइन्छ
कति सुन्दर र रमाइलो छ हाम्रो सानो गाउँ
यहाँ ऐचोँपैचो चल्छ भारोपर्म लाइन्छ ।

४
मान्छेले धर्तीमा किन यति धेरै देवीदेउता बनायो ?
प्रकृतिले मान्छे बस्न किन मात्र पृथ्वी एउटा बनायो ?
अनगिन्ती यी प्रश्नको उत्तर खोजेर कहाँ पाइएला ?
किन कसले कतै हाक्पारे, चुङ्का कतै देउडा बनायो ?

भोटेओडार, लमजुङ

न्युयोर्कले पार्छ मलाई छक्क !



❖ ओमप्रसाद कोइराला

न्यूयोर्क देखेपछि पर्छु छक्क
नागाडमा मानिस हुन्छ मख्ख
झर्ना झरेका अति रम्य ठाउँ
लेखेर को सक्छ म के बताऊँ !

बग्ने सफा सुन्दर भै समुद्र
पानी यहाँ कञ्चन औ पवित्र
आश्चर्यलाग्दो यसको कहानी
आनन्दले पूर्ण छ जिन्दगानी ।

सङ्लो बनी बगछ सधैँ समुद्र
देखेर को हुन्न र हुन्न मुक्ध !
आनन्दको द्योतक बागबानी
बग्ने सधैँ गर्दछ शुद्ध पानी ।

अग्ला पूराना घरका मुहार
मान्छे सधैँ गर्दछ है गुजार
आफ्नै कला, संस्कृति, सभ्यताले
चल्ने गरेको बहुतै मजाले ।

न्यूरोडको रोड समान देखेँ
फुटपाथमा जम्घट भव्य देखेँ
नेपालकै नक्कल हो कि जस्तो
न्यूयोर्क मेरो मनमा छ यस्तो ।

टेक्सास नै रम्भ छ रम्य बेस
सम्पन्न देखिन्छ सदैव फेस
आरोग्य बन्ने गर खास पैले
यो देशमा के छ बुझौँ सबैले ।

आकाश चुम्ने घर जाहिँ ताहिँ
छोडेर जाने मन हुन काहिँ
खुल्ला छ ठाउँ रमणीय देश
हेर्दा सफा सुन्दर यो विशेष ।

हेरेर कोही पनि हुन्न तृप्त
आकर्षले पूर्ण छ यो विचित्र
को हुन्न आएपछि हेर्न मख्ख
न्यूयोर्कले मानिस पार्छ छक्क !

आँखाभरी दृश्य भयो झलक्क
त्यो दृश्यले मानिस बन्छ मख्ख
ननाथरीका रुप रङ्ग भेष
हेर्दै मजा लाग्दछ यो विशेष ।

अस्टिन, अमेरिका ।

❑ कविता

स्पर्श गर्दा बिहान

❖ **कल्पना अधिकारी भट्टराई**

चोखो सङ्लो छ हाम्रो अनुपम धरती सभ्यताको मुहान
लाखौँ खोला, नदी छन् प्रकृति कृति अहा ! सृष्टि सौन्दर्य सान
अग्ला होचा निकै छन् हिमशिखरहरू राष्ट्रका यी निशान
टल्कन्छन् स्वर्णजस्तै टलटल रविले स्पर्श गर्दा बिहान ।१।

हाम्रो नेपालको हो धन वन हरियो सम्झँदा फुल्छ छाती
कस्तो आनन्द लाग्ने सरस मुलुक यो स्वर्गभन्दा छ माथि
माटो पाटो छ उम्दा श्रमसिप छरिए झुल्छ खाद्यान्न बाली
पन्छीले गीत गाई उठ उठ अब हे भन्दछन् देशमाली ।२।

खानी छन् स्वर्ण हीरा अवनिभर यहीँ सम्पदा दिव्य हाम्रा
रारा, फेवा र रूपा किसिम किसिमका ताल छन् भव्य राम्रा
हर्रो, बर्रो र गुर्जो हितकर अमला, बेल छन् ओखतीमा
पिप्ला, डुम्री, हलेदो अगणित गुनिला नामको छैन सीमा ।३।

वासन्ती याम आए मधुर लय झिकी कोइली गान गर्छन्
चम्पा, बेली, चमेली स्वऋतुसँग मिली बाबरी वास छर्छन्
पाखो रातै बनाई ढकमक वनमा फुल्छ लाली गुराँस
नाच्छन् डाँफे रमाई फुरुरु फुरु गरी थप्न सौन्दर्य खास ।४।

घन्किन्छन् लोकभाका लय विविध झिकी लेक, बेसी, तराई
एकै धर्ती छ हाम्रो गगन पनि उही छैन कोही पराई
जो खोज्छौँ ती हजारौँ चिजबिज सब छन् धन्य नेपाल हाम्रो
साझा यो फूलबारी मिलन छ सबमा सभ्य संस्कार राम्रो ।५।

समिरको लोकतन्त्र !

❖ पद्मप्रसाद शर्मा

'हरेक निरङ्कुशतन्त्रको विरुद्धमा हामी एक जुट हुनुपर्दछ । हरेक निरङ्कुशतावादीहरूलाई एकपछि अर्को गर्दै छिमल्दै जानुपर्छ । हामी हिजोको कालरात्रिमा पनि एकरात्ति पनि डर, धाक, धम्कीमा नपरेर लड्दै आएका हौं भने अब पनि किन डराउनुपरेको छ र ?' प्रायः गरेर विभिन्न स्थानका कार्यक्रममा समिरले प्रयोग गर्ने शब्दहरू यिनै हुन् । कहिले त उनले योभन्दा पनि अझ कडा शब्दहरूसमेत प्रयोग गर्ने गर्दछन् । यस्तै शब्द प्रयोग गर्ने भएकाले कहिले कसैले उनलाई राजनीतिक विश्लेषक भनेरसमेत भन्ने गर्छन् । उनलाई राजनीतिक विश्लेषक शब्द निकै लोकप्रिय लाग्दछ ।

समिर आफूलाई बाहिरबाट कुनै दलको निकट नभएको स्वाङ पनि गर्छन् । कहिले गफ गर्दा कुनै दलमा संलग्नता नभएको कुरा खुलेआम भन्ने पनि गर्छन् तर भित्र कता कता नचुडिनेगरी कुनै दलसँग उनको मनको डोरी जोडिएको छ । विभिन्न समयमा लोकतन्त्र, गणतन्त्र, स्वतन्त्रका कुरासमेत गर्न भ्याउँछन् । त्यति मात्र होइन प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको लामो र राम्रो व्याख्या गर्नसमेत आउँछ उनलाई ।

समिर कुनै पनि दलको कमिटीमा नबसेको भने साँचो हो । उनी दलसँग असहमत भएर होइन कि दलको कमिटिमा बसेर काम गर्ने हिम्मत नभएकै कारणले नबसेका हुन् । उनलाई विभिन्न समयमा विभिन्न जनवर्गीय सङ्गठनको नेतृत्व गर्नसमेत आग्रह गरिएको हो तर त्यो पनि हिम्मत गर्नसकेनन् । दलसँग जोडिएको सूत्र भित्रबाट टुट्न नदिने उनको चाहना छ तर त्यो पनि प्रकट नहोस् भन्ने भित्री चाहना रहको छ ।

समिरलाई संयोगले एउटा सामाजिक संस्थाको नेतृत्व गर्ने अवसर जुर्न पुग्यो । उनी संस्थाको अगुवा भएपछि त्यो संस्थामा उनको एकल निर्णय चल्ने गर्छ । कहिले त्यस संस्थाको सहभागिताको जस्ता कुरामा पनि समिरलाई बैठकको निर्णय चाहिँदैन । एकल निर्णय गरेर कार्य समितिका सदस्यलाई घुमाउरो गरी खबर दिने गरिन्छ । एक दिनको कुरा हो उनको त्यो व्यवहार देखेर गोपालले लाक्षणिक रूपमा चर्चा चलाए । समिर कुरा बुझ्न उस्तै चतुर छन् । उनलाई यसबाट एक धक्का लागेको महसुस भयो ।

एक दिन दिनेश, गणेश र लोकनाथ बसेर सामाजिक संस्थाको विषयलाई लिएर छलफल गर्न तम्सिए । लामो बहस, छलफल भयो । अन्तमा उनीहरूले समिरले लोकतन्त्रको व्यवहार बुझेनन्, उनले सिद्धान्त मात्र बुझे भन्ने निष्कर्ष निकाले । उनीहरू सबैजना त्यो संस्थाका सदस्यहरू थिए । आउँदो बैठकमा समिरको लोकतान्त्रिक व्यवहारका बारेमा कुरा उठाउने टुङ्गो लगाएर दिनेश, गणेश र लोकनाथ बाहिरिए । उनीहरूले पनि बैठकको व्यवहारिक ज्ञान बिर्सिए भने समिरभन्दा के फरक रहलान् र ?

❑ कविता

हिजो



❖ डा. गोविन्दप्रसाद आचार्य

हिजो त्यो जङ्गली वाद वन्यजन्तु डराउँथे
निस्केर गोठका गाई चर्नलाई डराउँथे
आएनन् साँझमा गाई बाच्छा बाँ बाँ कराउँथे
रहेनन् वनमा पंछी बचेरा चिर्बिराउँथे !

ओथारोमा थिए पंछी चारो खोज्न डराउँथे
सुत्केरी गुँडमा छैन अन्डा ठुस्स गनाउँथे
अन्डामा मनपरि राज कमिला गर्न पाउँथे
स्यालको मुटु हल्लिन्थ्यो हुइँयाँ गर्न डराउँथे !

मान्छेले वनका काफल टिप्नलाई डराउँथे
संसारै अन्त्य पो हो कि भाव यस्तै दिलाउँथे
झरे हुन् वनका पात धाकधम्की सुनेपछि
नडुल्थे चितुवा बाघ बम बन्दुक डुलेपछि !

गुराँस कसरी फुल्ने थर्काइमा परेपछि
ऐसेलु इतिहासै भो आगोमा पोलिएपछि
हरेक घरले मान्छे मार्न चन्दा दिनै पर्‌यो
चन्दा हो वस्तुमा साटे जे गरे सहनै पर्‌यो !

थामेर नेत्रका आँसु मुटु मिच्दै दिनै पर्‌यो
पिरले भित्र बालेको आगोमा सल्किनै पर्‌यो
गरेर हारको यात्रा जित टीका लगाइयो
थियो त्यो सत्यको बाटो झनै टाढा गराइयो !

खेलेर नक्कली फागु बडो उत्सव गाइयो
मागेर बाघका नङ्ग्रा देशलाई चिथोरियो
मागेर बमको वर्षा देश नाश गराइयो
देशको रक्त हो सत्य बेइमानी बम मागियो !

जता हेर्‌यो उतै नाश सर्वनाश गराइयो
उग्र त्यो जङ्गली वाद मागेको बममा थियो
नफुर्की कुखुरा भाले डाँकैले प्रात खुल्छ र !
नक्कली धारको हार नभएको कहाँ छ र !

नक्कली धार भाँचिन्छ नौनी घिउ नकाटिने
मागेका बमका धम्की हिम्मत के लड्न आउने
लुत्रे कान लगाएर जाऊ है घरमा बस
अति भो झुम्रियो देश नचुस देशको रस !

हारेको जङ्गली वाद खोक्रो मादल बजाउँछ
फल हात नलागेर दिमाग चक्कराउँछ
उडेन एउटा पात हुरी आएर के भयो
चलेन रुखको पात हावा आएर के भयो !

उस्तै छन् खरका बस्ती उस्तै छन् खरका घर
संसारै रूप उस्तै छ फेरियो भन्नहुन्छ र !
बिलो लाएसमानै हो लुटेका धनको खसी
छाडा तन्त्र महामन्त्र थियो जङ्गलमा बसी !

चल्दैन जङ्गली वाद फुर्ती जस्ता गरे पनि
हुँदैन जनको हार जित्छन् कालै लडे पनि ।

❖ निरन्तर...

चाडबाड सामुन्नेका केही परिदृश्यहरू

❖ वासुदेव अधिकारी

१. चाडबाड र सांस्कृतिक पर्वहरूका बारेमा धारणा बनाउन हामी धेरै काँचा छौं । चाहबाडहरूका जरा गहिरा छन् । यी हाम्रा अदृश्य सम्पदा हुन् । तिनमा वैज्ञानिक अवैज्ञानिक सबै विषय छन् । जराले आफू माटोमुनि रहेरै रुखलाई थाम्छ, बोक्छ । अजङ्गाको रुख थाम्ने जरा कति बलियो छ हामीलाई थाहा हुन्न । जराहरू कति गहिरा छन्, कति फिँजारिएका छन्, कति कुहेका वा बलिया छन् त्यति चाल पाइँदैन । ढुङ्ग्याने स्थान वा धापमा जराको जीवन र सङ्घर्ष फरक फरक हुने गर्छ । रुखो र ढुङ्ग्याने जमिनमा जरालाई भित्र जान कठिन, धापमा नकुहिरहन कठिन । रुख हेरेर जराको कुरा गर्नु निकै जोखिमयुक्त काम पनि हो । तथापि त्यसको अध्ययन विधि छ, परिमार्जनको गुञ्जाइस छ ।

२. नेपालमा मात्र होइन विश्वभरमै सांस्कृतिक सम्पदा इतिहासको लामो कालखण्ड पार गरी, थपिँदै परिमार्जित भई उदाउँछ, अस्ताउँछ । यसको जन्म वा विकासमा कुनै अंशमा धार्मिक आस्था, मान्यता, परम्परा र विश्वास जोडिन सक्छ । धेरैमा जोडिन्छ । त्यो कुन समयमा थालियो, त्यतिवेलाको विश्वास र मान्यता कस्तो थियो ? त्यसैको आधारमा संस्कृतिको जग तयार हुन्छ । यसमा समाजका अनेक तप्काका मानिस आआफ्नो रुचि, विश्वास, बुझाइअनुसार सरिक हुन्छन् । चाडबाडलाई व्यक्तिगत रूपमा, पारिवारिक रूपमा, सामुदायिक रूपमा र राष्ट्रिय रूपमा त्यसको सामान्य वा विशिष्ट पक्ष आत्मसात गरी मनाइन्छ । हामी नेपालीले दसैं वा तिहारजस्ता सर्वाधिक महत्त्वका चाड जेजसरी मनाउँदै आए पनि हाल आएर बहुसङ्ख्यक जनताले पारिवारिक सम्मिलन, आत्मिक परिष्कार वा गुजाराको नियमित कामबाट केही दिनको छुट्टी र उल्लासयुक्त दिनचर्याको रूपमा मनाउने गरेका छन् । थोरै, निकै थोरै जनसङ्ख्याले मात्र त्यसलाई धार्मिक पर्व वा अनुष्ठानको रूपमा मनाएका छन् । चाडबाडको सन्दर्भमा खर्चको चाप, समय व्यवस्थापन, व्यावसायिक अवसरजस्ता अको आयम पनि उघ्रिने गर्छन् । यस्ता पर्वमा समाजका तल्लो वर्गले अभावसँग उल्लास साट्ने, व्यावसायिक वर्गले कमाउने अवसरको उपयोग गर्ने गर्दछन् । यो यथार्थ पनि हो, विडम्बना पनि हो ।

३. प्रगतिशील चिन्तनधाराबाट हेर्दा चाडबाडका कैयौं पक्षलाई सामन्ती चिन्तनको उपज, धार्मिक रीतिथितिको अनावश्यक सम्मोहनको रूपमा बुझ्न र ब्याख्या गर्न सकिन्छ । सबैजसो चाडबाडको उद्गमको सन्दर्भमा जोडिने धार्मिक विश्वास त्यति वैज्ञानिक पनि प्रतीत हुँदैन । समाजका धर्मभिरु तप्का

त्यही विश्वासमा रङ्गमगिन्छन्, पूजापाठ र दैविक आराधनामा लिप्त हुन्छन् तथापि यसको सङ्ख्या निकै न्यून छ। त्यसो भए चाडबाड नमान्ने ? चाडबाडविहीन समाज मिठो, रमाइलो र मधुर हुन्छ त ? पक्कै हुँदैन। यसको मूल पक्ष सम्मिलन, उत्सव र आत्मीयता आदानप्रदान हुनेसन्दर्भमा त्यसमा जोडिएको धार्मिक कडी, मिथ वा पुराकथालाई न संसाररूपी भवसागर तर्ने वा पार गर्ने कडीको रूपमा व्याख्या गर्न आवश्यक छ न त्यसमा आपत्ति जनाउनु नै पर्छ । कलाकारले बनाएको कुनै देवी वा देवता वा तिनको वाहनको मूर्तिलाई पनि कलाकारिताको कोणबाट हेर्न वा परख गर्न सकिन्छ । चाडबाडमा जनता र आफन्त जोड्ने कडीलाई मूल पक्षको रूपमा लिने, धार्मिक रुढि र अप्रामाणिक विषयलाई कम प्राथमिकतामा राख्ने वा आफ्नो आस्था र विश्वासअनुरूप ग्रहण गर्नसक्दा चाडमा सबै पक्ष अटाउँछन्, सबैले आफ्नो स्वत्व प्राप्त गर्छन् । एउटा मात्र चित्रले ठुलो क्यानभास भरिँदैन। त्यसमा धेरै चित्र, धेरै विम्ब आवश्यक छ। धेरै चित्र अट्नु ठुलो क्यानभासको विशेषता नै हो। चाडबाडमा विभिन्न चरणमा नयाँ नयाँ विशेषता थपिएजस्तै भोलिको पुस्ताको लागि हामीले पनि त्यसमा केही पक्ष थप गर्नसक्छौं : विज्ञानसम्मत, नयाँ पुस्ताले स्वीकार गर्ने खालका।

४. लोककला र लोक व्यवहारमा जनता कति र कसरी झुम्मिएका छन् ? भन्ने कुरा किताब पढेर चाल पाइँदैन। सयपत्री प्रतिष्ठान, जनगाल काभ्रेपलान्चोकले प्रा.डा.जीवेन्द्रदेव गिरी र प्रभात सापकोटा दम्पत्तिलाई सम्मान गरेको कार्यक्रममा लोकगायक मच्छेश्वर सापकोटा र रामहरि न्यौपानेले लोकगीतमार्फत कार्यक्रममा अनौठो तरङ्ग सिर्जना गर्नुभयो। खासमा म त्यहाँ डा.जीवेन्द्रदेव गिरी दम्पत्तिको परिचय दिन पुगेको थिएँ। केही मिनेटमा डा.गिरीको बारेमा परिचय दिनु कठिन काम थियो । विवाहको स्वर्ण वर्ष पार गर्ने उहाँकी जीवन सँगिनी पार्वती गिरीको संयम, लगनशीलता, समर्पण र पारिवारिक सामाजिक योगदान त्यतिकै स्तुत्य थियो। कार्यक्रममा मैले जीवेन्द्र सरलाई तीन 'स' अर्थात् सज्जनता, सक्रियता र सार्थकताको समुच्चता र पर्यायको रूपमा अर्थ्याएँ । भाषा, संस्कृति, निबन्ध, समालोचना, कविता, गीतलगायतका विधामा १९ कृति, ८ अनुसन्धान, सयौं शोध निर्देशन, दुई दर्जन ग्रन्थका सम्पादन, चार दर्जनभन्दा बढी गोष्ठीपत्र, असङ्ख्य लेखरचनाका सर्जक गिरीका ४७ बर्से प्राज्ञिक तथा पेसागत, ४९ बर्से राजीतिक तथा साङ्गठनिक जीवन र १५ वर्षको बाल तथा किशोर जीवन जोड्दा मैले उहाँको उमेर करीब १११ वर्षको हुने हिसाबकिताब सुनाएँ । उहाँले दिनमा मात्र नभएर रातमा समेत समर्पित भई सिर्जना साधनामा लागेको कारण ती कार्यहरू सम्पादन हुनसकेको तथ्य मैले स्मरण गराएँ। मलाई उहाँको शालीनता, लगनशीलता र सकारात्मक ऊर्जा हिंग्स पार्टिकल डिकम्पोज भई प्रकाशित हुने सूर्यजस्तै लाग्छ । कठिन मिहिनेतबाटै उहाँको उपर्युक्त विशेषता निर्मित भयो

भन्नेमा कुनै द्विविधा छैन । सुर्खेतबाट उदाएका प्रकाशका व्यक्तित्व र कृतित्वका बारेमा मैले कार्यक्रमका सहभागीलाई बुँदागत रूपमा बताएँ । सिर्जना र अभियानका कार्य तथा सहकार्य दुबैमा अब्बल गिरीसरसँग अनेक चरण र मोर्चामा सङ्गत गर्नपाउनु मेरो जीवनको एक सुखद पल थियो, हो ।

५. कार्यक्रममा दुई काभ्रेली हस्ती मच्छेश्वर सापकोटा र रामहरि न्यौपानेले तिहारको माहौलमा केही लोकगीत सुनाउनुभयो । मच्छेश्वर पाका, रामहरि अलि युवा र जोसिला । एकले जीवन व्यवहारको, अर्कोले माटोप्रेमको गीत प्रस्तुत गर्नुभयो । दुबै ओजस्वी गीत, दुबै खारिएका भाव ! मच्छेश्वर आफ्नै शब्दमा, रामहरि हरिहर तिमिल्सिनाको ओजस्वी शब्दमा गुञ्जिनुभयो । गीतले ओसिएको हाम्रो मनमा ऊर्जा प्रदान गरे । खासमा मच्छेश्वरको गायन मैले पहिला पनि सुनेको थिएँ । मनमा प्रभाव थियो तर नाम बिर्सिएको थिएँ । 'प्रज्ञा गीति कविता' सम्पादन गर्ने वेला उहाँको नाम सम्झिन खोजेर पनि सकिन । फलतः त्यस कृतिमा उहाँ पर्नसक्नुभएन । हुन त त्यो कृति अझै छापिएको छैन । कम लचिला व्यक्तिले सम्पादन गर्ने यस्ता कृति आआफ्नै खालको कोपभाजनको सिकारमा पर्ने गर्छन् । मलाई त्यसको कुनै पर्वाह छैन । प्रकाशनको उज्यालो खोजी बसेको त्यस कृति प्रकाशनको सन्दर्भमा मैले प्रकाशकलाई लेखकस्व फिर्ता दिएर त्यसलाई अर्कै प्रकाशकबाट छाप्ने सुझाव पनि दिएको थिएँ । त्यो सुझाव अझै मान्य भएको छैन । केही वर्षमा छापिन्छ कि ? छापिए पनि केही नाम छुटेकोमा पछुतो रहने अवस्था छ । मच्छेश्वर छुटेको नाममा पर्नुहुन्छ । त्यसो त यस्तो काममा पूर्णता सायदै प्राप्त हुन्छ ।

६. जनागालको सम्मान कार्यक्रममा लोकगीत मजैले रन्किये । मच्छेश्वरका युगल जोडीले दुईवटा बेजोड गीत गाई हल गम्काउनुभयो । हल नाच्यो, हामी पुलकित भयौं । गीत गुञ्जिदै गर्दा सिकारु गीतकारको नाताले मैले उहाँको गीतको शब्द शब्दमा ध्यान दिएँ, गीतको समग्र भाव र प्रभावलाई पर्गेल्न खोजें । गीत साँच्चै अब्बल थियो, भाव बेजोड थियो । गीतमा विसङ्गतिको चर्चा पनि, आशा पनि, कर्मशीलताको सुवास पनि ! कति मिठो ? कति सुन्दर ? गीतको स्थायी हरफ थियो :

जीवनमा नखानु हार ।
विचित्रको यस्तै हो संसार ।

'हार नखानु' अर्ति पनि हो, 'पलायन नहुनु र आइपरे सङ्घर्ष गर्नु' भन्ने सुझाव पनि हो । गीतको केन्द्रीय भाव निकै मार्मिक महसुस भयो । यो गीत सुन्दा मैले आफ्ना गीतका, अरू धेरै गीतकारका गीतका हरफहरू कमजोर पाएँ । यो गीत नरम भइकन पनि कडा । साँच्चै स्वादिलो लाग्यो । गीतको अन्तरिको हरफमा केटीको कथन थियो :

समय गति रोकिने छैन एक पला एकै छिन ।
घुमी र फिरी सबैको पालो आउला नि कुनै दिन ॥

गीतको केन्द्रीय भाव र सन्देश

आशावादी खालको पाएँ । खासमा निराशा परिवेशको चित्रण हुनसक्ला तर समाधान चाहिँ होइन । आफ्नै शब्दको अर्को गीतमा मच्छेश्वर गुञ्जिनुभयो :

सकेसम्म राम्रो काम गर्ने हो ।
इतिहासको पानामा भर्ने हो ॥

निकै सकारात्मक भाव, निकै खँदिलो र महनीय विचार । म उहाँको शब्द शिल्पसँग पटक पटक प्रभावित भएँ । म गीतले भिर्जें, लाजले पानी पानी भएँ । उहाँका गीतहरू मेरालागि आफूलाई हेर्ने ऐना भए । सलाम छ मच्छेश्वर दाइ ।

पेसाले दुग्ध किसान उहाँले मोहीको भाउमा दुध बेच्नुभयो ! खासमा दुधमा मजाको घिउ थियो । अर्को व्यापारीले त्यही दुघबाट घिउ निकाल्यो, बेच्यो र जेबमा हाल्यो । धन्य छ ठगिएका मच्छेश्वरहरू ! सिन्डिकेटेड ठुला लेखक र गायकभन्दा यहाँहरूको सांस्कृतिक मूल्यबोध किञ्चित कम छैन । निराशा फिँजाउने सेलिब्रेटीका रचनाभन्दा यहाँका शब्द, कला र गला जहिल्यै अब्बल रहिरहेका छन् ।

७. दसैँ तिहारका सन्दर्भका उपर्युक्त प्रसङ्गले संस्कृति र सिर्जनाको आधार केन्द्रमा होइन, किताबमा होइन आम जनता र जनताबाट उठेका स्रष्टा-द्रष्टामा हुन्छ भन्ने कुरा चरितार्थ गरेको छ । जनताबाट उठेका कलाकारले जनभाषामा आफ्ना सुखदुःख व्यक्त गर्नसक्छन् । तिनका ती भाषा र भाव मच्छेश्वरका शब्दजस्तै हेर्दा नरम तर भावमा कडा छन्, हुन्छन् । नेपाली लोकगीतको यो विशेषता हामीले जोगाउनै पर्छ । संस्कृति जोगिए राष्ट्र जोगिन्छ, राष्ट्रिय वैभव क्षय हुँदैन । स्वत्वहीन, पाङ्दुरे र लालसी बुद्धिजीवीको तुलनामा मच्छेश्वर तथा रामहरिहरूका उत्साहबाट हामी धेरै ऊर्जा प्राप्त गर्नसक्छौं ।

बजारमा कृति

कृति : **मदन (शोककाव्य)**
विधा : **शोककाव्य**
प्रकाशक : **राष्ट्रिय जनसांस्कृतिक महासङ्घ नेपाल**
प्रकाशन वर्ष : **२०८१ (दोस्रो संस्करण)**
मूल्य : **रु.२५०।–**



कृति : **छरिएका समालोचना**
समालोचक : **मधु पोखरेल**
विधा : **समीक्षासङ्ग्रह**
प्रकाशक : **विराट साहित्य सङ्गम, विराटनगर ।**
प्रकाशन वर्ष : **२०८०**
मूल्य : **रु.२५०।–**

साहित्य सन्ध्याको ४५७ औं कविगोष्ठी सम्पन्न

२०८१ मङ्सिर १ गते १ बजे प्रदर्शनीमार्गमा अवस्थित आर.आर.क्याम्पसमा साहित्य सन्ध्याको मासिक ४५७ औं शृङ्खलामा 'साहित्यमा अन्तरवस्तु र रूप' विषयमा परिचर्चाका साथ कविगोष्ठी सम्पन्न गरियो। सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र सचिव जयन्ती स्पन्दनको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा मार्क्सवादी चिन्तक निनु चापागाईं प्रमुख अतिथि हुनुहुन्थ्यो भने अतिथिहरूमा विनोद मञ्जन, विधान आचार्य, डम्बर पहाडी, बेनीबहादुर थापा, महेश राज खरेल, लीलाराज दाहाल, सुरेन उप्रेती (विदेशबाट), रत्ननिधि रेग्मी, खेमराज निरौला, दिल पौडेल, डा.हरि सिलवाल, डा.कृष्ण सुवेदी (भारद्वाज मित्र)लगायतको उपस्थिति रहेको थियो।

'साहित्यमा अन्तरवस्तु र रूप' विषयमा निनु चापागाईंले विशद चर्चा गनुभएको थियो भने समारोहमा कविता वाचन गर्ने महेशराज खरेल, लीलाराज दाहाल, सुरेन उप्रेती, नवराज श्रेष्ठ, प्रलिसा अधिकारी, डम्बर पहाडी 'एलाक', रत्ननिधि रेग्मी, डा.मनोज जोशी, बेनीबहादुर थापा, मिसन अधिकारी, खेमराज निरौला, गोपाल नेपाल, दिल पौडेल, डा.हरिप्रसाद सिलवाल, बलराम विष्ट, विधान आचार्य, डा.कृष्ण सुवेदी (भारद्वाज मित्र), रीता अधिकारी, प्रशान्त खरेल, कुमार नेपाललगायत हुनुहुन्थ्यो भने विनोद मञ्जनले वाचित रचनामाथि टिप्पणी गर्नुभएको थियो।

ॐ हार्दिक श्रद्धाञ्जली ॐ

भक्तिप्रसाद पौडेल

निधन : ६ मङ्सिर २०८१

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

शब्द-संयोजन परिवार

ॐ हार्दिक श्रद्धाञ्जली ॐ

प्रकाशमणि दाहाल

निधनः १४ मङ्सिर २०८१

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

शब्द-संयोजन परिवार

'अविरल जनसाहित्य यात्रा-९४'मा प्रभाती किरणका गजल गुञ्जिए

मङ्सिर ८ गते राष्ट्रिय जनसांस्कृतिक महासङ्घको सभाकक्ष बागबजारमा राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले आयोजना गरिरहेको 'अविरल जनसाहित्य यात्रा'को ९४ औँ शृङ्खलामा प्रभाती किरणका गजल गुञ्जिए।

कवि डा.गोविन्दप्रसाद आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको अध्यक्षता राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालका अध्यक्ष राम विनयले गर्नुभएको थियो भने राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालकी सदस्य देबु लुइटेलले सञ्चालन गर्नुभएको थियो। उक्त समारोहमा नर्मदेश्वरी सत्याल, महेशराज खरेललगायत अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो।

अध्यक्ष राम विनयले कविनायकलाई माल्यार्पण गरी स्वागत गर्नुभएको थियो भने डा.हरिप्रसाद सिलवाललले कविनायकको परिचय दिनुभएको थियो।

प्रभाती किरणले कविता सिर्जनाको रचनागर्भका बारेमा जानकारी गराउँदै सातओटा गजल वाचन गर्नुभएको थियो। त्यसैगरी सहयोगी कविहरू ज्ञानु विद्रोहीले दुईवटा तथा कवि सुपुत्र पुस्कलले दुईवटा र केशव भट्टराईले एउटा गजल वाचन गर्नुभएको थियो भने वाचित गजलमाथि टिप्पणी डा.नारायण गैरेले गर्नुभएको थियो।

ॐ हार्दिक श्रद्धाञ्जली ॐ



पुरुषोत्तम शमशेर जबरा

जन्मः १५ चैत्र १९८२

निधनः २० मङ्सिर २०८१

कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

शब्द-संयोजन परिवार



कवि हुनु भनेको जिम्मेवार र सम्वेदनशील बन्नु पनि हो

❖ **प्रा. डा. रामप्रसाद ज्ञवाली**

चार दशकदेखि अविरल र अविश्रान्त यात्रा गरिरहेको, सामाजिक रूपान्तरणको अभियान सञ्चालन गरिरहेको साहित्य सन्ध्या पुरानो, आधिकारिक र क्रान्तिकारी संस्था हो । आजको यो ४५३ औं विशेष समारोहमा प्रगतिवादी, अध्यात्मप्रतिका, निराशा अभिव्यक्त भएका, प्रगतिशीलताविहीन गरी सबै खाले कविता वाचन गरिएका छन् । वाचित रचनामा विषयको विविधता भने रहेको छ। कवितामा निर्माण, सङ्कल्प र आशावादिताका कुरा पनि आएका छन्। हरेक स्रष्टाले अज्ञानताको सीमा हुँदैन भन्ने बुझ्नुपर्दछ । कविताका निश्चित तत्त्व हुन्छन् तर लय कविताको निजत्व हो। कवितामा शब्दको सौन्दर्य हुन्छ र मितव्ययी शब्द चयन गरिनु आवश्यक हुन्छ। विचार तथा भावना वा भावगाम्भीर्य वा थोरैमा धेरै भन्नसक्ने सामर्थ्य कवितामा हुनु आवश्यक छ । पाठकलाई भित्रसम्म पुग्नेगरी विचार सम्प्रेषण गर्ने र अनुभूतिको तरङ्ग पैदा गर्नसक्ने क्षमता कवितामा हुनुपर्दछ । आनन्द मात्र कविताको उद्देश्य हुनुहुन्न । स्रष्टाले सामूहिकतामा, एकतामा सौन्दर्य खोज्नुपर्छ । अर्थचमत्कार गर्ने शैलीको प्रयोग गरिनुपर्दछ । जबसम्म आलोचना सहन सक्तैन तबसम्म ऊ कवि हुनसक्तैन। कविले शब्दलाई खेलाएर चराले जस्तो गुण बनाउनुपर्दछ। नयाँ नयाँ विम्बको प्रयोग हुनु आवश्यक छ। प्रचलित विम्बको प्रयोग पनि समयसापेक्ष हुनु आवश्यक छ र विम्बको प्रयोगले नयाँपन ल्याउनु आवश्यक छ।

हरेक कुरामा राम्रा र नराम्रा पक्ष हुन्छन्। विरोध मात्रैले समस्याको समाधान गर्दैन । कविता लेख्दालेख्दै कवितामै कवि रूपान्तरण हुनसक्नुपर्छ। सानो त्याग, सङ्घर्ष र मिहिनेतले सफल कवि बन्नसकिँदैन । जीवनसँग जोडिएका अनुभूतिको सुन्दर संयोजन आफ्ना सिर्जनामा कविले गर्नसक्नुपर्दछ । कवि हुनु भनेको जिम्मेवार र सम्वेदनशील बन्नु पनि हो। कवि विशिष्ट व्यक्ति हो त्यसैले उसको विशिष्ट दायित्व पनि हुन्छ। कविले ढोँगी र पाखण्डी जीवन बाँच्नुहुँदैन। स्रष्टाले दिमाग र मन सफा गर्नु पनि आवश्यक छ र कविमा विनम्रता पनि आवश्यक हुन्छ । कविहरू स्वाभिमानी हुनु चाहिँ आवश्यक छ तर अभिमानी हुनुहुँदैन । कवि आफैंले आफ्नो मूल्याङ्कन गर्नु पनि आवश्यक छ। के लेख्दै छु र कसका लागि लेख्दै छु भन्ने कुराको हेक्का राखिनुपर्दछ । आजको यो विशेष समारोहमा वैचारिक बहस सुनियो, कविता सुनियो र आफ्ना धारणा पनि राख्ने अवसरले मलाई सुखानुभूति भएको छ।

-रमेश पोखरेल (प्रा.डा.रामप्रसाद ज्ञवालीले साहित्य सन्ध्याको ४५३ औं शृङ्खलामा व्यक्त गर्नुभएको धारणामा आधारित)